जान्दीनँ केहि पनि, छू बहुतै अनाथ
गर्छू प्रणाम पदमा निहुराइ माथ ।
माग्दीनँ केहि अरु भक्ति-सिवाय मैले
पाऊँ, प्रसन्न हुनुहोस ममाथि ऐह्ले ॥३८६॥
यस्तो सुनेर स्तुति भूपतिको प्रभूले
धारी चतुर्भुज स्वरूप त्यहीं खुशीले ।
प्रत्यक्ष दर्शन दिए नृप-सामु आई
ढोगे सहर्ष झुकि पाउ दुवै समाई ॥३८७॥
छन् शंख चक्र र गदा अरु पद्म सार
पीताम्बरादि अरु भूषण छन् अपार ।
यस्तो अलौकिक स्वरूप धरेर त्याहाँ
आज्ञा गरे खुशि भई निज भक्तमाहाँ ॥३८८॥
राजन् ! प्रसन्न म भएँ अब बात मान
खाऊ प्रसाद र लगाउ सबै समान ।
मिल्ला चतुर्भुज स्वरूप र मुक्ति पाई
वैकुण्ठमा गइ बसे बहुतै रमाई ॥३८९॥
गर्नू अनेक सुख-भोग त्यहाँ तिमीले
इन्द्रादिदेखि पनि क्यै कमि हुन्न कैह्ले ।
वैकुण्ठ जाउ तिमि दिव्य विमानमाहाँ
भक्ती गरे दिन-दिनै नभुलेर वाहाँ ॥३९०॥
अन्तर्धान भएर विष्णु सहसा ❀ जानूभएथ्यो जब
लागे नाच्न भई प्रसन्न सहसा ❀ जो-जो गएथे सब ।
पूजाको सबले प्रसाद प्रभुको ❀ बाँडेर खाए अनि
पाए श्रेष्ठ चतुर्भुजी स्वरुप त्यो ❀ श्री विष्णु जस्तै बनी ॥३९१॥

राजन् ! दिव्य विमान स्वर्गपुरिको ❀ आई, भयो हाजिर
धेरै रत्नहरू जडाउ सुनका ❀ त्यस्मा थिए सुन्दर ।
गर्ने गान मिलाइ तान सुमुखी ❀ धेरै थरी सुन्दरी
हाँक्थे चामर अप्सरागण पनी ❀ तिन्को गरी चाकरी ॥३९२॥
सक्थे पर्न कुनै मुनी ऋषि पनी ❀ हेरेर नै मोहित
राजा रानि दुवै बसीकन भए ❀ अत्यन्त नै शोभित ।
लाग्यो उड्न विमान वायु-गतिले ❀ वैकुण्ठ पुग्दो भयो
जो जो शेष थिए सबैकन पनी ❀ आएर फेरी लग्यो ॥३९३॥
मन्त्रीले सब यो यथाक्रम कथा ❀ शत्रुघ्नलाई भने
श्री वात्स्यायनले सबै शुभ कथा ❀ श्री शेषद्वारा सुने ।
घोडा उत्तम श्यामकर्ण सहसा ❀ बढ्दै अगाडी गयो
श्री शत्रुघ्न पनी उसै पछि-पछी ❀ चाँडो सवारी भयो ॥३९४॥
गंगा-सागर स्नान औ कपिलको ❀ गर्नूभयो दर्शन
पूजा गर्नुभयो प्रसन्न मनले ❀ भक्ती बढाईकन ।
श्री शत्रुघ्नजिले गरे कपिलको ❀ पूजा स्तुती प्रार्थना
आशीर्वाद दिए मुनी कपिलले ❀ पुग्ला सबै कामना ॥३९५॥

राजा सुबाहु र अन्यान्य राजाहरूको आख्यान

राजन् ! उत्तम श्यामकर्ण हय त्यो ❀ बढ्दै अगाडी गयो
श्री शत्रुघ्न-समेत सैनिक सबै ❀ त्यस्कै पछी दौडियो ।
मन्त्री पुष्कल वीर-वीर बलिया ❀ सेनापती जो थिए
तिन्का साथ समस्त सैनिक पनी ❀ तत्काल जाँदा भए ॥३९६॥

यौटा उत्तम जो थियो नगर त्यो ❀ सम्पूर्ण चक्राङ्कित
त्याहाँ भूप थिए सुबाहु, उनका ❀ छोरा दमन् शोभित ।
यौटा बाग थियो सुरम्य त्यहिँ नै ❀ उद्यान चारैतिर
सारा सैन्य पुग्यो त्यही स्थलमहाँ ❀ घोडा सहित् आखिर ॥३९७॥
खेल्थे त्यै वनमा शिकार् दमनजी ❀ घोडा त्यहीं देखियो
सुन्को पत्र निधारमा छ हयको ❀ शृंगारले पूर्ण त्यो ।
देखेखे हय त्यो जसै दमनले ❀ आश्चर्य मानीलिए
ल्याओ अश्व समाइ झट्ट चर हो ! ❀ भन्ने सुनाईदिए ॥३९८॥
ल्याएथे हय पक्रि दूतहरुले ❀ तिन्का अगाडी जब
हेरे पत्र पढे समस्त सुनको ❀ विस्तार जाने सब ।
राजा राम हुँदा सबै पृथिविका ❀ प्राणीहरू छन् सुखी
कोही छैन समस्त राज्यभरिमा ❀ संकष्ट भोग्ने दुखी ॥३९९॥
उन्ले गर्दछु अश्वमेध भनि यो ❀ छाडीदिएको हय
होला अश्व समाउने समरमा ❀ शत्रुघ्नद्वारा क्षय ।
त्यस्को हुन्छ भनेर जान्नु जनले ❀ योद्धा भए तापनि
तोड्नेछन् अभिमान वीरहरुले ❀ वैरी यही हो भनी ॥४००॥
जो पर्नेछ स्वयं झुकी शरणमा ❀ त्यस्लाइ माफी दिनन्
योद्धा पुष्कलले जिती समरमा ❀ घोडा फिराईलिनन् ।
यो देखेर ति राजपुत्र रिसले ❀ आगो सरीका भए
आफ्ना नेत्र घुमाइ सैन्यतिर नै ❀ तत्काल हेर्दै थिए ॥४०१॥
थाले गर्जन राम मात्र छ ठुलो ❀ क्वै छैन अर्को भनी
शेखी धेर भई गरेछ अभिमान् ❀ ऐह्ले घमण्डी बनी ।
यस्तो राम रहेछ, भाइहरु हो ! ❀ शत्रुघ्नका साथमा
ठूलो युद्ध गरी घमण्ड सहजै ❀ तोड्छू म संग्राममा ॥४०२॥

छन् ऐह्लेतक राज्यका अधिपती ❀ मेरा पिता जीवित
तिन्का सामु गरेर शेखि हय यो ❀ छाड्ने गरे हिम्मत ।
छाड्नेछू जब युद्धमा शरहरू ❀ पानी परेझैं छरी
जानेछन् सब सैन्य घोर रणमा ❀ शत्रुघ्नजीका मरी ॥४०३॥
रातो पुष्प हुने पलाश-रुख झैं ❀ शत्रुघ्न होलान् जब
पाई त्यो बलिदान योगिनिहरू ❀ सन्तुष्ट होलान् सब ।
सेनाको रणमा बगी रगतको ❀ जानेछ खोलो बनी
खाई गिद्ध र स्याल मांस खुशिले ❀ नाच्नन् भलो भो भनी ॥४०४॥
यस्ता बात कठोर उच्च स्वरमा ❀ बोले दमन्ले जब
बाँधीदेउ लगेर अस्तबलमा ❀ यो अश्व चाँडै अब ।
घोडा बाँधिदिए लगेर सबले ❀ आज्ञा गरे पालन
जो शस्त्रास्त्र थिए उपस्थित गरे ❀ तत्काल ल्याईकन ॥४०५॥
डाके शब्द गरी ठुलो बिगुलको ❀ आए सबै पल्टन
सेना-नायकलाइ आडर दिए ❀ संग्राममा लम्कन ।
श्री शत्रुघ्न लिएर सैनिकहरू ❀ संग्राममा आउनन्
घोडाको सबले मिली वरिपरी ❀ खोजी पनी गर्दछन् ॥४०६॥
यो आज्ञा सुनि वीर ती दमनको ❀ सेना तयारी गरी
आए लड्न ति राजपुत्र रणमा ❀ शस्त्रास्त्र ली बेसरी ।
पंक्ती-बद्ध भएर सैनिकहरू ❀ संग्रामको निम्तिमा
सारा शस्त्रहरू लिईकन डटे ❀ त्यो युद्धको भूमिमा ॥४०७॥
हे वात्स्यायन ! अश्व-रक्षकहरू ❀ सेना ति शत्रुघ्नका
खोज्दै आइपुगे नजानिकन नै ❀ रक्षार्थ त्यो अश्वका ।
खोजेथे तर क्यै मिलेन हयको ❀ पत्ता त्यसै कारण
दुःखी चित्त गरी बसेर मुखले ❀ बोल्थे ति नारायण ॥४०८॥

सेनाका सँग हिड्दथे नरपती ❀ यौटा प्रतापाग्र्य जो
तिन्ले देखिलिए सशस्त्र नगिचै ❀ धेरै थिए सैन्य त्यो ।
घोडा पक्रिलिएछ निश्चय पनी ❀ हाम्रो यही वीरले
भेजे दूत तुरुन्त बात हितको ❀ शिक्षा दिई भूपले ॥४०९॥
पौंची त्यो चरले भन्यो-दमनजी ❀ जुन् अश्व हो रामको
देख्यौ की तिमिले बताउ अथवा ❀ कस्ले कहाँ पक्रियो ।
थाहा कत्ति नपाइ यो विषयमा ❀ पक्री लियौ की भन
राखेको घरमा भए खुरु-खुरू ❀ ल्याऊ बुझाईदिन ॥४१०॥
दिन्नौ अश्व भने विचार गरिल्यौ ❀ शत्रुघ्न क्रोधित् भई
गर्नेछन् फजिती ठुलो समरमा ❀ सेना सबै मार्दिई ।
लैजानन् हय त्यो फुकाइ बलले ❀ को सक्छ रोकीलिन
रक्षा गर्न भनेर सैनिक पनी ❀ छन् साथमा कोटिन ॥४११॥
छाडीदेउ तुरुन्त अश्व खुशिले ❀ यो बात मेरो सुनी
मान्दैनौ हितका कुरा त पछितो ❀ पर्ला नराम्रो अनि ।
यस्ता बात सुनीसकेर चरको ❀ तिन्ले दिए उत्तर
पक्रेको हयलाइ राम्ररि चिह्नी ❀ भन्ने बुझे हे चर ! ॥४१२॥
बाँधेको छु लगेर अस्तबलमा ❀ तिम्रो भए तागत
लैजाऊ हय त्यो फुकाइ बलले ❀ फर्केर जाऊ न त ।
तिन्को त्यो अभिमान देखि चरले ❀ बोलेन क्यै तापनि
त्याहाँबाट गई प्रताप नृपती- ❀ लाई सुनायो अनि ॥४१३॥
त्यस्को बात सुनेर हाँक रणको ❀ रन्के प्रतापाग्र्य जी
राता नेत्र भए, फुरे दुइ भुजा ❀ दाह्रा किटे कट्कटी ।
निक्कै शेखि गरेछ त्यो दमनले ❀ त्यस्लाइ जित्छू अनि
त्यस्का सैनिक मार्दछू म सहजै ❀ कालाग्नि जस्तै बनी ॥४१४॥

ठूलो त्यो रथमा बसेर सुनको ❀ शस्त्रास्त्र राखी सब
गर्नू पर्छ लडाइँ हामि सबले ❀ उत्साह राखी अब ।
यस्ता बात भनेर साहस दिदै ❀ बढ्दै अगाड़ी गए
सेना ती चतुरंगिणी समरमा ❀ चारै दिशा फैलिए ॥४१५॥
लागे भन्न हियाउँदै दमनको ❀ शेखी उताछूँ भनी
तिन्का सामु पुगी प्रताप नृपती ❀ गर्जे रिसाई अनि ।
जानेरै भन श्यामकर्ण हय त्यो ❀ कुन् बुद्धिले पक्रियौ
कस्को पाइ सहायता भन तिमी ❀ संग्राममा तम्सियौ ॥४१६॥

छौ बालकै सहज राज-कुमार ऐह्ले
ठूलो पराक्रम छ युद्ध लड्यौ कि पैह्ले ।
शेखी गऱ्यौ अघि जती चरले सुनायो
त्यै बातले मकन युद्धविषे पठायो ॥४१७॥
राजा दुवै नयन झिम्म नपारी हेर्दै
टंकार श्रेष्ठ धनुको पनि खूब गर्दै ।
बढ्दै गए जब अगाडि प्रताप वीर
गर्जे निकै दमन वीर भई अधीर ॥४१८॥

राखेर अस्त्रहरु ती रथमा बसेर
संग्राम-खातिर हिडे नगरी अबेर ।
तिन्का पछी सब हिडे अति श्रेष्ठ वीर
सेनापती पनि थिए सब वीर-धीर ॥४१९॥
उफ्रन्छ सिंह मृग-फौजविषे जसोरी
त्यस्तै गरे दमनले सहसा अजोरी ।
सेना दुवै तरफका जब सामु आए
तीखा कुरा अनि परस्परमा सुनाए ॥४२०॥

हात्ती सवारसित हात्ति-सवार लड्थे
घोडा सवारसित अश्व-सवार भिड्थे ।
लड्थे रथीसँग रथी डटि सामुमाहाँ
भिड्थे ति पैदल पदाति डटेर त्याहाँ ॥४२१॥
संग्राम मच्चिन गयो सहसा अघोर
भाग्थे ति काँतर जती डरमा परेर ।
हात्ती र अश्व रथि पदैल सैन्य मर्दा
गिर्थे धमाधम ति शस्त्र प्रहार गर्दा ॥४२२॥
लौ काट मार खलको टुकुरा गराऊ
हानी गदा सहज खप्पर नै फुटाऊ ।
उम्केर जान्छ कि भनी करमा समाऊ
काटेर गर्दन छिटै जिमिमा ढलाऊ ॥४२३॥
यस्तै अनेक थरिका ध्वनि चल्न थाले
शस्त्रास्त्र ती घरि-घरी सब चम्कनाले ।
उद्दीप्त तेज रविको कछु मन्द भैगो
वैरी र मित्र पनि चिह्न कठिन् परीगो ॥४२४॥
खोलो बग्यो रगतको नदिकै समान
दिन्थे कती समरमा लडि ज्यान-मान ।
मिच्तै लगे दमनले रथ क्यै अगाडि
हट्तै गए अनि प्रताप स्वयं पछाडि ॥४२५॥
देखे जसै दमनलाइ रिसाइ भन्छन्
तेरो मलाइ सबले यमराज मान्छन् ।
हूँ काल-रूप बुझिले तँ स्वयं मलाई
उम्केर जान अब दिन्नँ बुझेस् तँलाई ॥४२६॥

श्री रामलाइ नचिह्नी किन शेखि गर्छस्
तेरो घमण्ड सब तोड्दछु आज मर्छस् ।
घोडा समाइकन जानि नजानि तैंले
डाकिस् विपत्ति किन बालक ! व्यर्थ ऐल्हे ॥४२७॥

मारे युद्ध गरेर घोर रणमा ❀ योद्धा ठुलो रावण
जस्को कीर्ति प्रताप फैलिन गयो ❀ संसारमा त्यै क्षण ।
बाटोमा जति भेटिए नृपहरू ❀ ठूलै भए तापनि
घोडा पक्रन, युद्ध गर्न पथमा ❀ आएन कोही पनि ॥४२८॥

तैंले आज गरिस् अनादर वृथा ❀ घोडा समाईकन
के हो नाम बता ? तँ दुष्ट रहिछस् ❀ भन्दै छ मेरो मन ।
घोडा मुक्त गरी म छू शरणमा ❀ माफी दिनूहोस् भनी
श्री शत्रुघ्नजिका परे चरणमा ❀ माफी दिनेछन् उनी ॥४२९॥

सानै बालक देख्दछू म कसरी ❀ तीखा चलाऊँ शर
मैले गर्छु क्षमा प्रसन्न मनले ❀ फर्केर जाऊ घर ।
यस्ता बात प्रतापको दमनले ❀ सुन्दा भएथे जब
लागे भन्न रिसाइ उच्च स्वरले ❀ गर्जेर साम्ने तब ॥४३०॥

मैले हैन नजानि अश्व अहिले ❀ पक्रीलिएको सुन
बाँधेको छु लगेर अस्तबलमा ❀ भन्ने मनैमा गुन ।
छोरो क्षत्रियको म वीरहरुमा ❀ छू श्रेष्ठ योद्धा पनि
भन्छौ बालकले लडाइँ कसरी ❀ गर्छस् तँ ऐल्हे भनी ॥४३१॥

राजाको सुत हूँ र खेल्न मनमा ❀ इच्छा हुनाले गरी
आएँ खेल्न भनी शिकार नरको ❀ संग्राममा यो घरि ।
स्वेच्छाले हय दिन्नँ यो तिमि बुझे ❀ कस्तै परे तापनि
लैजाऊ तिमि सक्तछौ यदि भने ❀ गर्जे रिसाई तिनी ॥४३२॥

येती बात सुनाइ उग्र रिसले ❀ छाडे अनेकौं शर
एकै बाण चलाइ ती शर सबै ❀ काटीदिए आखिर ।
काटे वाण भनी छिटै दमनले ❀ शेखी गरी बेसरी
छाडे मन्त्रित बाण एक धनुमा ❀ राखेर सोही घरि ॥४३३॥
गर्जी मेघ समान उच्च स्वरले ❀ आयो जसै बाण त्यो
आगो निस्कि यता-उता समरमा ❀ हा-हा गराईदियो ।
लागे मर्न डढेर सैनिक कती ❀ त्यै अग्निको तेजले
त्यो देखेर भए प्रताप नृपती ❀ आगो सरी क्रोधले ॥४३४॥

हे राज-पुत्र ! रणबाट नभागि ऐल्हे
रोकेस् प्रहार अब गर्दछु वाण मैले ।
येती भनेर दश बाण गरे प्रहार
लाग्यो गई दमनको तनमा अपार ॥४३५॥
हानीदिए दमनले सय बाण फेरि
लाग्यो गई तनभरी नगरेर देरी ।
फेरी प्रताप नृपले शर बार-बार
छोडे रिसाइ शर उत्तम तीन् हजार ॥४३६॥
तोडीदिए रथ र सारथिलाइ मारे
नौ बाण ती दमनका शिरमा बजारे ।
लागेर चोट ति गिरे रथबाट झट्ट
अर्को लिएर रथ फेरि डटे बिछट्ट ॥४३७॥

ताकी बाणहरू अनेक रिसले ❀ छाडीदिएथे जब
मार्‍यो अश्व र सारथी नृपतिको ❀ हाहा गरायो तब ।
छातीमा गइ एक बाण बलियो ❀ लाग्यो निकै वेगले
त्यो देखेर भए खुशी दमनजी ❀ त्यो जीतको हर्षले ॥४३८॥

लाग्यो बज्न मृदंग ढोल नगड़ा ❀ त्यो दिव्य शंख-ध्वनि
लागे हर्ष बढाइँ गर्न सबले ❀ भो जीत हाम्रो भनी ।
अर्को क्वै रथमा चढेर नृपती ❀ आए निकै वेगले
लागे गर्जन ती कठोर स्वरले ❀ आगो बनी क्रोधले ॥४३९॥
तँले शौर्य गरिस् ठुलो समरमा ❀ स्वाबास भन्छू अब
मेरो चोट पनी खपेर रहनू ❀ हे वीर ! तँले सब ।
छाडे बाण अनेक तीक्ष्ण नृपले ❀ चौतर्फ ढाकीदियो
संसारै सब अन्धकार हुनगो ❀ प्रत्यक्ष देखिन्नथ्यो ॥४४०॥
रोके वेग तुरुन्त नै दमनले ❀ छाडेर यौटा शर
सारा स्वच्छ भए दिशाहरु अनी ❀ फेरी भए तत्पर ।
लागे भन्न प्रताप भूपति निकै ❀ गम्भीर वाणी गरी
भाग्नेछस् रणबाट एक शरले ❀ भन्ने बुझेस् राम्ररी ॥४४१॥

येती भनेर नृपले शर एक ताने
ताकेर ती दमनलाइ तुरुन्त हाने ।
रोक्के गरे शर तिखो पथमै तिनीले
आयो तथापि शर त्यो सहसा बलैले ॥४४२॥
युक्ती गरी शर पनी सहसा दमन्ले
हाने रिसाइकन छातिविषे बलैले ।
लाग्यो गएर शर त्यो जब छातिमाहाँ
लोटे प्रताप नृपती त्यहिँ भूमिमाहाँ ॥४४३॥
राखेर झट्ट रथमा निज सारथीले
संग्राम-बाहिर लग्यो दगुराइ बेग्ले ।
शत्रुघ्नका समिपमा लगि राखिदीयो
तिन्लाइ देखिकन चित्त मलीन भैगो ॥४४४॥

संग्रामको स्थिति निकै विपरीत देखी
भागे बचाइकन जीवन त्यागि शेखी ।
हर्षित् भए दमनजी विजयी बनेर
पर्खे त्यहीं नजिक आउँछ को भनेर ॥४४५॥
राजा प्रतापकन घायल देखि ताहाँ
शत्रुघ्नको रिस चढ्यो सब देहमाहाँ ।
कुन् वीर हो भन अनादर आज गर्ने
वेला भएछ बुझियो अब शीघ्र मर्ने ॥४४६॥
घोडा समाइ किन येसरि उम्लियो यो
चाँडो बताउ सबले अब वीर जो हो ।
राता भए नयन ती रिसले गरेर
बिन्ती गऱ्यो चर अघी सरि उत्लिखेर ॥४४७॥
योद्धा कोहि सुबाहु नाम नृपती ❀ ठूला रहेछन् यहाँ
तिन्कै पुत्र दमन् रहेछ उसले ❀ संग्राम-भूमीमहाँ ।
मूर्च्छा पारिदियो प्रताप नृपती- ❀ लाई निकै गर्जियो
घोडा बाँधिरहेछ अस्तबलमा ❀ संग्राममा नै छ त्यो ॥४४८॥
यस्तो बिन्ति सुनीसकेर चरको ❀ झन् क्रोध बढ्दै गयो
श्री शत्रुघ्न लिएर सैनिक निकै ❀ तत्काल पाल्नूभयो ।
हात्ती अश्व-सवार पैदल रथी ❀ देखी सबै सोतर
धेरै वीरहरू मरे समरमा ❀ लागेर तीखा शर ॥४४९॥
खोलो बग्न गयो ठुलो रगतको ❀ चौतर्फ हा-हा थियो
धेरै सैन्य लिई स्वयं दमनले ❀ त्यो दुःस्थिती पार्दियो ।
सोधे सैन्यहरू सबैसित त्यहाँ ❀ गर्जेर शत्रुघ्नले
बिन्ती पुष्कलले गरे नगिच गै ❀ अत्यन्त उत्साहले ॥४५०॥

जित्लेछू म गई छिटै दमनको ❀ तोड्छू म शेखी पनि
त्यस्लाई नजिती म फिर्दिन यहाँ ❀ हे नाथ ! हारें भनी ।
यस्ता पुष्कलका कुरा सुनिसकी ❀ शत्रुघ्न खूशी भए
तिम्रो जीत हुनेछ निश्चय भनी ❀ आशीष धेरै दिए ॥४५१॥
योद्धा पुष्कल लम्किए रथ चढी ❀ संग्राम-भूमीतिर
तिन्का साथ अनेक सैनिक गए ❀ संग्रामका खातिर ।
आए लड्न भनी स्वयं दमनजी ❀ पर्खीरहेकै थिए
आँखा लाल थिए ति वीरहरुका ❀ तत्काल रोकीलिए ॥४५२॥
बोले पुष्कल-पुत्र हूँ भरतको ❀ हूँ दास श्रीरामको
तेरो शेखि म तोड्दछू समरमा ❀ जानीलिनू बात यो ।
आएँ लड्न भनी म हे दमन यो ❀ संग्रममा तैंसित
राखी धैर्य खडा रहेस् समरमा ❀ आफ्नू चिताई हित ॥४५३॥
मैले यो रणमा तँलाइ नजिती ❀ फर्कन्नँ भन्ने पनि
तेरै सामु म गर्दछू प्रण अनी ❀ बोल्दीनँ मिथ्या भनी ।
तिन्को हाँक सुनीसकी दमनले ❀ अत्यन्त क्रोधित् भई
लागे भन्न गरी घमण्ड बहुतै ❀ केही नगीचै गई ॥४५४॥
छोरो हूँ म सुबाहु वीर नृपको ❀ हो नाम मेरो दमन्
तेरा साथ लडाइँ गर्दछु डटी ❀ भाग्दीनँ भन्छू म झन् ।
तैंले जित्छु भनिस् मलाइ रणमा ❀ बोल्नू अहंकार हो
मैले जित्छु बरू तँलाइ सहजै ❀ भन्ने कुरा सत्य हो ॥४५५॥
यस्तै खूब गरी विवाद रिसले ❀ छाडीदिएथे शर
लाग्यो घुम्न गराइ विह्वल सबै ❀ त्यो बाण चारैतिर ।
पाऱ्यो पुष्कललाइ व्याकुल निकै ❀ सेनाहरूमा पनि
धेरै नाश गऱ्यो चतुर्दिक त्यहाँ ❀ हा-हा गरायो अनि ॥४५६॥

गर्जे पुष्कल अग्निबाण सहसा ❀ छाडेर चर्को अति
हा-हाकार परी गिरे कति मरी ❀ भागे डराई कति ।
काटीए कति बाहु पाउ शिर नै ❀ गिर्दै गएथे कति
भागे प्राण लिई कती समरमै ❀ हेर्थे कती दुर्गति ॥४५७॥
देखी दुःस्थिति युद्धको दमनले ❀ क्यै बेर चिन्ता परी
छाडे उत्तम वारुणास्त्र रिसले ❀ मन्त्रेर सोही घरि ।
पानी पर्न गयो तुरुन्त रणमा ❀ आगो सबै शान्त भो
धैरै पानि परेर सैन्य दलमा ❀ हा-हा गराईदियो ॥४५८॥
थाले डुब्न कती अगाध जलमा ❀ धैरै भए आकुल
लागे भाग्न कती र भाग्न नसकी ❀ सेना भए व्याकुल ।
आफ्ना सैनिकको ठुलो समरमा ❀ देखी नराम्रो स्थिति
बारम्बार गरे विचार मनमा ❀ हाम्रो ठुलो भो खति ॥४५९॥
वायव्यास्त्र गरे प्रहार रणमा ❀ योद्धा दमन्ले अनि
ठूलो आँधि चलेर बादल हटे ❀ चौतर्फ टुक्रा बनी ।
पानी बन्द भई हुरी शुरु भयो ❀ निक्कै ठुलो वेगले
लागे जुझ्न अनेक वाहनहरू ❀ त्यै वायुका झोकले ॥४६०॥
सेना गिर्न गए कती दमनका ❀ मूर्च्छा परी घोप्टिए
लागे उड्न घुमेर फन्फनि कती ❀ तत्काल पच्छारिए ।
देखी दुःस्थिति सैन्यको दमनले ❀ त्यो पर्वतास्त्रै लिए
त्यस्लाई पढि मन्त्र त्यै बखतमा ❀ सानन्द छाडीदिए ॥४६१॥
लागे गिर्न अनेक पर्वतहरू ❀ ढुङ्गा र मूढा लिई
सेनालाइ थिच्यो त्यहीं कति कहीं ❀ भागै नसक्ने भई ।
त्यस्को मार्जन गर्न पुष्कल पनी ❀ जान्ने हुनाले गरी
छाडे मन्त्रित शत्रुका उपरमा ❀ वज्रास्त्र सोही घरि ॥४६२॥

धूलो पर्वतको भयो, दमनको ❀ लाग्दो भयो वक्षमा
ठूलो चोट परी ढले ति रथमै ❀ मूर्च्छा भई युद्धमा ।
हाँक्यो सारथिले घुमाइ रथ त्यो ❀ संग्रामको बाहिर
उन्का बाबु सुबाहुको हजुरमा ❀ राखीदियो सादर ॥४६३॥
भागे सैन्यहरू डरी जति थिए ❀ आफ्नू सुरक्षा गरी
मन्त्री आदि गई कहे समरको ❀ त्यो दुःस्थिती राम्ररी ।
हाम्रो जीत भयो भनी खुशि भए ❀ सेना-सहित् पुष्कल
जै-जैकार गरे प्रसन्न मनले ❀ गर्दै ठुलो खल्बल ॥४६४॥
पाए सुन्न सुबाहुले समरको ❀ सम्चार सारा जब
साह्रै चित्त दुख्यो, उठ्यो रिस पनी ❀ लड्छू म आफै अब ।
आऊन् शंकर नै सहायक भई ❀ संग्राममा तैपनि
खोज्छू दुःख दिने दमन्कन कता ❀ छौ वीर योद्धा भनी ॥४६५॥
सेना वाहन अस्त्र-शस्त्र रथमा ❀ राखी तयारी गरी
जान्छू लड्न भनेर तत्पर भए ❀ भूपाल सोही घरि ।
पैह्ले भेट्न गए दमन्कन जहाँ ❀ मूर्च्छा परेका थिए
देखी हालत पुत्रको मनमनै ❀ दुःखी र क्रोधित् भए ॥४६६॥
छर्केथे अनुहारमा जल लिई ❀ हम्कीदिए वस्त्रले
आयो चेत फिरी अनी दमनले ❀ बोल्दा भए कष्टले ।
मैले यत्न गरें अनेक रणमा ❀ जाने-बुझेको जति
लाग्यो वाण गिरें, अचेत म भएँ ❀ साह्रै भयो दुर्गति ॥४६७॥
गर्थे बात यता पिता-सुत दुवै ❀ दुःखी भए तापनि
भाई आइपुगे दुवै दमनका ❀ साहायकर्ता बनी ।
साजी सैन्य र अस्त्र-शस्त्र रणको ❀ सारा तयारी गरी
आए लड्न सुबाहु नै समरमा ❀ जित्ले इरादा धरी ॥४६८॥

हे वात्स्यायन ! क्रौञ्चव्यूह रचना ❀ गर्दा भए भूपले
रक्षा गर्न भनी सबैतिर डटे ❀ सेनाहरू यत्नले ।
देखे सैन्य ठुलो तयार रणमा ❀ शत्रुघ्नजीले जब
सोधे विज्ञ सुमन्त्रलाइ-भन यो ❀ को हो ? मलाई अब ॥४६९॥
मन्त्रीले सुनि बात सोचि मनमा ❀ यस्तो दिए उत्तर
आए लड्न भनी सुबाहु रणमा ❀ सेना लिई दुर्धर ।
यिन्को हो नगरी सबै तरहले ❀ सम्पन्न चक्रांकित
छोरा नाति लिएर लड्न अहिले ❀ आए यि हामीसित ॥४७०॥
हेर्दैनन् परदार-तर्फ कहिल्यै ❀ वृत्ती हुँदा सात्त्विक
यिन्का रैति प्रसन्न छन् नगरमा ❀ डुल्छन् बनी रक्षक ।
गाई ब्राह्मण देव-पूजक यिनी ❀ आनन्द मानीकन
सुन्छन् नित्य कथा-पुराण हरिका ❀ सद्धर्मको चिन्तन ॥४७१॥
मूर्च्छा पर्न गएर पुत्र यि स्वयं ❀ आए अगाडी सरी
आफ्ना वीर अनेक सैन्य रणमा ❀ डाक्नूहवस् यो घरि ।
मन्त्रीको सुनि ती कुरा मनमनै ❀ सोचेर शत्रुघ्नले
डाकी सैन्य प्रधान वीर रणमा ❀ आज्ञा दिए गर्वले ॥४७२॥
हे सेनापति ! वीर हो ! नरपती ❀ छन् जो सुबाहू यहाँ
तिन्का साथ लडाइँ गर्न रणमा ❀ को सक्तछौ छिन्महाँ ।
यस्ता बात सुनेर लक्ष्मिनिधि जो ❀ राजा प्रतापी थिए
तिन्ले लड्छु भनी स्वयं अघि सरी ❀ गर्जेर भन्दा भए ॥४७३॥
यस्ता बात सुनेर लक्ष्मिनिधिको ❀ शत्रुघ्न हर्षित् भए
तिन्का रक्षक-रूप चार बलवान् ❀ योद्धा खटाईदिए ।
तिम्मा पुष्कल नीलरत्न नृपती ❀ उग्राश्व योद्धा अनि
चौथा हुन् ति प्रताप श्रेष्ठ सबमा ❀ मान्थे यिनै हुन् भनी ॥४७४॥

योद्धा लक्ष्मिनिधी चढेर रथमा ❀ प्रस्थान गर्दा भए
तिन्का साथ हिडे सबै सलह झैं ❀ सेनाहरू दौडिए ।
ती लक्ष्मीनिधिले सुबाहु नृपको ❀ देखे जसै व्यूह त्यो
हेर्थे छक्क परेर केहि भयको ❀ संचार झैं देखियो ॥४७५॥
बाजा झट्ट बजाउनू समरको ❀ भन्ने सुनाईदिए
थाले बज्न मृदंग ढोल नगरा ❀ सेनाहरू तम्सिए ।
त्यो चर्को स्वरले दिशा र पृथिवी ❀ आकाश ढाकीदियो
भागे काँतर, वीर-धीर सबमा ❀ उत्साह बढ्दै गयो ॥४७६॥
मैंरे जीत हुनेछ निश्चय भनी ❀ इच्छा दुवै गर्दथे
गर्जेरै अरि-तर्फका सकलको ❀ उत्साह ती हर्दथे ।
हात्तीका अनि अश्वका र रथका ❀ पांग्राहरूको ध्वनि
एकै-साथ भएर थर्कन गयो ❀ आकाश पृथ्वी पनि ॥४७७॥
लम्कीदै नगिचै दुवै तरफका ❀ सेना भए जम्जम
राखी बाण थरी-थरी धनुषमा ❀ हिड्दा भए सम्सम ।
राजा एक थिए सुबाहु-तिरका ❀ योद्धा सुकेतू भनी
आए लड्न भनी अगाडि सँगमा ❀ सेना बटुल्दै तिनी ॥४७८॥
श्रीलक्ष्मीनिधिले सुकेतुकन ती ❀ देखे नगीचै जब
लागे गर्व गरेर भन्न सुनिल्यौ ❀ मैले भनेको अब ।
हे लक्ष्मीनिधि ! नाम श्रीसुजनको ❀ छोरो प्रतापी म हुँ
तिम्रो नाश हुनेछ आज रणमा ❀ धेरै बढ़ी के कहुँ ॥४७९॥
जाऊ अश्व लिई छिटै शरणमा ❀ शत्रुघ्नजीको पर
गर्नेछन् खुशिले क्षमा शरणमा ❀ आयो भनी सादर ।
मेरो बात नमानि युद्धतिर नै ❀ हे वीर लम्क्यौ भने
तिम्रो मृत्यु हुनेछ एक शरले ❀ मिल्दैन मौका रुने ॥४८०॥

तिन्को हाँक सुनी सुकेतु नृपले ❀ हेलाँ गरी बेसरी
टङ्कारे धनुको कठोर ध्वनिले ❀ सेना गएथे डरी ।
ढाक्थ्यो जब अन्धकार बलियो ❀ फैलेर चारैतिर
पाऱ्यो व्याकुल सैन्यलाइ दिनमै ❀ भो रात्रि झैं आखिर ॥४८१॥
श्रीलक्ष्मीनिधिले तुरुन्त शर नौ ❀ मन्त्रेर छाडीदिए
लागे बाण सुकेतुको हृदयमा ❀ क्यै बेर ती आत्तिए ।
बारम्बार गरी प्रहार यसरी ❀ योद्धा दुवै लड्दथे
धेरै सैन्यहरू चतुर्दिक उभी ❀ स्याबास हो भन्दथे ॥४८२॥
श्री लक्ष्मीनिधिले तिखा शर लिई ❀ जुन् चार छाडीदिए
तिन्ले सारथि अश्व औ रथ ध्वजा ❀ टुक्रा अनेकौं भए ।
हाम्फाली रथबाट झट्ट करमा ❀ ठूलो गदा पक्रिए
ती लक्ष्मीनिधिले पनी रथ त्यजी ❀ पक्री गदा गर्जिए ॥४८३॥
हानाहान गरे परस्पर गदा ❀ ताकेर मार्छू भनी
लागी चोट अनेक अंगभरिमा ❀ घाऊ भए तापनि ।
किञ्चित् कोहि डरेन ती स्थिर रहे ❀ यस्लाइ मार्छू भनी
तिन्को निर्णय क्यै भएन यसरी ❀ संग्राम गर्दा पनि ॥४८४॥
लड्दा यै रितले सुकेतु विरको ❀ धूलो भएथ्यो गदा
बाहूयुद्ध गरौं भनी अघि सरे ❀ ती एकनासे हुँदा ।
खुट्टाले अनि मुड्किले घरि-घरी ❀ हान्थे पछारौं भनी
दोटे वीर थिए समान बलका ❀ योद्धा प्रतापी पनि ॥४८५॥
हेर्थे अद्भुत युद्ध देवगणले ❀ सानन्द आकाशमा
कोही बोल्न सकेन वीर दुइको ❀ त्यो श्रेष्ठ संग्राममा ।
तिन्को हार भयो न जीत, त्यसरी ❀ संग्राम गर्दा पनि
स्याबासी सबले दिए खुशि भई ❀ हुन् श्रेष्ठ योद्धा भनी ॥४८६॥

आए पुत्र सुबाहुका अघि सरी ❀ चित्रांग योद्धा जब
हा-हा पारिदिए ति फौज-बिचमा ❀ शत्रुघ्नजीका सब ।
योद्धा पुष्कल लड्न तत्पर भए ❀ चित्रांगका साथमा
हानाहान गरे परस्पर निकै ❀ गर्जेर संग्राममा ॥४८७॥
छाडे सम्भ्रम बाण पुष्कलजिले ❀ ताकेर लाग्ने गरी
थाले फन्फनि घुम्न ती रथसहित् ❀ चित्रांगजी बेसरी ।
रोक्ने यत्न गरे तथापि नसकी ❀ घुम्दै रहे आखिर
केही बेर अडेर भूमितलमा ❀ पच्छारिएथे तर ॥४८८॥
साटो फेर्न भनेर सम्भ्रम लिए ❀ मन्त्रेर तीखो शर
हाने पुष्कललाइ लक्षित गरी ❀ लाग्यो गई आखिर ।
लाग्यो घुम्न विमान वाहन-सहित् ❀ आकाशमा फन्फनी
तिन्ले यत्न गरे अनेक विधिले ❀ यस्लाइ रोकौं भनी ॥४८९॥
निक्कै बेरपछी गिच्यो पृथिविमा ❀ पच्छारिए पुष्कल
केही बेर गरे विचार, पसिना ❀ आयो निकै खल्खल ।
हानेथे जब पाँच बाण रिसले ❀ चित्रांगलाई अनि
मारे अश्व र सारथी रथ ध्वजा ❀ जालास् कहाँ लौ भनी ॥४९०॥
अर्को नै रथमा चढी समरमा ❀ चित्रांग पुग्दा भए
हानेथे दश बाण, पुष्कल पनी ❀ लागेर त्यो आत्तिए ।
हाने पुष्कलले पनी शर तिखा ❀ छानेर धैरै जब
मूर्च्छा पर्न गई ढले पृथिविमा ❀ चित्रांग योद्धा तब ॥४९१॥
आयो चेत अनी उठेर रिसले ❀ नौ बाण छोडीदिए
त्यस्को चोट खपेर पुष्कल निकै ❀ संग्राममा गर्जिए ।
संझीदै रघुनाथलाइ मनले ❀ मार्ने इरादा गरी
हाने अग्नि-शिखा समान शरले ❀ मंत्रित् गरी राम्ररी ॥४९२॥

रोक्ने यत्न गरे अनेक बिचमै ❀ चित्रांगजीले तर
तीखा बाण दुवै परस्पर जुझे ❀ आकाशमा आखिर ।
हेर्थे छक्क परी बसेर रथमा ❀ गन्धर्व विद्याधर
सारा देवहरू तथा अरु पनी ❀ जो-जो थिए लश्कर ॥४९३॥
श्रीचित्रांगदले ति पुष्कलजिको ❀ टुक्रा तुल्याए शर
त्यो आधा शरले गई गिडिदियो ❀ चित्रांगजीको शिर ।
मुर्दा देह ढल्यो जसै पृथिविमा ❀ हा-हा गरांईदियो
बाँचेका जति सैन्य हुन् सकल ती ❀ तत्काल भागीगयो ॥४९४॥

चित्रांगको मरण त्यो रणभूमिमाहाँ
सुन्दा भए जब सुबाहु पुगेर ताहाँ ।
आँसू बगाइ ति विलाप गरेर रुन्थे
'बाबू ! गयौ तिमि कता !' यहि बात भन्थे ॥४९५॥
गर्थे पिता बसि विलाप जहाँ अघोर
आईपुगे दमनजी त्यहिं उत्तिखेर ।
बिन्ती गरे किन पिता ! अब शोक गर्ने ?
हो देह नश्वर कुनै दिन मर्नुपर्ने ॥४९६॥
भाई रहेछ अति उत्तम भाग्यमानी
त्यागीदियो समरमा तन क्यै नमानी ।
यौटै कुरा सकल शास्त्र पुराण भन्छन्
संग्राममा तन त्यजी सुरलोक पुग्छन् ॥४९७॥
लड्छन् दुवै थरि म जित्छु स्वयं भनेर
भन्दैन कोहि पनि हार्छु भनी लडेर ।
चल्दै रहन्छ रणको क्रम हार-जीत
यस्मा दुखाउनु वृथा छ म भन्छु चित्त ॥४९८॥

संग्राममा विजय के गरि मिल्छ भन्ने
आईपऱ्यो बखत चिन्तन खूब गर्ने ।
साटो म फेर्दछु अवश्य ति शत्रु मारी
छाड्दीनँ यै समरमा नगरी तयारी ॥४९९॥
उत्साहको यति कुरा सुतको सुनेर
खूशी भए नृपति चिन्तनमा डुबेर ।
जम्मा गरी थरि-थरी बलवान वीर
सेना सुसज्जित गरे बनि खूब धीर ॥५००॥
संग्रामतर्फ नृपको रथ बढ्न थाल्यो
सेना पनी उदधि झैं सब उर्लिहाल्यो ।
घोडा सवार-सित अश्व-सवार लड्थे
हात्ती सवार-सित हात्ति-सवार भिड्थे ॥५०१॥
योद्धा रथीसित भिडे रथमा सवार
लड्थे पदाति सब पैदल श्रेष्ठ वीर ।
जोडी मिलाइ रणमा सब लड्न थाले
हो धर्म-युद्ध यहि नै सब भन्न लागे ॥५०२॥
जोडी मिलाइ ति परस्पर युद्ध गर्थे
आकाशमा सुरहरू बसि खूब हेर्थे ।
योद्धा सुबाहु रणमा बहुतै रिसाई
गर्जे लिएर करमा निज शस्त्रलाई ॥५०३॥
मारे सुपुत्र भनि ईख थियो मनैमा
शत्रुघ्नको नगिच पुग्न गए छिनैमा ।
उन्का सुरक्षक थिए हनुमान ताहाँ
तोड्छू म दर्प नृपको रणभूमिमाहाँ ॥५०४॥

गर्जे कठोर ध्वनिले हनुमान वीर
थर्क्यो जमीन सब सैन्य भए अधीर ।
राता थिए नयन क्रोध बढेर धेर
पौंचे सुबाहु नृपको नगिचै डटेर ॥५०५॥
ठाडो तुल्याइ निज-पुच्छर लट्टि जस्तो
देखे खडा विकट रूप विचित्र त्यस्तो ।
आइस् तँ वानर यहाँ किन प्राण त्याग्न
भागी बचा अब तँ निश्चय आफ्नु ज्यान ॥५०६॥
मेरो सुपुत्रकन मारिदिने छ काहाँ
त्यस्को बता मकन नाम र धाम याहाँ ।
हो राम को ? डर म मान्दिनँ केहि उस्को
के मान्दथें भय म यी भुसुनाहरूको ॥५०७॥
आएँ काल-स्वरूप यो समरमा ❀ संहार गर्छू अब
कोही शेष रहन्न आज भुसुना ❀ झैं मारिइन्छन् सब ।
शेखी-युक्त कुरा सुबाहु नृपको ❀ यस्तो सुनेथे जब
लागे भन्न बुझाइ वीर हनुमान् ❀ जे सत्य हो त्यै सब ॥५०८॥
राजा होस्, तर भन्छु मूर्ख अरु को ❀ होला तिनै लोकमा
तैंले झैं रघुनाथको गरिलिने ❀ निन्दा अति व्यर्थमा ।
भाई हुन् प्रभु रामका ति यहिँ छन् ❀ शत्रुघ्नजी नाम हो
यस्ता हुन् भनि क्यै नजानि तिमि झैं ❀ निन्दा कहाँ गर्छ को? ॥५०९॥
साक्षात् राम अनन्त ईश्वर भनी ❀ कीर्ती सबै गाउँछन्
हुन्छन् जीवनमा सुखी कति मरी ❀ वैकुण्ठ भेट्टाउँछन् ।
त्यस्ता ईश्वरको नजानि महिमा ❀ होच्याइ बोल्छस् किन ?
उन्को नाम जपी अनेक भवका ❀ पापी तरे दुर्जन ॥५१०॥

मै हूँ सेवक रामको र बलवान् ❀ शत्रुघ्नजीको पनि
मैले जिल्छु तँलाइ यै सगरमा ❀ के काम आउन् उनी ।
जस्ले सिन्धु तरेर वंश-सहितै ❀ मारीदिए रावण
त्यस्ताको भय छैन भन्नु यसरी ❀ हो मूर्खता दुर्गुण ॥५११॥

सुनी यस्ता तीखा वचन हनुमान्का नृपतिले
रिसाई हानेथे शर दश तिखा तीव्र बलले ।
समाई भाँचेथे पवन-सुतले ती शरहरू
अनी गर्जे चर्को स्वर गरि उतर्से जनहरू ॥५१२॥
अनी बेहे राजा रथसहित लामू पुछरले
छिटै फ्याँके माथी गगन-बिच घुम्दै नृपतिले ।
डराई हानेथे शर जब तिखा त्यै पुछरमा
घुमाई छाडेथे अनि नृपति आए पृथिविमा ॥५१३॥
रिसाई राजाले पवन-सुतलाई शर जति
जती हान्थे पक्री शर विफल पार्थे उति-उति ।
गई लाग्यो यौटा शर जब तिखो घाउ गरने
अनी हाने लात्ती पवन-सुतले तेज हरने ॥५१४॥

लागेथ्यो हनुमानको अति कडा ❀ लात्ती सुबाहूकन
मूर्च्छा पर्न गई ढले पृथिविमा ❀ तत्काल ती सज्जन ।
भागे सैन्य सबै डराइ नृपका ❀ आफ्नू लिई जीवन
लोटे सैन्य अनेक भाग्न नसकी ❀ घोप्टेर थाले रुन ॥५१५॥
त्यै वेला सहसा पुगे दमनजी ❀ रक्षार्थ ती सैन्यको
फर्केनन् तर क्वै पनी समरमा ❀ सातो गयो वीरको ।
मूर्च्छामै सपना सुबाहु नृपले ❀ देखे विचित्रै अनि
थाले गर्न विचार ती मनमनै ❀ यो के भएको भनी ॥५१६॥

यस्तै तर्कहरू गरी समरको ❀ सारा कुरा बिर्सिए
धेरै सैन्यहरू लिएर सँगमा ❀ प्रस्थान गर्दा भए ।
श्रीशत्रुघ्नकहाँ पुगी चरणमा ❀ ढोगीदिए सादर
बारम्बार भने विनम्र स्वरमा ❀ माफी दिनोस् ईश्वर ॥५१७॥
सामुन्ने गइ भाइको दमनको ❀ भन्दा भए यो कुरा
मैले बल्ल चिह्नँ उनै रघुपती ❀ श्रीराम भन्ने पुरा ।
यी शत्रुघ्न पनी उनै प्रभुजिका ❀ भाई हुनाले गरी
उस्तै ईश्वर हुन् म पर्छु पदमा ❀ गर्नोस् क्षमा हे हरि ॥५१८॥
ल्याओ अश्व छिटै विलम्ब नगरी ❀ जिम्मा लगाऊँ अनि
ल्याओ झट्ट असंख्य सम्पति पनी ❀ कर्तव्य आफ्नू भनी ।
यो आज्ञा सुनि ती सुबाहु नृपको ❀ छोरा र भाई गई
पारे ठिक्क सबै सिंगारि पुरमा ❀ आफै उपस्थित् भई ॥५१९॥
दासी-दास प्रशस्त सम्पति लिई ❀ सेनाहरू साथमा
जाऊँ लौ रघुनाथको हय लिई ❀ शत्रुघ्नको पासमा ।
हो घोडा हयमेधको फल दिने ❀ राम्रो, त्यसै कारण
यस्को हामि गरौं सबै जन मिली ❀ राम्रो गरी पूजन ॥५२०॥
बत्ती धूप गरी, छरी अबिर झन् ❀ बाटोभरी उत्सव
ल्याए अश्व समाति सैन्य-दलले ❀ जैकार गर्दै तब ।
रोकी युद्ध तुरुन्त सम्पति लिई ❀ घोडा डुऱ्याईकन
श्रीशत्रुघ्नकहाँ पुगे नरपती ❀ हर्षित् भएथ्यो मन ॥५२१॥
राखे पाउमहाँ लगे-जति सबै ❀ सम्पत्ति भूपालले
ढोगी 'माफ दिनोस् गरे जति सबै ❀ उत्पातको नाथले'।
छोरो बालक नै छ जान्न नसकी ❀ मैले गरें युद्ध जो
त्यस्को निम्ति क्षमा म माग्दछु परी ❀ पाऊविषे हे प्रभो ! ॥५२२॥

पैह्ले श्राप हुँदा अनादर गरें ❀ हो श्रापकै दोष त्यो
बारम्बार प्रणाम गर्छु पदमा ❀ पाऊँ क्षमा हे विभो ।
मान्छू धन्य म धन्य-धन्य हनुमान् ❀ हानीदिया लात जो
पाएँ मुक्ति र श्रापबाट प्रभुको ❀ त्यो सम्झना फर्कियो ॥५२३॥
साह्रै व्याकुल छू म यो बखतमा ❀ श्रीरामको दर्शन
कैह्ले मिल्छ मलाइ चिन्तन पनी ❀ गर्छू म यै छिन्-छिन ।
बिन्ती पाउ परी झुकी चरणमा ❀ लत्रे सुबाहू जब
गर्नूभो खुशिले क्षमा, जति भयो ❀ शत्रुघ्नले त्यो सब ॥५२४॥
पायो श्राप र ज्ञान प्राप्त हुनको ❀ त्यै मुख्य हो कारण
लैजाऊ तिमि बाँड्नु दीन-जनमा ❀ ल्याए-जती यो धन ।
छोरालाइ दिएर राज्य सब यो ❀ शंका नमानीकन
जाऊँ उत्तम अश्व-रक्षक बनी ❀ हामी सँगै सज्जन ! ॥५२५॥
त्यो स्वीकार गरे सुबाहु नृपले ❀ जान्छू म साथै भनी
सम्झीदै रघुनाथलाइ मनले ❀ आफू तपस्वी बनी ।
सारा सैन्यहरू हिडे हय-सँगै ❀ पूरा तयारी गरी
हात्तीमा रथमा र अश्वहरुमा ❀ हिड्दा भए त्यै घरि ॥५२६॥
घोडा जान्छ जता, जतातिर उतै ❀ जानू सबै रक्षक
बाधा पर्न दिनू हुँदैन पथमा ❀ साना र ठूलातक ।
घोडा उत्तम अश्वमेध मखको ❀ बढ्दै अगाडी गयो
त्यस्को रक्षक रूपमा थरि-थरी ❀ सेना पनी लम्कियो ॥५२७॥
जो-जो देश परे नरेश-बिचमा ❀ न्यूरेर पाऊ परी
रक्षा गर्नुहवस् भनी शरणमा ❀ पर्थे झुकी त्यै घरि ।
राखे सम्पति ल्याइ भूपहरुले ❀ शत्रुघ्नजीले पनि
फिर्ता त्यो सब गर्दथें, धन लगी ❀ बाँड्नू दुखीमा भनी ॥५२८॥

डुल्दै अश्व पुग्यो र तेजपुरमा ❀ देखी त्यहाँ वैभव
हेर्थे छक्क परी सबै वरिपरी ❀ आश्चर्य मान्थे सब ।
सोधे झट्ट सुमन्त्रलाइ नगिचै ❀ डाकेर शत्रुघ्नले
को हो रक्षक यो सुरम्य पुरिको ❀ एकेक विस्तारले ॥५२९॥
इच्छा गर्दछु जान्न यो विषयमा ❀ देख्छू पुरी सुन्दर
डुल्दै छन् पुरमा अनेक सुमुखी ❀ सानन्द चारैतिर ।
गर्छन् प्रश्न सुनी सुमन्त्र पुरको ❀ विस्तारले वर्णन
बस्छन् धार्मिक सत्यवान कहिने ❀ राजा यहाँ सज्जन ॥५३०॥
गर्छन् पालन धर्मको सब प्रजा ❀ क्वै छैन दुःखी जन
दिन्छन् ती सब धर्म पालन गरी ❀ श्रीराममा नै मन ।
यिन्का योग्य पिता ऋतम्भर थिए ❀ गौको गरी चाकरी
पाए पुत्र यि सत्यवान उनिले ❀ हर्षित् थिए बेसरी ॥५३१॥
मन्त्रीको सुनि बात छक्क परि यो ❀ सोधे ति शत्रुघ्नले
पाए के गरि गाइको टहलले ❀ यी पुत्र ती भूपले ।
मन्त्रीले सुनि प्रश्न त्यो खुशि भई ❀ बोले बुझाईकन
निःसन्तान थिए ऋतम्भर, निकै ❀ दुःखी त्यसै कारण ॥५३२॥
जाबाली सहसा कुनै दिन पुगे ❀ तिन्लाइ भेट्नाकन
तिन्को दुःख बुझी भने-सुत हुने ❀ युक्ती म भन्छू सुन ।
श्री गोविन्द र शम्भुको सुरभिको ❀ गर्नू र आराधना
होला पुत्र गुणी अवश्य नृपते ! ❀ पुग्ला सबै कामना ॥५३३॥
गाईको सरि छैन चाकरि कुनै ❀ अर्को विचारीलिनू
त्यस्को भन्छु विधान-दान जनमा ❀ दुःखीहरूमा दिनू ।
होला पुत्र अवश्य केहि दिनमै ❀ विश्वास मेरो गर
गर्ला त्यो सुतले सदा हित हुने ❀ सत्कार्य चारैतिर ॥५३४॥

जस्ले गर्दछ चाकरी सुरभिको ❀ श्रद्धा बढाईकन
दिन्छन् अशिष पितृ, देवगणले ❀ त्यस्लाइ छोरो, धन ।
गाई हुन् सबमा पवित्र बुझिल्यौ ❀ कल्याण गर्ने पनि
मान्छन् उत्तम पंचगव्य जनले ❀ हो शुद्ध पार्ने भनी ॥५३५॥
गाई भोक र प्यासले दुख दिई ❀ जो राख्दछन् दुर्जन
कन्या राख्नु रजोवतीकन घरै ❀ हो पाप लाग्ने सुन ।
चर्ने गाइ धपाउने छ जन जो ❀ पर्नेछ त्यो नर्कमा
जस्ले कुट्दछ गाइलाइ जन त्यो ❀ पर्नेछ आपत्तिमा ॥५३६॥
यस्तै अर्तिहरू दिएर कुटिमा ❀ जाबालि फर्कीगए
गाईको दिनहूँ ऋतम्भर स्वयं ❀ सेवाविषे तम्सिए ।
गाई नित्य चराउँथे वन लगी ❀ गर्थे स्वयं चाकरी
आयो बाघ र गाइलाइ वनमै ❀ मारीदियो त्यै घरि ॥५३७॥
गोहत्या हुनगो भनेर मनमा ❀ चिन्ता परी बेसरी
लाग्यो पाप ठुलो; हुनेछ कसरी ❀ निस्तार मेरो हरि ।
यस्तै तर्क गरी ऋतम्भर पुगे ❀ जाबालिको पासमा
जोरी हात भने विनम्र स्वरमा ❀ तिन्को परी पाउमा ॥५३८॥
गाई मारिदियो लखेटि वनमा ❀ हे नाथ ! त्यो बाघले
लाग्यो पाप मलाइ, मुक्त कसरी ❀ हुन्छू म कुन् युक्तिले ।
यस्को युक्ति कुनै बताउनुहवस् ❀ यस्बाट मुक्ती हुने
गर्छू धर्म भनेर पार हुनको ❀ यो कार्यले हे मुने ॥५३९॥
यस्ता बात सुनेर चिन्तित भए ❀ जाबालि ज्ञानी मुनि
लागे भन्न उपाय भन्दछु म जो ❀ सुन्नूहवस् त्यो पनि ।
गर्नूपर्दछ गाइ-दान दिनहूँ ❀ एकेक नित्यै अनि
पूरा वर्ष हुनेछ एक नृपते ! ❀ श्रीराम जै-जै भनी ॥५४०॥

गर्नू पूजन रामको भइ कृपा ❀ होला अवश्यै सुत
त्यस्ले पूर्ण हुनन् मनोरथ सबै ❀ गर्ला अनेकौं हित ।
शिक्षा माफिक रामका चरणमा ❀ तिन्ले लगाए मन
जन्म्यो पुत्र अनी ऋतम्भर भए ❀ साह्रै खुशी मन्मन ॥५४१॥
डाकी ब्राह्मण विज्ञ ज्योतिषिहरू ❀ संस्कार गर्दा भए
राखे नाम त सत्यवान् दिन-दिनै ❀ बिस्तारि बढ्दै गए ।
सुम्पी राज्य गए ऋतम्भर स्वयं ❀ गर्छू तपस्या भनी
गर्छन् राज्य ति सत्यवान अहिले ❀ छन् ती विवेकी पनि ॥५४२॥
घोडा हो रघुनाथको खबर यो ❀ पाए भने सादर
गर्नन् दर्शन आइ सम्पति-सहित् ❀ आफै भई तत्पर ।
चर्चा यै रितका अनेक थरिका ❀ चल्दै थिए जो यता
आयो अश्व यहीं भनेर चरले ❀ सम्चार ल्याए उता ॥५४३॥
त्यो सम्चार सुनेर दूतहरुको ❀ श्री सत्यवान्ले जब
गर्छू दर्शन लौ भनेर बहुतै ❀ ल्याए त्यहाँ वैभव ।
ढोगे नम्र भई प्रसन्न मनले ❀ शत्रुघ्नका पाउमा
राखी वैभव त्यो समर्पण गरे ❀ आनन्दका साथमा ॥५४४॥
देखी उत्तम भावना नृपतिको ❀ शत्रुघ्नजीले पनि
फिर्ता गर्नुभयो मलाइ धन क्यै ❀ चाहिन्न ऐल्हे भनी ।
छोरा रुक्म थिए तिनैकन दिए ❀ त्यो राज्यको शासन
रैती राजि गरी बसे उनि त्यहीं ❀ पाएर सिंहासन ॥५४५॥

विद्युत्माली र उग्रदंष्ट्र आदिको आख्यान

घोडा पूर्वतिरै हिड्यो खुरु-खुरू ❀ श्रीरामजीको अनि
श्री शत्रुघ्न र सत्यवान् पनि हिंडे ❀ जाऊँ सँगै लौ भनी ।
डुल्दै अश्व पुग्यो समुद्र-तटमा ❀ सानन्द कोही दिन
पक्री विद्युतमालिले हय लग्यो ❀ थाहै नपाईकन ।।५४६।।
मारे रावण रामले समरमा ❀ पैह्ले त्यसै कारण
उस्कै वंश हुँदा म लिन्छु बदला ❀ भन्थ्यो सदा दुर्जन ।
सोही कारणले लग्यो हय हरी ❀ दागा धरी दुष्टले
पारेथ्यो अनि अन्धकार दिनमै ❀ क्वै मन्त्रको जोरले ।।५४७।।
घोडा त्यो खलले जसै हरिलियो ❀ हा-हा पऱ्यो सैन्यमा
लागे खोज्न सबै मिली वरिपरी ❀ सैन्यादिका साथमा ।
आँधी बन्द भयो, दिशा सब खुले ❀ आकाश भो निर्मल
देखे एक विमानमा चहकिलो ❀ घोडा-सहित् त्यो खल।।५४८।।
घोडा दानवले लग्यो खबर यो ❀ सुन्दा भएथे जब
निक्कै क्रोध गरी भने सुमतिले ❀ को हो ठुलो दानव ।
यस्का साथ लडाइँ गर्नु कसरी ❀ पर्नेछ कुन् युक्तिले
त्यस्तो प्रश्न सुनी भने सुमतिले ❀ एकेक विस्तारले ।।५४९।।
हो त्यो रावण वंशको, छ बलवान् ❀ निक्कै प्रतापी पनि
यस्का साथ लडुन् प्रशस्त बलिया ❀ योद्धाहरूले भनी ।
यस्तो प्रश्न सुनी प्रसन्न मनले ❀ सोधे ति शत्रुघ्नले
यस्का साथ लडाइँ गर्न रणमा ❀ सक्नेछ कुन् वीरले ।।५५०।।

योद्धा पुष्कल आदि वीरहरुले ❀ मेरा अगाडी भनून्
सारा शस्त्र र बुद्धिले र बलले ❀ मार्ने प्रतिज्ञा गरून् ।
यस्ता बात सुनेर पुष्कल पुगे ❀ शत्रुघ्नका सामुमा
मैले मार्दछु दैत्य दानव सबै ❀ हे नाथ ! संग्राममा ॥५५१॥
हे राजागण हो ! र वीरहरुहो ! ❀ मेरो प्रतिज्ञा सुन
मार्नेछू सब दैत्य दानवहरू ❀ एकेक छानीकन ।
मेरो एक सहाय छन् रघुपती ❀ भर्मा उनैंका परी
मैले जित्न सकीनँ क्यै गरि भने ❀ भन्छू प्रतिज्ञा गरी ॥५५२॥
सक्छू सोस्न म सिन्धु त्यो प्रलयको ❀ उर्लीरहेको पनि
ठूलो के छ कुरा यि दानवहरू ❀ मार्छू खिलाँची भनी ।
सीताको रघुनाथको यदि कृपा ❀ निर्भीक पाएँ भने
केही छैन असाध्य, साध्य सब छन् ❀ आनन्द वर्षाउने ॥५५३॥
पूरा गर्न सकीनँ यो प्रण भने ❀ फेरी म भन्छू सुन
गाई पाल्दछ दूध-प्यून कइली ❀ त्यै हो ठुलो दुर्जन ।
रक्सी केवल सुँघ्छ मात्र जन जो ❀ त्यो पर्छ गै नर्कमा
रक्सी प्युँदछ विप्र भैकन भने ❀ जाकिन्छ वैतर्णिमा ॥५५४॥
रक्सी केवल छुन्छ मात्र जन जो ❀ त्यो पर्छ सन्तापमा
मैले पूर्ण गरीनँ त्यो प्रण भने ❀ पर्नेछु त्यै नर्कमा ।
यस्ता बात सुनी सबै खुशि भए ❀ पुष्पादि वर्षा गरे
श्री शत्रुघ्नजिले स्वयं उठि त्यहाँ ❀ यस्तो प्रतिज्ञा गरे ॥५५५॥
पापी दानवको विमान टुकुरा ❀ पारी खसाल्छू अनि
घाँटी काट्न सकीनँ क्यै गरि भने ❀ बस्नेछु दोषी बनी ।
बक्नू साक्षि झुठो र चोर्नु, द्विजको ❀ निन्दा गरी पाप जो
त्यो भोग्नेछु, लडाइँमा प्रण झुठा ❀ क्यै हेतु मेरो भयो ॥५५६॥

बोले वीरहरू मिलीकन सबै ❀ स्यावास शत्रुघ्न हुन्
यी झैं वीर कुनै ठुलो पृथिविमा ❀ खोजेर पाइन्छ कुन् ।
यस्तै ती सब वीरले गरिसके ❀ आफ्नू प्रतिज्ञा जब
आफाफ्ना लिइ अस्त्र उत्तम पुगे ❀ संग्राममा ती सब ॥५५७॥
विद्युत्मालि जता थियो सब उतै ❀ सेनाहरू लम्किए
देख्तै सैन्य विशाल दानवहरू ❀ झन् क्रोधले रन्किए ।
लागे गर्जन मेघ झैं समरमा ❀ हेलाँ गरी बेसरी
हेर्थे छक्क परी वरीपरि घुमी ❀ सेना मनैमा डरी ॥५५८॥
योद्धा हो ! नगिचै नआउ रणमा ❀ फर्केर जाओ घर
घोडा खोज्नु वृथा छ, दिन्छु म कहाँ ❀ व्यर्थै हुनू तत्पर ।
मार्ने रावण मित्रलाइ, सुनकी ❀ लंका जलाईदिने
बाँधी साँघु समुद्रको तटमहाँ ❀ सेना लिई उत्रले ॥५५९॥
ऐल्हे राम कहाँ छ ? भाइ छ कहाँ ❀ शत्रुघ्न योद्धा पनि
मारी ती दुइ भाइलाइ अऋणी ❀ हुन्छू सखाको भनी ।
त्यस्को पुष्कलले सुने सब कुरा ❀ शेखी गरेको जब
बोले-व्यर्थ प्रलाप गर्नु रणमा ❀ हो मूर्खता दानव ॥५६०॥
मारे रावणलाइ साँघु बलियो ❀ हालेर जुन् रामले
उन्कै अश्व हरिस्, तँलाइ सहजै ❀ पक्रीलियो काललले ।
यस्ता बात सुनेर पुष्कलजिको ❀ क्रोधित् भई दानव
भाला एक ठुलो लिएर करमा ❀ हानीदिएथ्यो तब ॥५६१॥
पक्री पुष्कलले, बनाइ टुकुरा ❀ फालीदिए भूमिमा
भाला व्यर्थ गयो भनी हुन गयो ❀ सन्ताप क्यै चित्तमा ।
हान्यो एक त्रिशूल अग्नि-सरिको ❀ गर्ज्यो निकै वेगले
काटे झट्ट त्रिशूल पुष्कलजिले ❀ हेलाँ गरी बाणले ॥५६२॥

हाने बाण तिखा चढाइ धनुमा ❀ ताकेर छातीतिर
लागी त्यो शर वेगले हृदयमा ❀ घोप्टो परेथ्यो तर।
फर्क्यो चेत छिटै र मुद्गर लिई ❀ हान्यो रिसाईकन
मूर्च्छा पुष्कलजी परे खल निकै ❀ थाल्दो भयो गर्जन ॥५६३॥
हाहाकार परेर सैन्य-दलमा ❀ क्वै भाग्न लागे जब
आए लक्ष्मिनिधी भनेर मुखले ❀ आएँ म हे दानव।
आयो राक्षस उग्रदंष्ट्र सहसा ❀ गर्जेर संग्राममा
श्रीलक्ष्मीनिधिको त्यसैसित पऱ्यो ❀ दोटै डटे सामुमा ॥५६४॥
मारामार पऱ्यो परस्पर ठुलो ❀ संग्राम झन् मच्चियो
दोटै वीर हुँदा समान बलका ❀ जोडी मिलेकै थियो।
आयो चेत र वीर पुष्कल उठे ❀ देखी त्यहीं दानव
बोले-खूब गरिस् पराक्रम यहाँ ❀ क्यै बेर पर्खी अब ॥५६५॥
येती बात भनी, झिकी शर तिखो ❀ ताकेर छातीमहाँ
हाने अग्निशिखा-समान शरले ❀ तत्काल लाग्यो त्यहाँ।
रोक्ने यत्न गऱ्यो अनेक नसकी ❀ लाचार भो दानव
लाग्यो बाण गई जसै हृदयमा ❀ मूर्च्छा परेथ्यो तब ॥५६६॥
हा-हाकार पऱ्यो र सैनिक सबै ❀ भागे लिई जीवन
पौंचाए रथले छिटै शिबिरमा ❀ विद्यूतमालीकन।
आयो दानव उग्रदंष्ट्र रणमा ❀ आफै अगाडी सरी
लाग्यो भन्न कराइ उच्च स्वरले ❀ दाह्रा किटी बेसरी ॥५६७॥
दाजूलाइ जितें भनी समरमा ❀ होला वृथा गम्कनु
साटो फेर्छु छिटै म यै समरमा ❀ भन्ने नबिर्सीदिनु।
त्यस्का बात सुनेर केहि नभनी ❀ ताकेर तीखा शर
छोडे पुष्कलले, समाइ खलले ❀ भाँचीदियो आखिर ॥५६८॥

हाने वज्रसरी कठोर मुठिले ❀ लाग्यो जसै छातिमा
त्यस्को चोट खपी त्रिशूल खलले ❀ पक्रीलियो हातमा ।
हान्यो पुष्कलको गई हृदयमा ❀ लाग्यो निकै वेगले
मूर्च्छा पर्न गई ढले पृथिविमा ❀ तत्काल त्यो चोटले ॥५६९॥
आएथे हनुमान त्यै बखतमा ❀ देखेर युद्धस्थिति
पापी दानव ! छू यहीं म अहिले ❀ शेखी तँ गर्छस् कति ।
तेरो यो अभिमान तोड्दछु छिटै ❀ छाड्दीनँ मैले अब
यस्ता बात भनी उडेर नभमा ❀ जाँदा भएथे तब ॥५७०॥
इच्छाचारि विमान पक्रि बलले ❀ तान्दै गए; दानव
पच्छारी कतिलाइ भूमितलमा ❀ मार्दै गएथे सब ।
नंग्राले कति दाँतले पुछरले ❀ लात्ती तथा बाहुले
मारे दानव सैन्यलाइ भुसुना ❀ झैं ती हनूमानले ॥५७१॥
मुड्कीले कतिलाइ हानि बलले ❀ मार्दै गएथे जब
भागेथे डरले कती समरको ❀ इच्छा त्यजी दानव ।
पारे शून्य सबै रणस्थलविषे ❀ देखिन्नथे क्वै पनि
स्याबासी सबले दिए कपिपती ❀ हुन् श्रेष्ठ योद्धा भनी ॥५७२॥
त्यै वेला नभमा विमान सहसा ❀ देखा पऱ्यो सुन्दर
पक्री श्रीहनुमानले सहजमा ❀ फ्याँकीदिए तल्तिर ।
आएथ्यो तल त्यो विमान नभमा ❀ फर्केर फेरी गयो
उफ्रेथे हनुमान फेरि बलले ❀ उत्पात अर्के भयो ॥५७३॥
चिच्च्यायो अनि उग्रदंष्ट्र रिसले ❀ पर्खी तँ हे वानर !
मारिस् दानव-सैन्य व्यर्थ, रणमा ❀ फेला परिस् आखिर ।
भागी जा रणबाट जीवन लिई ❀ बाँच्ने इरादा भए
त्यस्का बात सुनेर केहि नभनी ❀ चर्को गरी गर्जिए ॥५७४॥

हान्यो झट्ट लिई त्रिशूल खलले ❀ ताकी निकै वेगले
टुक्रा पारिदिए समाइ सहजै ❀ योद्धा हनूमानले ।
अस्त-व्यस्त भएर एकक्षण त्यो ❀ चिन्ता परी झोक्रियो
माया-जाल फिज्यो तुरुन्त रणमा ❀ सारा अँध्यारो भयो ॥५७५॥
हा-हाकार पऱ्यो कतैतिर कहीं ❀ देखिन्नथ्यो क्यै पनि
आयो दु:स्थिति त्यो नचिह्न सकिने ❀ आफ्नू बिरानो भनी ।
थाले दौडन अन्धकार बिचमै ❀ सेना यता वा उता
लड्थे कोहि डटी, हिडे कति उसै ❀ भागी कता हो कता ॥५७६॥
हान्थे झट्ट तिखा अनेक शरले ❀ शत्रुघ्नलाई जब
धारा बग्न गयो निकै रगतको ❀ आश्चर्य मान्थे सब ।
वायव्यास्त्र गरे प्रहार सहसा ❀ शत्रुघ्न क्रोधित् भई
थाल्यो चल्न हुरी परेर भुमरी ❀ भागे कती आत्तिई ॥५७७॥
छाड्यो पाशुपतास्त्र शीघ्र खलले ❀ हा-हा पऱ्यो युद्धमा
थाले गर्जन दैत्य दानव जती ❀ आफ्नू ठुलो जीतमा ।
देखी अद्भुत शक्ति घोर रणमा ❀ गर्जेर शत्रुघ्नले
त्यो नारायण अस्त्र छाडिदिनुभो ❀ अत्यन्त उत्साहले ॥५७८॥
सारा नाश भए र दानवहरू ❀ आकाश भो उज्वल
हान्यो विद्युतमालिले शरहरू ❀ देखाइ ठूलो बल ।
काटे त्यो शर-जाल एक क्षणमै ❀ शत्रुघ्नजीले अनि
हानेथे अनि अर्धचन्द्र शरले ❀ लौ पार हो जा भनी ॥५७९॥
घाँटी काटिदियो गएर शरले ❀ विद्युतमाली मऱ्यो
भागे दैत्य हरू बचेजति सबै ❀ चौतर्फ हा-हा पऱ्यो ।
दाजू मारिदिए भनेर रिसले ❀ आयो अगाडी जब
मारे त्यो खल उग्रदंष्ट्र रणमा ❀ मुर्दा भयो दानव ॥५८०॥

त्यस्का सैनिकले बुझाइ हय त्यो ❀ भागे लिई जीवन
थाले हर्ष बढाइँ गर्न जनले ❀ आनन्द मानीकन ।
बज्थे ढोल मृदंग आदि नगरा ❀ चौतर्फ शंख-ध्वनि
गर्थे विप्रहरू बसी वरिपरी ❀ सानन्द वेद-ध्वनि ॥५८१॥
माला पुष्प अबीर देवगणले ❀ पानी परेझैं छरे
ज्ञानी विज्ञ मुनी ऋषीश्वर मिली ❀ जैकार ठूलो गरे ।
त्राहि-त्राहि भनी सदा सुरहरू ❀ भाग्थे डराईकन
त्यस्ता दानवलाइ मारिदिनुभो ❀ खूशी छ हाम्रो मन ॥५८२॥

आरण्यक ऋषि र रामायणको संक्षिप्त वर्णन

साह्रै उत्तम श्यामकर्ण हय त्यो ❀ छोडीदिएथे जब
लाग्यो उत्तरतर्फ अश्व सहसा ❀ लागे पछाडी सब ।
डुल्दै अश्व पुग्यो कुनै दिन जसै ❀ रेवा-नदी-तीरमा
गर्थे उत्तम अग्निहोत्र र धुवाँ ❀ उड्थ्यो र आकाशमा ॥५८३॥
रेवाको जल स्वच्छले र कुटिका ❀ ती श्रेष्ठ सौन्दर्यले
पार्थे मोहित पुष्पले र रुखमा ❀ बस्ने चरा पक्षिले ।
देखी उत्तम त्यो सरोवर उहाँ ❀ शत्रुघ्न खूशी भए
मन्त्रीलाइ नगीच डाकि मनको ❀ इच्छा बताई-दिए ॥५८४॥
देख्छू वृक्ष यहाँ अनेक थरि छन् ❀ उद्यान राम्रो वन
कस्को हो अनि बस्छ को ? सब कुरा ❀ सुन्छू मलाई भन ।
यस्तो प्रश्न सुमन्त्रले जब सुने ❀ अत्यन्त हर्षित् भए
श्री शत्रुघ्नजिलाइ त्यो विषयमा ❀ एकेक भन्दै गए ॥५८५॥

साह्रै उत्तम धर्म-मूर्ति ऋषि छन् ❀ हो नाम आरण्यक
गर्छन् भक्ति यि रामका चरणको ❀ छन् धर्मका रक्षक ।
यिन्को दर्शन मात्रले हृदयको ❀ दुर्भावना नाश्तछ
हुन् यी उत्तम भक्त राम प्रभुमा ❀ अत्यन्त विश्वास छ ॥५८६॥
नित्यै छन् यि निमग्न राम-रसमा ❀ सर्वज्ञ ज्ञानी मुनि
हाम्रा पाप हुनन् सखाप सहजै ❀ दर्शन् गरे तापनि ।
मन्त्रीको सुनि बात हर्षित हुँदै ❀ बोले ति शत्रुघ्नजी
जाऊँ लौ हनुमान पुष्कल सुमद् ❀ योद्धा प्रतापाग्र्यजी ॥५८७॥
राजा लाक्ष्मिनिधी सुबाहु सुमती ❀ आठौं ति शत्रुघ्नजी
बाटोमा सबले गरे थरि-थरी ❀ चर्चा मुनीकै अति ।
ती आरण्यकको पुगेर कुटिमा ❀ पैह्रे गरे दर्शन
पाऊमा परि दण्डवत् पनि गरे ❀ आनन्द मानीकन ॥५८८॥
सारा भूपतिको सुविज्ञ मुनिले ❀ गर्दा भए स्वागत
पाद्यार्घ्यादि गरे प्रसन्न मनले ❀ अत्यन्त राम्रोसित ।
सोधेथे मुनिले ससैनिक यहाँ ❀ के कामले पाल्नुभो
श्री आरण्यकलाइ श्रीसुमतिले ❀ बिन्ती गरे बात यो ॥५८९॥
छाड्नूभो जब अश्वमेध मखको ❀ घोडा स्वयं रामले
आयौं रक्षक रूपमा पछि-पछी ❀ हामी यसै हेतुले ।
लागे भन्न बुझाइ बात हितका ❀ हाँसेर आरण्यक
पूजा यज्ञ गरेर पुण्य-फल के ❀ पाइन्छ हे रक्षक ॥५९०॥
ठूलो पुण्य छ राम-नाम भवमा ❀ जप्तै गरे उत्तम
त्यस्ले मुक्ति दिनेछ वैभव-सहित् ❀ राख्नू सदा संयम ।
जस्को पाप अनेक नाम्-स्मरणले ❀ नै काटिइन्छन् भने
गर्ने पूजन तीर्थ यज्ञ सब यी ❀ हुन् भोग भेट्टाइने ॥५९१॥

राजन्! जो-सित छैन श्रेष्ठ मखमा ❀ दानादि गर्ने धन
तिन्ले केवल रामको स्मरणले ❀ पारून् सुखी जीवन।
भन्छन् पण्डितले सदा गर तिमी ❀ यज्ञादि औ पूजन
भन्छू लौ म त राम-नाम सरिको ❀ क्यै छैन अर्को धन ॥५९२॥
जानौं तत्त्व कहाँ गएर कसरी ❀ भन्ने भई चित्तमा
सारा तीर्थहरू डुलें पृथिविका ❀ आएन शान्ती ममा।
आफ्नू भाग्य भनौं कि राम-महिमा ❀ आए मुनी लोमश
ढोगी प्रश्न गरें उनैसित अनी ❀ आएर क्यै साहस ॥५९३॥
कस्तो कर्म-गरे तरिन्छ सहजै ❀ संसार-पारी मुने!
हुन् ती लौकिक कर्म वा अरु कुनै ❀ बाटो छ मुक्ती हुने।
मेरो बिन्ति सुनेर लोमश मुनी ❀ हाँसेर बोल्नूभयो
जे भन्छू तिमि ध्यानपूर्वक सबै ❀ सुन्दै रहू बात यो ॥५९४॥
गर्छन् दान र पुण्य यज्ञ तप जो ❀ डुल्छन् कती तीर्थमा
त्यस्को मिल्दछ भोग आदि जति हुन् ❀ पाँचैर त्यो स्वर्गमा।
जस्को चित्त रहन्छ अस्थिर तथा ❀ जो लाग्छ भोगैतिर
त्यस्को निम्ति वृथा छ नाम-महिमा ❀ हो बात यो सुन्दर ॥५९५॥

पूजा र यज्ञ पनि श्रेष्ठ कुनै हुँदैनन्
श्रीराम झैं बुझ दयालु अरू त छैनन्।
सम्झेर श्री रघुपतीकन जो रहन्छन्
पाएर सिद्धि सब मुक्त तिनै हुनेछन् ॥५९६॥
पापी पनी कति तरे जपि राम-नाम
हो सिद्ध मन्त्र भवमा बुझ राम-नाम।
जुन् धाममा श्रुति पढी द्विज पुग्न सक्छन्
त्यै धाममा गरि भजन् सब पुग्न सक्छन् ॥५९७॥

यै हो रहस्य बुझ गोप्य श्रुति-स्मृतीको
हो सार राम-महिमा पनि भक्ति यै हो ।
वार्ता सुनेर मुनि लोमशका उदार
सोधे तुरुन्त मुनिले झुकि बार-बार ॥५९८॥

ज्ञानी लोमश ! गर्नुहुन्छ दिनहूँ ❀ जस्को स्वयं पूजन
को हुन् ती रघुनाथ मिल्छ कि कते ❀ ती रामको दर्शन ।
तिन्ले मानिस-रूप धारण गरे ❀ कस्तो परी कारण
यस्को गर्नुहवस् म सुन्दछु मुने! ❀ विस्तारले वर्णन ॥५९९॥

श्रीराम-आरण्यकको भेट

तिन्को प्रश्न सुनेर लोमश मुनी ❀ अत्यन्त हर्षित् भए
गर्छू वर्णन रामको शुभ कथा ❀ भन्दै तिनी हर्षिए ।
त्रेतामा अवतार सूर्य-कुलमा ❀ श्रीरामजीको हुँदा
पृथ्वीको सब भार टारि प्रभुले ❀ त्यो अश्वमेध् गर्दिदा ॥६००॥
वर्षै ग्यार हजार राज्य गरदा ❀ बित्नेछ उन्को वय
गर्नेछन् अनि अश्वमेध प्रभुले ❀ पापीहरूको क्षय ।
हे आरण्यकजी ! यही स्थलमहाँ ❀ घोडा डुली आउला
योद्धा वीरहरू तिमीसित मिली ❀ आनन्द भेट्टाउला ॥६०१॥
तिम्रो राम-कथा सुनेर सब ती ❀ हर्षित् हुनेछन् जब
गर्नेछौ अनि राम-दर्शन उहीं ❀ पुग्छौ अयोध्या तब ।
लीनेछौ तिमिले समाधि त्यहिं नै ❀ आश्चर्य मान्नन् सब
जान्नेछन् अनि राम-भक्तहरुमा ❀ ठूला स्वयं राघव ॥६०२॥

शिक्षा लोमशले अघी जति दिए ❀ एकेक सम्झन्छु म
सोही बात हुँदै छ यो बखतमा ❀ देख्छू सबै उत्तम ।
आमा धन्य म भन्छु त्यो बखतमा ❀ जन्माउनू धन्य हो
ऐल्हे दर्शन पाउनू हजुरको ❀ झन् यो अहोभाग्य हो ॥६०३॥
सारा वर्णन गर्न सक्तिन यहाँ ❀ पैल्हे भए जे जति
मेरो भक्ति बुझेर वीर हनुमान् ❀ हर्षित् हुनेछन् अति ।
यो सुन्दा हनुमान दास हुँ भनी ❀ तत्काल बिन्ती गरे
जोरी हात दुवै प्रसन्न मनले ❀ आनन्द पाऊ परे ॥६०४॥
हे आरण्यक ! रामभक्त सबमा ❀ अत्यन्त सानो म छु
यस्तो अद्भुत रामको रस पिई ❀ सन्तुष्ट छौं, मान्दछु ।
हे स्वामी ! रघुको पवित्र कुलमा ❀ पैदा हुने रामका
गर्छन् भाइ प्रणाम यी चरणमा ❀ शत्रुघ्नले नाथका ॥६०५॥
यिन्ले नै लवणासुरादि खलको ❀ संहार गर्दा भए
उन्ले आइदिदा कुटी हजुरको ❀ उज्वल् गराईदिए ।
गर्दै छन् पदमा प्रणाम मुनिको ❀ योद्धा ठुला पुष्कल
प्यारा छन् रघुनाथका यि भतिजा ❀ कीर्ती हुने उज्वल ॥६०६॥
ढोग्दै छन् यि सुबाहु भूप पदमा ❀ न्यूरी मुने ! दर्शन
योद्धा वीर ठुला यि छन् समरका ❀ ज्ञाता गुणी सज्जन ।
लोभी छन् यिनि रामका चरणको ❀ गर्नै सदा दर्शन
आफ्नू राज्य त्यजेर हामिहरुका ❀ छन् साथमा सज्जन ॥६०७॥
यिन्ले श्री शिवकी प्रिया गिरिसुता ❀ श्री पार्वतीको तप
गर्दा प्राप्त गरे अकण्टक ठुलो ❀ साम्राज्य औ वैभव ।
ऐल्हे राज्य त्यजेर यो हयपछी ❀ लागे उनै रामको
गर्छन् ध्यान सदैव राम-पदकै ❀ इच्छा त्यजी भोगको ॥६०८॥

राजा उत्तम सत्यवान हयको ❀ लागी पछाडी यहाँ
गर्दै छन् शिरले प्रणाम मुनिको ❀ लत्रेर पाऊमहाँ ।
श्री आरण्यकलाइ वीर सबले ❀ ज्ञानी मुनी हुन् भनी
बारम्बार गरे प्रणाम पद्मा ❀ अत्यन्त सानो बनी ॥६०९॥
सारालाइ दिएर आदर ठुलो ❀ सत्कार गर्दा भए
पाल्कीमाथि बसी त्यसै दिन मुनी ❀ सोझै अयोध्या गए ।
त्यो यज्ञस्थलमा पुगेर मुनिले ❀ देखे तयारी जब
जै-जैकार गरे प्रसन्न मनले ❀ हे देव ! हे राघव ! ॥६१०॥
जानेको जति शास्त्र पूजन सबै ❀ आजै भयो सार्थक
पाई दर्शन नाथको खुशि भएँ ❀ हे धर्मका रक्षक ! ।
सामुन्ने प्रभुका खडा मुनि थिए ❀ जोरेर बाहू दुई
आए भक्त भनी प्रसन्न हुनुभो ❀ केही नगीचै गई ॥६११॥
गर्नूभो पछि अंकमाल प्रभुले ❀ पाल्नूभयो हे मुनि
मेरो पूर्ण भयो अवश्य मख यो ❀ हत्त्या हरायो भनी ।
लागे भन्न प्रसन्न भैकन गुणी ❀ सर्वज्ञ आरण्यक
योगी दुर्लभ नाथका चरणमा ❀ बिन्ती छ हे रक्षक ॥६१२॥
ज्ञानीलाइ पनी छ दुर्लभ सदा ❀ जुन् रूपको दर्शन
सोही दर्शन पाइ यो बखतमा ❀ हर्षित् छ मेरो मन ।
मैले जन्म लिनू भयो सफल यो ❀ भन्दै अगाडी सरे
पाई दर्शन आज सूर्य-कुलमा ❀ सम्पूर्ण राजा तरे ॥६१३॥
मेरो यो हयमेध शुद्ध हुनगो ❀ पाल्नूहुँदा नाथले
राखी आसनमाथि स्वागत ठुलो ❀ गर्नूभयो रामले ।
ऐह्ले पाल्नुहुँदा मुने ! हजुरले ❀ मेरा गए दुर्दिन
पक्का नाश गराउनेछ मखले ❀ त्यो ब्रह्महत्त्याकन ॥६१४॥

यस्ता बात सुनेर राम प्रभुको ❀ बोले ति आरण्यक
साँचो बात बताइबक्सनुभयो ❀ हे धर्म-संरक्षक ! ।
गर्ने पाठ सदैव वेदहरुको ❀ छन् वेदवेत्ता जति
मान्छू मूर्ति हजूरकै उनिहरू ❀ हो शास्त्रको सम्मति ॥६१५॥

गर्दै छु जो म हयमेध हजूर ऐल्हे
हत्त्या निवारण हुनेछ पछी त्यसैले ।
लाग्यो मलाइ त प्रभो ! सब हास्य जस्तो
सर्वज्ञले यसरि भन्नु उदेक कस्तो ! ॥६१६॥

वेदादि शास्त्रहरुको पनि सार यै हो
पापादि नाश्नकन नाम प्रधान जो हो ।
श्रीराम-नामकन जो दिन-रात जप्नन्
हत्त्या र पापहरुले तिनिलाइ छुन्नन् ॥६१७॥

जसैन नाम प्रभुको जबसम्म नाथ !
नाशिन्न पाप तबसम्म रहन्छ साथ ।
जो जप्छ राम भनि नाम सदा प्रभूको
सारा हुनेछ मन निर्मल पाप त्यस्को ॥६१८॥

हत्या हजूरकन सक्तछ लाग्न कैल्हे
भाग्ला डराइकन नाम सुनेर पैल्हे ।
गर्जन्छ पाप तबसम्म नमानि भीति
सुन्दैन नाम जबसम्म छ राम-प्रीति ॥६१९॥

हे राम ! राम ! भनि जो जन पाठ गर्ला
त्यो पापका नगिचमा कहिल्यै नपर्ला ।
यस्तै अनेक थरिका गुण-गान गर्थे
हेरेर राम-तिर ती मुनि दंग पर्थे ॥६२०॥

ती आरण्यकको उसै बखतमा ❀ ब्रह्माण्ड पड्कीगयो
तिन्को तेज मिलेर राम प्रभुमा ❀ आश्चर्य पारीदियो ।
लावा पुष्प अबीर वर्षण गरे ❀ ती स्वर्गका देवले
पाए मुक्ति तुरुन्त राम-प्रभुको ❀ सान्निध्य ती भक्तले ॥६२१॥

राजा वीरमणि आदिको आख्यान

आज्ञा भो अनि शेषले मुनिहरू ❀ हे भक्त वात्स्यायन
ज्ञानी विज्ञ मुनी ऋषी जति थिए ❀ त्यो यज्ञमा सज्जन ।
ती आरण्यकको अलौकिक गती ❀ देखेर छक्कै परे
जै-जै राम ! भनेर उच्च स्वरले ❀ जैकार धेरै गरे ॥६२२॥
लागे भन्न उता पुराण खुशिले ❀ विद्वान् ति पौराणिक
सुन्थे विज्ञ ऋषी मुनीश्वर तथा ❀ ज्ञानी ठुला पूजक ।
घोडाका सब वीर रक्षकहरू ❀ खोजी रहेथे यता
रेवाको जलमा पसेर सहजै ❀ घोडा हरायो कता ॥६२३॥
यो बिन्ती सबले गरे जब गई ❀ शत्रुघ्नका पासमा
तिन्को बिन्ति सुनी बुझाउनुभयो ❀ क्यै सान्त्वना-साथमा ।
रेवाको जलमा पसे ति हनुमान् ❀ साथै थिए पुष्कल
जाँदा त्यो जलभित्र देखिन गयो ❀ प्रासाद क्वै उज्वल ॥६२४॥
खम्बा छन् मणिका चतुर्दिक सफा ❀ रत्नादिले शोभित
छन् उद्यान पनी अनेक थरिका ❀ पुष्पादिले सज्जित ।
नारी उत्तम देखिए त्यहिँ थिए ❀ सौन्दर्यले भूषित
तीनोटी मिलि हेर्दथे घरि-घरी ❀ मन्मा थिए शंकित ॥६२५॥

मारी त्यो हय-चोरलाइ सहजै ❀ लैजान इच्छा गरे
देखी तीन जना उपस्थित निकै ❀ आश्चर्यमा ती परे ।
थाले गर्न कुरा परस्पर तिनै ❀ छन् तीन व्यक्ती यहाँ
लैजाऊँ बलले समाइ सहजै ❀ छन् स्वामिनी ती जहाँ ॥६२६॥
हेरिन् स्वामिनिले कुरा सब सुनी ❀ ती तीन योद्धातिर
तिन्लाई सबले प्रणाम सहजै ❀ गर्दा भए आखिर ।
डाकिन् स्वामिनिले, गए नगिचमा ❀ ती तीन योद्धा जब
लागिन् सोध्न तिनी यहाँ तिमिहरू ❀ के काम आयौ सब ॥६२७॥
साह्रै गुप्त र देव-दुर्लभ छ यो ❀ आयौ कसोरी यहाँ ?
इच्छा के छ बताउ स्पष्ट पहिले ❀ फर्केर जान्छौ कहाँ ?
कस्को हो हय यो, छ पत्र सुनको ❀ देख्छू सफा अक्षर
सारा शस्त्र भिरी उपस्थित भयौ ❀ के कामको खातिर ॥६२८॥
तिन्को प्रश्न सुनेर वीर हनुमान् ❀ बोल्दा भए सादर
भन्छन् जस्कन राम, हुन् सकलका ❀ स्वामी तथा ईश्वर ।
यो घोडा हयमेध गर्दछु भनी ❀ छाड्नूभयो रामले
आयौं सेवक पृष्ठ-रक्षक बनी ❀ हामी त्यही कामले ॥६२९॥
नारी हौ तिमिलाइ उत्तम कुरा ❀ मैले भनेको सुन
घोडा छाडिदिई परी शरणमा ❀ जानीनँ मैले भन ।
गर्नेछन् प्रभुले क्षमा खुशि भई ❀ आनन्दका साथमा
छौं हामी अहिले सबै तरहका ❀ शस्त्रास्त्र छन् हातमा ॥६३०॥
छाडीद्यौ हय रामको नहिं भने ❀ त्याग्छ्यौ तिमी जीवन
तिन्को बात सुनेर ती सुमुखिले ❀ भन्छिन् रिसाईकन ।
तीखा बाणहरू सकेजति सबै ❀ छाड्दै गरे तापनि
सक्तैनौ हय लान आफ्नु सँगमा ❀ नारी छ यौटी भनी ॥६३१॥

घोडा हो प्रभु रामको यति भन्यौ ❀ हे वीर ! लाचार छु
दासी हूँ म पनी उनै प्रभुजिकी ❀ श्रीराम नै जसछु ।
भन्दै छू हनुमान् वीर ! सुनिल्यौ ❀ श्रीरामकै चिन्तन
गर्दै पर्खिरहें नदी-तटमहाँ ❀ होला भनी दर्शन ॥६३२॥
जाऊ अश्व लिई प्रसन्न मनले ❀ मागेर लेऊ वर
बोले श्री हनुमान नम्र स्वरले ❀ उन्को गरी आदर ।
केही छैन अभाव भन्छु तपनी ❀ श्रीरामका पाउको
माँग्छू भक्ति मलाइ देउ अरु क्यै ❀ चाहिन्न बिन्ती छ यो ॥६३३॥
तिन्को बिन्ति सुनी भनिन् सुमुखिले ❀ माग्यौ ठुलो जो वर
इच्छा पूर्ण हुनेछ आशिष दिएँ ❀ मैले खुशीले, तर ।
अर्को एक कुरा म भन्छु हय यो ❀ जाला अगाडी जब
योद्धा वीरमणी लिनन् हय हरी ❀ शंका नमानी तब ॥६३४॥
छन् ती भक्त-शिरोमणी शिवजिका ❀ घोडा लिनू युक्तिले
यौटा बाण म दिन्छु, त्यै समरमा ❀ छाडीदिनू वेगले ।
लागी बाण हुनेछ ती नृपतिमा ❀ श्रीरामको सम्झना
पर्नेछन् प्रभुका स्वयं शरणमा ❀ त्यागी सबै कामना ॥६३५॥
त्याग्ने त्यो शरको सबैविधि पनी ❀ उन्ले बताईदिइन्
श्री शत्रुघ्नजिलाइ त्यै बखतमा ❀ त्यो बाण सुम्पीदिइन् ।
घोडालाइ लिई हिडे तिनिहरू ❀ उन्लाइ ढोगीकन
निस्केथे जलबाट बाहिर अनी ❀ हर्षित् भएथ्यो मन ॥६३६॥
आफ्नू लश्करमा पुगे हय-सहित् ❀ ती तीन योद्धा जब
बिन्ती श्री हनुमानले गरिदिए ❀ वार्ता भएको सब ।
वीणा भेरि मृदंग ढोल नगरा ❀ बज्थे र शंख-ध्वनि
लावा पुष्प अबीर बेसरि छरे ❀ शत्रुघ्न जै-जै भनी ॥६३७॥

घोडा छाडिदिए उसै बखतमा ❀ बढ्दै अगाडी गयो
धैरै देशहरू अबाध गतिले ❀ डुल्दै हिडेको थियो।
त्यो विन्ध्याचलको विशाल गिरिमा ❀ घोडा गएथ्यो जब
त्यस्का रक्षक वीर सैनिकहरू ❀ पुग्दा भएथे सब ॥६३८॥
देखे अद्भुत ज्योति देवपुरिको ❀ शत्रुघ्न खूशी भए
बाधा छैन कुनै सबैतिर सफा ❀ देखी अगाडी गए।
धैरै रत्न जडाउ भै महल त्यसे ❀ टल्कीरहेको थियो
ढोका झ्याल र द्वार आदि रवि झैं ❀ चौतर्फमा देखियो ॥६३९॥
त्यस्मा कारिगरी थियो थरि-थरी ❀ श्री विश्वकर्माजिको
हेर्थे छक्क परी उभी वरिपरी ❀ सौन्दर्य प्रासादको।
लागे हेर्न अनी खिँच्यो मन पनी ❀ ती वीर शत्रुघ्नको
तान्यो चित्त गराइ मोहित सबै ❀ योद्धा तथा सैन्यको ॥६४०॥

ठूलो तलाउ छ, सबैतिर घाट उस्तै
सीँढीहरू स्फटिकका त्यहिँ छन् प्रशस्तै।
रात्री तथा दिवसको भ्रम पार्न सक्ने
बत्ती थिए ति बिचमा रवि-तेज हर्ने ॥६४१॥
सौन्दर्य-पूर्ण सुमुखी कति छन् हिडेका
ढोई-सरी शरिर छन् कति ढल्किएका।
छन् बेलका फल सरी स्तन अग्लिएका
प्रत्यक्ष छन् कलश झैं चुचुरा उठेका ॥६४२॥
तानीलिने मन ति कम्मर बारुले छन्
ओढेर चादर यताउति हेरि हिड्छन्।
आँखा दुवै कमलका दल झैं खुलेका
यस्ता अनेक सुमुखीहरु छन् डुलेका ॥६४३॥

क्रीडास्थली सकल रत्नहरू जडेका
वृक्षादि छन् फल र पुष्पहरू झुलेका ।
जोडा मिलाइ कति हंसहरू बसेका
भूँ-भूँ गरेर भ्रमरागण झुम्मिएका ॥६४४॥
बोल्ने चराहरु कती रुखमा बसेका
उद्यानमा फुलहरू कति छन् फुलेका ।
चम्पा चमेलि र जुही छ सुगन्धराज
गम्कीरहेछ, खुशि छन् पुरका समाज ॥६४५॥
त्यो स्वर्गको असल नन्दन बागभन्दा
राम्रो थियो नृपतिको सबतर्फ हेर्दा ।
कर्मिष्ठ श्रेष्ठ नृप वीरमणि प्रधान
बस्थे त्यहीं सकलमा बलका निधान ॥६४६॥
गाह्रो परे नृपतिलाइ कुनै कुरामा
रक्षा स्वयं शिव पुगेर गरीदिदामा ।
चिन्ता थिएन नृपलाइ कुनै कुराको
गर्थे ति आश मनमा शिवको शिवाको ॥६४७॥

राजन् ! एक थिए सुपुत्र नृपका ❀ हो नाम रुक्मांगद
तिन्का साथ थिए अनेक रमणी ❀ राम्रा तथा सज्जित ।
साह्रै उत्तम जो लतागृह थियो ❀ ताहीं डटेका थिए
छिन्-छिन्मा जलपान, पान मसला ❀ सेवार्थ राख्दा भए ॥६४८॥
तिन्का साथ बसेर नाच-सहितै ❀ क्यै गानको खातिर
गानाको अनि रागको पनि दिए ❀ आज्ञा अती सुन्दर ।
बाजा ताल मिलाइ सुन्दर गरी ❀ पैह्ले तयारी गरे
पैह्री उत्तम वस्त्र भूषणहरू ❀ नाच्ने अगाडी सरे ॥६४९॥

लागे बज्न मृदंग ढोल नगरा ❀ मीठो गरी बाँसुरी
स्याबासी सबले दिए घरि-घरी ❀ खूशी भए सुन्दरी ।
यस्तो नाच र गानको समयमा ❀ थाहै नपाईकन
आयो अश्व नगीचमा र सबले ❀ त्यस्को गरे दर्शन ॥६५०॥
बाँधेको सुन-पत्र देख्दछु निकै ❀ श्रीसूर्य झैं टल्कने
काला छन् दुइ कान देह छ सफा ❀ सेतो निकै झल्कने ।
यस्तो उत्तम श्यामकर्ण हय त्यो ❀ आयो र ऐह्रे यहाँ
पक्रौं यस्कन लौ भनेर सहसा ❀ रानी उठीथिन् त्यहाँ ॥६५१॥
जानेनन् रघुनाथको हय भनी ❀ तत्काल पक्रीलिए
बाँचेथे सुन-पत्र उत्तम पढी ❀ विस्तार जान्दा भए ।
बाँधेथे हयलाइ एक रुखमा ❀ हेरेर रानीतिर
बोले हे सुमुखी ! नमान मनमा ❀ केही कुराको डर ॥६५२॥
को छन् शक्ति-प्रधान वीर अहिले ❀ मेरा पिता झैं भन
उन्को भक्ति बुझी पिनाक धनु जो ❀ गर्छन् सदा धारण ।
तिन्ले दास भनी सदा बखतमा ❀ दिन्छन् स्वयं महत
गर्नुहुन्छ पिताजिले मख यही ❀ छाडेर भन्छू म त ॥६५३॥
तोडीदिन्छु घमण्ड घोर रणमा ❀ श्रीरामको अश्व यो
मैले सुम्पनु छैन तत्पर बनी ❀ जे जे भने सत्य हो ।
बोले-सैनिक हो ! फिर्यौ हय लिई ❀ हामीहरू यो घरि
पत्नीलाइ भने-छिटै महलमा ❀ लौ जाउँ हे सुन्दरी ॥६५४॥
फर्केथे दरबारमा हय-सहित् ❀ साथै गएका जति
त्यो चर्चा घरमा पितासित गरे ❀ शेखी बढाई अति ।
बाबा ! देखि प्रचण्ड शेखि अहिले ❀ त्यो तोड्नलाई भनी
पक्रे यो हय अश्वमेध मखको ❀ साम्ने छ घोडा पनि ॥६५५॥

राजा वीरमणी सुनेर सुतका ❀ यस्ता कुरा क्यै पनि
स्याबासी नदिएर केवल भने ❀ मान्दीनँ राम्रो भनी ।
लागे ती नृपती समाधितिर नै ❀ श्री शम्भुको ध्यानमा
के गर्दा हित हुन्छ सोद्धछु भनी ❀ चिन्ता थियो चित्तमा ॥६५६॥
आई दर्शन बक्सियो शिवजिले ❀ ती भूपलाई अनि
आज्ञा भो नृपलाइ-आज मनमा ❀ केको छ इच्छा भनी ।
त्यो आज्ञा नृपले सुनेर शिवको ❀ न्यूरेर पाऊं परे
मानी हर्ष ठुलो प्रसन्न मनले ❀ सानन्द बिन्ती गरे ॥६५७॥
शम्भो ! गर्न भनी विहार वनमा ❀ छोरो गएको थियो
त्यस्ले श्री रघुनाथको हय त्यहीं ❀ पक्रेर राखीलियो ।
के गर्दा हित हुन्छ यो विषयमा ❀ शिक्षा म पाऊँ प्रभो
मैले के अब गर्नुपर्दछ यहाँ ❀ आज्ञा हवस् हे विभो ॥६५८॥
तिन्को बिन्ति सुनेर श्रीशिवजिले ❀ क्यै बेर सोची अनि
भन्नूभो सुतले गरेछ अहिले ❀ यो काम बाठो बनी ।
पर्ला घोर लडाइँ हे नरपते ! ❀ यै हेतुले नै गरी
यो घोडा रघुनाथको लिइ सँगै ❀ जाऊ छिटै यो घरि ॥६५९॥
हे शत्रुघ्न ! म दास हूँ शरणमा ❀ आएँ क्षमा गर्नुहोस्
छोराको अपराध हो, तर स्वयं ❀ दोषी मईं मान्नुहोस् ।
मान्दैनौ तिमि यो कुरा यदि भने ❀ हो वीरको धर्म यो
लड्नू क्षत्रिय-धर्मले समरमा ❀ हे भूप ! कर्त्तव्य हो ॥६६०॥
गर्नेछू म सहायता समरमा ❀ शक्ती पुगेको जति
यौटा राम-सिवाय जोसित पनी ❀ लड्नेछु हे भूपति ।
यो आज्ञा शिवको सुने र नृपले ❀ बिन्ती गरे सादर
लड्नू क्षत्रिय धर्म हो समरमा ❀ मान्दीनँ मैले डर ॥६६१॥

मेरो हार नहोस् भनी हजुरले ❀ राखीदिनोस् इज्जत
ऐह्रे जाइपरौं भने समरमा ❀ हूनेछ बेइज्जत ।
सोही कारणले म जान्छु रणमा ❀ मानी हजुकैं भर
यो सुन्दा खुशि भै स्वयं शिवजिले ❀ आज्ञा भयो सुन्दर ॥६६२॥
हे राजन् ! सुन, स्वर्गका सुरहरू ❀ एकेक आए पनि
सक्तैनन् सँग लान अश्वकन यो ❀ भो जीत हाम्रो भनी ।
आए श्रीरघुनाथ नै समरमा ❀ पुग्दैन क्यै योग्यता
मैले पाउ समाइ ढोग्दछु स्वयं ❀ मानी ठुला देवता ॥६६३॥
सक्तैनौ तिमि लड्न रामसित के ? ❀ यस्तो भनौला, तर
मैले लड्नु हुँदैन यी पृथिवि नै ❀ नाशिन्छ भन्ने डर ।
तिम्रो रक्षक-रूपमा समरमा ❀ आई स्वयं लड्दछु
तीनै लोक लडे पनी म सहजै ❀ एक्लै लडी जित्तछु ॥६६४॥
यस्तो अर्ति दिई सदाशिव गए ❀ सानन्द कैलासमा
राजा जान्छु भनेर कम्मर कसे ❀ तत्काल संग्राममा ।
यस्तै बात थियो यता, अनि उत्ता ❀ घोडा हरायो भनी
खोज्थे जंगल पर्वतादिहरुमा ❀ शत्रुघ्न योद्धा पनि ॥६६५॥
पाएनन् जब अश्व क्रोधित भई ❀ बोले तिनी रोषमा
हाम्रो अश्व हरेर त्यो अब छिटै ❀ जाने भयो नर्कमा ।
सोधे फेरि सुमन्त्रलाइ भन को ❀ स्वामी छ यो राज्यको
तिन्को सैन्य कती छ शक्ति छ कती ❀ विस्तार यो देशको ॥६६६॥
भेट्यो अश्व कहाँ र कारण छ के ❀ त्यस्ले समाईलिने
यस्तो बात सुनी सुमन्त्र दुइ हात् ❀ माथी उचाली भने ।
पैह्रे नै रचना गरे नगर यो ❀ श्री विश्वकर्माजिले
राजा वीरमणी प्रधान यहिं छन् ❀ उन्कै ठुलो कीर्तिले ॥६६७॥

छैनन् शत्रु कुनै अगम्य छ यहाँ ❀ कैलास झैं सुन्दर
डुल्छन् शम्भु तथा सबै सुरहरू ❀ केही नमानी डर ।
गर्दै छन् रणमा स्वयं शिवजिले ❀ साहाय आई भने
ठूलो युद्ध हुनेछ सैन्य-दल छन् ❀ संग्राममा मारिने ॥६६८॥
वार्ता टुंगिन क्यै सकेन र सबै ❀ क्यै खिन्न जस्ता थिए
ज्ञानी नारदले उसै बखतमा ❀ आएर दर्शन् दिए ।
श्री शत्रुघ्न उठेर आदर-सहित् ❀ तिन्को गरे पूजन
जोरी हात भने विनम्र स्वरमा ❀ पाऊ समाईकन ॥६६९॥
देवर्षे ! हय त्यो कतातिर गयो ❀ केही पनी जान्दिनँ
घोडा मिल्छ कहाँ गएर कसरी ❀ आत्तिन्छ साह्रै मन ।
चोर्नेलाइ सकीनँ चिह्न अहिले ❀ दुःखी भएँ हे मुनि !
आज्ञा गर्नुहवस् मलाइ सजिलो ❀ जो युक्ति हो त्यो पनि ॥६७०॥
यस्तो बिन्ति सुनेर नारद मुनी ❀ बोल्दा भए बात यो
देख्दै छौ दरबार देवपुरको ❀ कैलास जस्तै छ यो ।
राजा वीरमणी प्रधान अहिले ❀ गर्छन् यहाँ शासन
राजी छन् पुरमा प्रजाहरु पनि ❀ क्वै छैन दुःखी जन ॥६७१॥
यिन्को ज्येष्ठ कुमार उद्धत निकै ❀ रुक्मांग भन्ने छ जो
व्यर्थै अश्व समाइ यो बखतमा ❀ गर्जीरहेको छ त्यो ।
त्यस्का साथ हुनेछ घोर वनमै ❀ संग्राम ठूलो, तर
हे शत्रुघ्न ! छिटै तिमीहरु पनी ❀ सेना तयारी गर ॥६७२॥
जित्नेछौ तिमि नै ठुलो समर यो ❀ बाधा परे तापनि
ठूलो नाश हुनेछ सैन्य-दलको ❀ यै युद्धमा नै भनी ।
अन्तर्धान भएर नारद मुनी ❀ तत्काल जाँदा भए
त्यो देवासुरको ठुलो समर झैं ❀ सेनाहरू तम्सिए ॥६७३॥

ज्ञानी नारद युद्ध हेर्दछु भनी ❀ आकाशमाथी गए
गर्छू युद्ध भनेर वीरमणि झन् ❀ चर्को गरी गर्जिए ।
आज्ञा झट्ट दिए ति वीरमणिले ❀ डाकेर सेनापति
बाजा झट्ट बजाउनू समरका ❀ आऊन् भएका जति ॥६७४॥

आज्ञा सुनेर नृपको सब हड्बडाए
पैह्री लुगा कवच अस्त्र लिएर धाए ।
योद्धाहरू अघि-अघी सब हिड्न लागे
सेनाहरू पछि-पछी लिइ अस्त्र त्यागे ॥६७५॥
त्यागेर वास धन-धाम त्यजेर आए
एकत्र भै ति दरबार ठुलो सजाए ।
मोती मणी र सुनका गहना सजेको
घोडा प्रधान रथमा दुइटा जुतेको ॥६७६॥
आए अनेक थरि वीर डटेर धेर
ढाक्यो अकाशभरि खूब धुलो उडेर ।
शस्त्रास्त्र-सज्जित भई रथमा चढेर
रुक्मांग दाखिल भए लिइ सैन्य धेर ॥६७७॥
पैह्री सफा कवच रत्न जडाउ, धीर
आए सुभांग उनका पनि भाइ वीर ।
भाञ्जा थिए नृपतिका बलमित्र नाम
तिन्को थियो समरमा अघि बढ्नु काम ॥६७८॥
सेनापती ति रिपुवार थिए प्रधान
तिन्को थियो समरमा बढि खूब मान ।
योद्धा जुटे सकल यी जब एक ठाम
बाजाहरू पनि बजे रणका तमाम ॥६७९॥

आकाशमा सुरहरू सबको विमान
डुल्दै थिए समर हेर्न भनेर जान ।
निस्केर वीरमणिले कवचादि ल्याए
शस्त्रास्त्र आदि रथमा, सब राख्न लाए ॥६८०॥
राजा चढी जब स्वयं रथमा बसेथे
बाजाहरू समरका सहसा बजेथे ।
हिड्दा ति सैनिकहरू ध्वनि भो अघोर
ढाकीदियो सब दिशा त धुलो उडेर ॥६८१॥
कम्पित् भइन् पृथिवि सैनिक वीर हिड्दा
उल्यों समुद्र पनि बेसरि छाल उठ्दा ।
पल्टे कती गिरिहरू पहरा ढलेर
मान्दैनथे भय कतै पनि क्यै भएर ॥६८२॥

हिड्दा सैनिकको छुटेर धुइरो ❀ पानी परे झैं भयो
चर्को शब्द भएर स्वर्गभरिमा ❀ तत्काल फैलीगयो ।
देखे सैन्य असंख्य वीरहरुको ❀ शत्रुघ्नजीले जब
लागे सोध्न सुमन्त्रलाइ भन लौ ❀ के गर्नुपर्ला अब ॥६८३॥
हाम्रा वीर लडाइँ गर्न अहिले ❀ तैयार को छन् भन
यस्तो मर्जि सुनी सुमन्त्र सबको ❀ भन्छन् बुझाई मन ।
हे शत्रुघ्न ! यि नीलरत्न बलवान् ❀ छन् वीर यी पुष्कल
जाऊन् लड्न प्रधान वीर दुइले ❀ पारून् ठुलो खल्बल ॥६८४॥
श्री शत्रुघ्नजिले पनी खुशि भई ❀ आफ्नू दिए सम्मति
आफ्ना शस्त्रहरू लिएर रथमा ❀ आए दुवै वीर ती ।
हाम्रो जीत हुनेछ जुन् किसिमले ❀ लड्नू त्यही चाललले
बोल्यो कोहि भने जवाफ दिनु त्यै ❀ होच्याउने बातले ॥६८५॥

सेना वीर भए परस्पर दुवै ❀ साम्ने दुवै पक्षका
थाले छुट्न अनेक बाण रणमा ❀ पक्षी समान् पंखका ।
धावा त्यो पहिले गरे समरमा ❀ श्रीरामका सैन्यले
थाले गिर्न विपक्षका रथ ध्वजा ❀ घोडा र हात्ती ढले ॥६८६॥
आफ्ना सैनिकको बिजोग रणमा ❀ देखेर रुक्मांगले
मारे सैन्य अनेक रामतिरका ❀ धैरै तिखा बाणले ।
तिन्का साथ म लड्दछू अब भनी ❀ आए डटी पुष्कल
देखी पुष्कललाइ आफ्नु नगिचै ❀ बोले तिनी केवल ॥६८७॥
छोरो क्षत्रियको म हूँ तिमि पनी ❀ उस्तै हुनाले गरी
लड्नू योग्य छ राजपुत्र दुइले ❀ संग्राममा यो घरि ।
जोडी मिल्न गयो प्रहार गर लौ ❀ हेरौं पराक्रम् पनि
तिन्का बात सुनेर तीक्ष्ण शरले ❀ हाने रिसाई, अनि ॥६८८॥
लागेथ्यो गइ वक्षमा तर पनी ❀ केही नमानीकन
हानेथे दश बाण मन्त्रित गरी ❀ रुक्मांगले तत्क्षण ।
ती दोटै वयमा समान बलमा ❀ एकै हुनाले पनि
मत्ता हात्ति लडे सरी वनमहाँ ❀ लड्थे म ठूलो भनी ॥६८९॥
हाने पुष्कलले तिखा शर लिई ❀ मन्त्रित् दशोटा जब
घोडा सारथि औ ध्वजा रथ ठुलो ❀ धूलो गराए सब ।
यौटा बाण गई गड्यो हृदयमा ❀ रुक्मांगजीको जब
लाग्यो घाउ तथापि केहि नगनी ❀ निक्कै रिसाए तब ॥६९०॥
ती अर्को रथमा चढी धनु लिई ❀ अर्को बलीयो अनि
भित्रै मुर्मुरिई झिके शर छिटै ❀ यस्लाइ मार्छू भनी ।
ऐह्ले वीर ! ठुलो पराक्रम गर्‍यौ ❀ स्याबास भन्छू, सुन
मेरो रोक प्रहार, आफ्नु तिमिले ❀ रक्षा गरे जीवन ॥६९१॥

पुग्नेछौ अहिले उडीकन छिट्टै ❀ हे वीर! आकाशमा
केही बेर घुमाइ फन्फनि यहीँ ❀ झार्नेछु संग्राममा ।
येती बात भनेर बाण धनुमा ❀ मन्त्रेर राख्दा भए
छाडे भ्रामक अस्त्र घोर रवले ❀ सारा दिशा थर्किए ॥६९२॥
शोभा-युक्त सुवर्ण-पंख सरिको ❀ आकाशमा शोभियो
आई पुष्कलको सुरम्य रथमा ❀ त्यो वेगले ठोकियो ।
योजन् एक जती हट्यो रथ पछी ❀ आश्चर्य त्यो देखियो
रोक्ने यत्न गरे तथापि रथ त्यो ❀ चौतर्फ घुम्दै गयो ॥६९३॥
योद्धा पुष्कलले लिई धनु ठुलो ❀ राखेर तीखा शर
लागे भन्न कराइ उच्च स्वरले ❀ आफ्नू सुरक्षा गर ।
योद्धा हौ तिमि श्रेष्ठ भन्छु म पनी ❀ के बस्तछौ पृथ्विमा
जाऊ झट्ट तिमी पठाउँछु छिटै ❀ यै बाणले स्वर्गमा ॥६९४॥
यस्ता बात भनेर खैँचि बलले ❀ ताँदो, रिसाईकन
छाडे मन्त्रित बाण श्रेष्ठ रथमा ❀ पुग्दो भयो बज्रन ।
लाग्यो फन्फनि घुम्न त्यो रथ, पुगे ❀ तत्काल आकाशमा
पौंचेथ्यो जब सूर्यमण्डलविषे ❀ मानो पऱ्यो अग्निमा ॥६९५॥
त्यस्का सारथि अश्व औ रथ डढे ❀ रुक्मांगजी पल्टिए
आए दुन्मुनिदै र जीवत बच्यो ❀ क्यै बेर मूर्च्छित् भए ।
भागे सैन्यहरू डराइ रणको ❀ देखी नराम्रो स्थिति
रोक्ने यत्न गरे, तथापि नसकी ❀ भागे डराई कति ॥६९६॥
थाले गर्जन वीर पुष्कल निकै ❀ भो जीत हाम्रो भनी
एक्लै घुम्न शुरू गरे समरमा ❀ विख्यात योद्धा बनी ।
देखे दुर्गति पुत्रको नृपतिले ❀ त्यस्तो नराम्रो जब
आए वीरमणी म लड्दछु भनी ❀ थिच्दै र मिच्दै सब ॥६९७॥

रोके पुष्कललाइ, वीर हनुमान् ❀ आफै अगाडी सरी
रोकेथे हनुमानलाइ उनिले ❀ गर्जेर सातो हरी ।
यिन्का साथ म लड्न सक्तछु अझै ❀ धेरै छ मैमा बल
पर्नेछैन लडाइँ गर्न तिमिले ❀ पार्छू स्वयं खल्बल ॥६९८॥
यस्ता पाँच अरू भए पनि सँगै ❀ लड्छू र जित्छू पनि
शंका कत्ति नमान वीर हनुमान् ❀ मैले भनेको भनी ।
योद्धा वीर कुनै पनी अघिसरी ❀ आए भने युद्धमा
सक्छू जित्न वृथा छ लड्नु तिमिले ❀ यी भूपका साथमा ॥६९९॥
यिन्का साथ लडाइँ गर्न रणमा ❀ बेजोड छौ भन्दछु
सोही कारणले पछी सर तिमी ❀ एक्लै डटी लड्दछु ।
यस्ता पुष्कलका कुरा सुनि कपी ❀ केही पछाडी सरे
योद्धा वीरमणी र पुष्कल दुवै ❀ तत्काल साम्ने परे ॥७००॥
यौटा पुत्र थिए शुभांग कहिने ❀ लक्ष्मीनिधीका सुत
लागे लड्न तिनी प्रसन्न मनले ❀ योद्धा अनेकौं-सित ।
अर्का ती बलमित्रको सुमदको ❀ भिन्नै लडाईँ चल्यो
हाहाकार पऱ्यो दुवैतिर अनी ❀ संग्राम झन् मच्चियो ॥७०१॥
भाई एक थिए ति वीरमणिका ❀ जो वीरसिं नामका
आए लड्न छिटै तिनी अघिसरी ❀ साम्ने हनूमानका ।
डाके पुष्कलले ति वीरमणिको ❀ देखेर फूर्ती त्यहाँ
आऊ लड्न छिटै तिमी अघिसरी ❀ मेरा अगाडीमहाँ ॥७०२॥
तिन्को हाँक सुनेर वीरमणिले ❀ हाँसेर हाः हाः गरी
लागे भन्न रिसाइ उच्च स्वरले ❀ गर्जी निकै बेसरी ।
देखी बालकलाइ यो समस्मा ❀ लाग्यो दया चित्तमा
लज्जा लाग्छ मलाइ लड्न अहिले ❀ क्वै बालका साथमा ॥७०३॥

जित्ने क्वै निज-पुत्रलाइ रणमा ❀ होला प्रतापी भनी
आएँ लड्न तथापि फिर्दछु पछी ❀ लाचार जस्तै बनी।
देख्दामा तिमिलाइ क्रोध त निकै ❀ जागीसकेको थियो
के लड्नू शिशु-साथ, क्रोध यतिमै ❀ सारा हराईगयो ॥७०४॥
जान्छू लड्न बरु प्रसन्न मनले ❀ शत्रुघ्नका साथमा
बोले पुष्कल धाक त्यो सुनिसकी ❀ गर्जेर संग्राममा।
आफू वृद्ध भएर, बालक तिमी ❀ भन्छौ मलाई, तर
कस्ते वीर भए पनी समरमा ❀ मान्दीनँ मैले डर ॥७०५॥
मूर्च्छा पर्न गई ढले पृथिविमा ❀ सत्पुत्र तिम्रा जब
आयौ लड्न भनी घमण्ड मनमा ❀ राखेर आफै अब।
ठूला छौ तिमि वीर छौ समरका ❀ ज्ञाता पनी छौ, तर
लागी बाण सुरेन्द्रको नगरमा ❀ जान्छौ तिमी आखिर ॥७०६॥
सानो सेवक हूँ म राम प्रभुको ❀ मान्छू म उन्कै भर
आऊन् लड्न म जित्तछू समरमा ❀ गन्धर्व विद्याधर।
यस्ता बात भनेर तीक्ष्ण शरले ❀ हाने रिसाईकन
लाग्यो बाण ध्वजा तथा रथ टुट्यो ❀ त्यो सारथी जीवन ॥७०७॥
हाने पुष्कलले तिखा शरहरू ❀ ताकी निकै वेगले
तिन्का काटिदिए ध्वजा रथ पनी ❀ टुक्रा गरी बाणले।
धारा बग्न गयो जसै रगतको ❀ घाऊ भए देहमा
दोटै वीर भए पलाश फुल झैं ❀ राता ठुलो युद्धमा ॥७०८॥
देखी पुष्कलको पराक्रम ठुलो ❀ ती भूपतीले जब
बोले धन्य म भन्छु वीर रणमा ❀ शस्त्रास्त्र छोडी सब।
गर्छौं जो रघुनाथको हृदयमा ❀ नित्यै तिमी सम्झना
त्यस्ले पार्न सक्यौ मलाइ विरथी ❀ धेरै दियौ यातना ॥७०९॥

मेरो श्रेष्ठ प्रहारको पनि छिटै ❀ नै स्वाद चाखे अब
यस्ता बात भनी तिखा शरहरू ❀ ताकेर छोडे सब ।
हा-हा पारिदिए दिशा र विदिशा ❀ ढाकेर ती बाणले
लागे भाग्न अनेक सैनिकहरू ❀ त्यै बाणका कामले ॥७१०॥

खोलो बग्यो रगतको नदिकै समान
त्यस्मा बगे थरि-थरी कर पाउ कान ।
घोडा र सारथि-सहित् रथ चूर्ण भैगो
सेनाहरू सकलको त्यहिँ प्राण गैगो ॥७११॥

घोडा र हात्तिहरुको शव थुप्रिनाले
वीभत्स दृश्य हुनगो कति हेर्न थाले ।
कुत्ता र गिद्ध अरु स्याल जमा भएर
मासू लुछे थरि-थरी नगिचै गएर ॥७१२॥

नाच्थे ति योगिनिहरू अति हर्ष मानी
प्युँथे घुटू-घुटु रगत् मृत देह तानी ।
घाँटी कटेर कतिका शिर फालिएका
बाहू र पाउ कतिका त्यहिँ छुट्टिएका ॥७१३॥

खाएर मांस शवका ति पिशाच जो छन्
नाचेर रातभरि हर्षबढाइँ गर्छन् ।
बाहू र पाउ शिर-हीन मुढा समान
ढल्दा भए कति त्यजी मरि प्राण मान ॥७१४॥

रातो नदी सरि भयो रणभूमि ताहाँ
माछा सरी शव बगे कति रात्रिमाहाँ ।
भाग्थे डराइ कति काँतर भीरु ताहाँ
लड्थे डटेर कति वीर लडाइँमाहाँ ॥७१५॥

देखे ति पुष्कलजिले रणको तमाश
आएन क्वै किसिमको मनमा हताश ।
पक्रेर तीन शर तीक्ष्ण भने कराई
मूर्च्छा म पार्दछु भने शर यै चलाई ॥७१६॥
हे वृद्ध भूप ! रणमा तिमिले गरेको
देखेर शौर्य म त दंग भएँ समर्को ।
तैयार पारि शरको पिंजरा तिमीले
त्यस्मा थुन्यौ मकन जानिलिएँ मनैले ॥७१७॥
हौ वीरमा तिमि प्रधान भनेर जानें
देखेर कौशल ठुलो गुण श्रेष्ठ मानें ।
मैले सकीनँ यति गर्न भने म भन्छु
विश्वास मान तिमिले जति जे कहन्छु ॥७१८॥
मूर्च्छा पार्न सकीनँ क्यै गरि भने ❀ भन्छू प्रतिज्ञा गरी
लागोस् पाप मलाइ विप्र-वधको ❀ वा गाइहत्या सरी ।
गंगामा गइ स्नान-दान नगरी ❀ फर्कन्छ जो दुर्जन
त्यस्लाई जति लाग्छ पाप उ सबै ❀ लागोस् मलाई, सुन ॥७१९॥
यस्ता बात सुनेर पुष्कलजिको ❀ राजा रिसाईगए
तीखो बाण लिएर त्यै बखतमा ❀ मन्त्रेर छाडीदिए ।
त्यस्ले पुष्कललाइ केहि नगरी ❀ पातालमा भासियो
जस्तै पर्दछ नर्कमा विमुख भै ❀ क्वै दुष्ट श्रीरामको ॥७२०॥
हाने पुष्कलले रिसाइ सहसा ❀ त्यो अग्नि झैं बाणले
त्यस्ले गर्न सकेन हानि नृपको ❀ लागे पनी वेगले ।
दोस्रो बाण गरे प्रहार रिसले ❀ ताकेर छाती, तर
टुक्रा पारिदिए ति वीरमणिले ❀ केही नमानी डर ॥७२१॥

योद्धा पुष्कल बाणको विफलता ❀ देखेर चिन्तित् भए
सम्झी राम-पदारविन्द मनले ❀ क्यै बेर ती घोरिए ।
यौटा बाण छ शेष, राम प्रभुको ❀ माया ममाथी भए
मेरो पूर्ण गरून् कबोल प्रभु नै ❀ भन्दै निकालीलिए ॥७२२॥
तेस्रो बाण गरे प्रहार मनमा ❀ श्रीराम सम्झीकन
बल्दो अग्निशिखा-समान शर त्यो ❀ गर्दै गयो गर्जन ।
लाग्यो बाण गई जसै हृदयमा ❀ तत्काल मूर्च्छित् भए
सेना भाग्न भनेर जीवन लिई ❀ सर्दै पछाडी गए ॥७२३॥
स्वाबासी सबले दिए खुशि भई ❀ हुन् वीर यी पुष्कल
देखी वीरमणीजिको स्थिति त्यहाँ ❀ ठूलो चल्यो खल्बल ।
तिन्का भाइ ति वीरसिंह हनुमान् ❀ हेरेर बांगो गरी
थाले गर्न प्रहार क्रोधित भई ❀ शस्त्रास्त्र नाना थरी ॥७२४॥
धैरै नै हनुमानका तनभरी ❀ लागे जसै बाण ती
धारा बग्न गई निकै रगतको ❀ ती आत्तिएथे अति ।
हाने बेसरि वीरसिंहकन त्यो ❀ मुड्की रिसाईकन
मूर्च्छा पर्न गई ढले पृथिविमा ❀ ती वीर सोही क्षण ॥७२५॥
श्री रुक्मांगद औ सुबाहु नृपती ❀ आए अगाडी सरि
एकै साथ गरे प्रहार दुइले ❀ मार्ने इरादा धरी ।
त्यो देखी हनुमान क्रोधित भई ❀ तत्काल मार्छू भनी
बेहे पुच्छरले दुवै रथ-सहित् ❀ केही नजान्ने बनी ॥७२६॥
फट्कारे जिमिमा दुवै रथ टुटे ❀ मूर्च्छा परे ती दुइ
गर्जेथे हनुमान उच्च स्वरले ❀ अत्यन्त खूशी भई ।
बाँकी सैन्य र वीर वीरमणिका ❀ जो-जो अगाडी सरे
लागी पुष्कलका तिखा शर कती ❀ मूर्च्छा परे वा मरे ॥७२७॥

देख्नूभो शिवले ठुलो समरको ❀ त्यस्तो नराम्रो स्थिति
आफ्ना भक्त नरेश वीरमणिको ❀ देखी ठुलो दुर्गति ।
सारा सैन्य तथा लिई गणहरू ❀ कैलास छाडीकन
पाल्नूभो रणमा म लड्दछु भनी ❀ उन्लाइ महत् दिन ॥७२८॥

भागीरथी शिरविषे शिवकी हुनाले
भस्मांग लेपन गरी शशि शोभिनाले ।
बाघम्बरू र करमा डमरू त्रिशूल
हिड्दा अगाडि गण खूब फुकी बिगूल ॥७२९॥
छन् तीन सूर्य शशि वह्नि विशाल नेत्र
हेर्दै थिए शिव घुमी-घुमि यत्र-तत्र ।
शस्त्रास्त्र सज्जित थियो रथ वज्र रूप
शोभा थियो शिवजिको बहुतै अनूप ॥७३०॥
पाल्नू हुँदा शिव स्वयं रणभूमिमाहाँ
हाहा पऱ्यो पृथिवि कम्प भएर ताहाँ ।
थर्के दिशाहरु, नदी र समुद्र उर्ले
धेरै गिरे गिरि यता-उति थर्कनाले ॥७३१॥
आएर क्रोध हुनगो अनुहार रातो
देखेर नै उडिगयो कतिको त सातो ।
शत्रुघ्नले समरमा जब शम्भुलाई
देखे उपस्थित, डटीकन लड्नलाई ॥७३२॥
शत्रुघ्नलाइ शिवले पनि सामुमाहाँ
देख्नूभयो अनि सबै गण डाकि ताहाँ ।
आज्ञा गरे तिमिहरू अब लड्न जाओ
एकेक शत्रुकन मार्न सहर्ष धाओ ॥७३३॥

हे वीरभद्र ! तिमि जाउ अगाडि लड्न
मारेर पुष्कलकनै फिरि आउ भन्न ।
हे नन्दि, भृंगि र रिटी सब लड्न जाओ
संग्राममा ति कपिलाइ जितेर आओ ॥७३४॥
जाओ कुशध्वज, प्रचण्ड र चण्ड वीर
लड्नू सुबाहुसित खूब बनेर धीर ।
लड्नू दमन्सित डटी तिमि वीर चण्ड
त्यस्को गराउ रणमा डटि खण्ड-खण्ड ॥७३५॥
आज्ञा सुनेर शिवको अति गर्जनाले
ती वीरभद्र पनि लड्न भनी खुशीले ।
पुग्दा भए जब ति पुष्कलका अगाडि
सेनाहरू पनि थिए उनका पछाडि ॥७३६॥
ती वीरभद्रकन देखि रिसाइ धेर
चढ्दा भए रथ तिनी नगरी अबेर ।
छाडेर पाँच शर बेसरि गर्जिएथे
ती वीरभद्र सुनि त्यो अलि तर्सिएथे ॥७३७॥
पक्री झट्ट त्रिशूल खूब बलले ❀ ताकेर छाडीदिए
हानी पुष्कलले तिखा शर छिटै ❀ त्यस्लाइ काट्दा भए ।
ली खट्वांग तुरुन्त उग्र रिसले ❀ ताकेर हाने जब
लाग्यो मस्तकमा त वज्र सरिको ❀ मूर्च्छा परेथे तब ॥७३८॥
आयो चेत र वीर पुष्कल उठी ❀ खट्वांग काटीदिए
त्यो देखीकन वीरभद्र रिसले ❀ आगो सरीका भए ।
तोडे पुष्कलको विशाल रथ त्यो ❀ धूलो गराए अनि
हेर्थे युद्ध ठुलो बसेर नभमा ❀ द्यौताहरूले पनि ॥७३९॥

थाले लड्न ति बाहुयुद्ध रिसले ❀ गर्जेर साम्ने गई
लागे झट्ट पछार्न वीर दुइले ❀ झन् बेसरी पक्रिई ।
तान्थे कम्मरमा समाति कहिले ❀ थेच्च्याउँथे बेसरी
खुट्टा पक्रि घिसार्दथे घरि-घरी ❀ मार्ने इरादा धरी ।।७४०।।
कैह्ले वज्र परेसरी मुठि कसी ❀ गर्जेर हिर्काउँथे
कैह्ले लड्न भनी सरी अघि-पछी ❀ पच्छार्न ती खोज्दथे ।
यस्तै युद्ध गरी-गरी दिन बिते- ❀ थे चार तिन्का' जब
त्यो पाँचौं दिन वीरभद्र रिसले ❀ आगो भएथे तब ।।७४१।।
पक्री पुष्कललाइ बेसरि लगे ❀ तानेर आकाशमा
बाहूयुद्ध चल्यो त्यहाँ पनि दुवै ❀ ती वीरको साथमा ।
ल्याए पुष्कलले घिसारि बलले ❀ घाँटी थिची भूमिमा
केही मूर्च्छित वीरभद्र ति भए ❀ तत्काल त्यै स्थानमा ।।७४२।।
गर्जे पुष्कल बेसरी समरमा ❀ भो जीत हाम्रो भनी
लावा पुष्प अबीर बेसरि छरे ❀ द्यौताहरूले पनि ।
आयो चेत र वीरभद्र रिसले ❀ खुट्टा समाईकन
मारे पुष्कललाइ बेसरि कुटी ❀ तिन्को लिए जीवन ।।७४३।।
हा-हाकार पऱ्यो चतुर्दिक सबै ❀ चर्चा चल्यो युद्धमा
मारे पुष्कललाइ काटि रणमा ❀ प्रत्यक्ष संग्राममा ।
योद्धा वीर जती थिए समरका ❀ ज्ञाता प्रतापी सब
आए हेर्न भनी चतुर्दिक उभी ❀ आश्चर्य मान्थे तब ।।७४४।।
यो संचाद लिएर दूत दगुरे ❀ शत्रुघ्नका पासमा
आए झट्ट त्यहाँ र देखि भतिजो ❀ रोए परी दुःखमा ।
भूमीमै पसरा परीकन बसे ❀ चिन्ता परी बेसरी
चिच्च्याए अनि वीर पुष्कल गयौ ❀ छाडी सबै यो घरि ।।७४५।।

कता गयौ लौ भन वीर पुष्कल !
देख्छू अँध्यारो म त घोर केवल ।
योद्धा भएर पनि यो रणमा तिमीले
त्यागीदियौ सहजमा किन प्राण ऐह्रे ॥७४६॥
रक्षार्थ यो हयसितै तिमि आउनाले
मान्थ्याँ खुशी समरमा विजयी हुनाले ।
माता-पिताकन म गै कसरी सुनाऊँ
पत्नी ति कान्तिमतिलाइ म के बुझाऊँ ॥७४७॥
गर्निन् विलाप जब रोइ-कराइ तिन्ले
मैले बुझाउनु गई भन कुन् वचन्ले ।
बाँच्नू वृथा छ यसरी दुःखमा परेर
आऊ बुझाउ अब बाबु स्वयं उठेर ॥७४८॥
शत्रुघ्नले जब विलाप गरे अघोर
सुन्ने पनी सब भए बहुतै अधीर ।
जो अश्व-रक्षक थिए सब भूप आए
शत्रुघ्नलाइ सबले बहुतै बुझाए ॥७४९॥
योद्धा त्यहाँ कपिपती पछिबाट आए
शत्रुघ्नलाई सब बात स्वयं बुझाए ।
श्रीरामको हजुरको शिवको कृपाले
लड्नन् यि पुष्कल उठीकन भन्छु मैले ॥७५०॥
रक्षा गरेर शवको यहिँ राख्नुपर्छ
होला विचार पछि जे जति गर्नुपर्छ ।
येती भनेर कपिले शव त्यो उठाए
जाहाँ सुरक्षित थियो उहिँ राखि आए ॥७५१॥

आए शम्भु स्वयं बुझाउँछु भनी ❀ शत्रुघ्नलाई त्यहाँ
जन्मन्छन् जति जीव यो पृथिविमा ❀ बाँचीरहन्छन् कहाँ ।
चिन्ता गर्नु वृथा छ पुष्कल मरे ❀ भन्ने कुरामा अब
के गर्दा हित हुन्छ यो विषयमा ❀ सोचून् म भन्छू सब ॥७५२॥
जानीलेउ ति वीरभद्र रणमा ❀ हुन् कालरूपी भनी
मारेथे अघि यज्ञमा पुगि स्वयं ❀ त्यो दक्षलाई पनि ।
मेरा वीर प्रधान हुन् अति ठुला ❀ तिन्को अगाडी परी
योद्धा पुष्कल पाँच दिन्तक लडी ❀ जाँदा भए ती मरी ॥७५३॥
चिन्ता गर्नु वृथा छ धैर्य मनमा ❀ शंका नमानी धर
गर्नैपर्छ लडाइँ यो समरमा ❀ आफै अगाडी सर ।
यस्ता बात सुनेर व्यंग्य शिवका ❀ शुत्रुघ्न आगो भए
धेरै बाण गरी प्रहार सहसा ❀ आपत्ति पारीदिए ॥७५४॥
त्यो देखी शर-जालमा शिवजिले ❀ घेरेर बाँधीलिए
जै-जैकार गरे समस्त सुरले ❀ आकाशमा जो थिए ।
दिन् एकादशसम्म उग्र स्वरले ❀ संग्राममा गर्जिए
बाह्रौँ दिन् शिवलाइ ताकि रिसले ❀ ब्रह्मास्त्र छोडीदिए ॥७५५॥
त्यो ब्रह्मास्त्र निले तुरुन्त शिवले ❀ पानी पिएझैं गरी
हानेथे शर एक तीक्ष्ण र गिरे ❀ शत्रुघ्न मूर्च्छा परी ।
हा-हाकार परेर सैनिकहरू ❀ ती भाग्न लागे जब
सम्झीदै रघुनाथलाइ मनले ❀ आए हनूमान् तब ॥७५६॥
बोले क्रोध गरेर हे शिव ! तिमी ❀ व्यर्थै घमण्डी बनी
बाधा यो किन पार्दछौ प्रभुजि को ❀ आफै ठुलो हूँ भनी ।
मान्नूहुन्छ तपाइँले पनि ठुला ❀ श्रीरामलाई जब
आँटेको किन विघ्न पार्न यसरी ❀ आई यहाँ हे शिव ॥७५७॥

यस्मा कारण के छ त्यो भन सबै ❀ विस्तारले सुन्दछु
भन्दैनौ तिमि यो कुरा यदि भने ❀ शेखी सबै तोड्दछु ।
जानीलेउ मलाइ शुद्ध मनले ❀ श्रीरामको सेवक
आएको अहिले म छू सँगसँगै ❀ भै अश्वको रक्षक ॥७५८॥
यस्ता बात सुनेर वीर कपिको ❀ बोल्नूभयो शंकर
साँचो बात भन्यौ म मान्दछु पनी ❀ श्रीराम हुन् ईश्वर ।
मेरा यी प्रिय भक्त वीरमणि हन् ❀ सम्झे विपत्ती परी
मैले मद्दत गर्न आउनुपऱ्यो ❀ संग्राममा यो घरि ॥७५९॥
यस्तो कारण हो तथापि म पनी ❀ भक्ती सदा गर्दछु
व्यर्थै धाक नलाउ लड्न म पनी ❀ यो युद्धमा सक्तछु ।
शम्भूको सुनि बात वीर हनुमान् ❀ अत्यन्त क्रोधित् भई
हाने पत्थरले, टुट्यो रथ ध्वजा, ❀ श्री शम्भुले गर्जिई ॥७६०॥
पाएथे जब आफुलाई विरथी ❀ चिन्तित् भएथे शिव
नन्दी आइ भने विनम्र स्वरमा ❀ बस्नोस् म-माथी अब ।
नन्दीको सुनि बात हर्षित भए ❀ संग्राममा श्री शिव
सुन्नूहोस् अब नन्दिको विषयमा ❀ विस्तार गर्छू सब ॥७६१॥

चाक्लो छ पीठ अनि योजन पाँच लाख
अग्लो छ उच्च गिरि झैं त पचास लाख ।
पाँचै हजार सिङ कान छ दीर्घ योजन्
घेरा जुरो वरिपरी छ हजार योजन् ॥७६२॥
देखिन्छ स्वच्छ थुतुनो त अनेक योजन्
उस्तै छ दीर्घ फल एक् सय मात्र योजन् ।
आँखा दुवै दुइ हजार कहिन्छ योजन्
हज्जार पाँच जति पुच्छर जान्नु योजन् ॥७६३॥

हल्लाउँदा चमर झैं दुइ कानलाई
देखिन्छ योजन सहस्र जती लमाइ ।
घेरो ठुलो छ खुरको त हजार योजन्
छन् प्वाल नाक दुइका त अनेक योजन् ॥७६४॥
जिभ्रो छ दीर्घ बुझ एक हजार योजन्
सम्पूर्ण देह म भनूँ कति पुग्छ योजन् ।
हिड्दा ठुलो गिरि सरी बुझिइन्छ नन्दी
उर्लन्छ सिन्धु-जल कम्पित हुन्छ पृथ्वी ॥७६५॥
सारा सखाप गरि पाप दिने निखारी
दिन्छन् ति शत्रुहरुलाइ तुरुन्त मारी ।
सेतो छ रंग शशि झैं अति दिव्य शोभा
छन् पीठमा वसन झालर शोभिएका ॥७६६॥
उस्तै मुकूट छ ठुलो शिरमा रहेको
शोभा छ रत्नहरुको उसमा जडेको ।
घाँटीभरी छ कति घण्ट झुलीरहेको
त्यस्को मिठो स्वर सुनिन्छ सुधा सरीको ॥७६७॥
निःश्वासले गिरिहरू पर फाल्न सक्ने
हुंकारले अरि जती सब मार्न सक्ने ।
जो चार वर्ण, युग चार सदा कहिन्छन्
ती नन्दिका चरणमा खुशिले रहन्छन् ॥७६८॥
षट्शास्त्र वेद र पुराण अनेक जो छन्
ती नन्दिकै तनभरी खुशिले रहन्छन् ।
तिन्का पछाडि अरु नन्दि हजार जो छन्
पैह्री विभिन्न गहना सब साथ हिड्छन् ॥७६९॥

देखेर वाहन ठुलो शिवको विचित्र
तस्वीर झैं हुन गए सब यत्र-तत्र ।
पाएर दर्शन, भए कति वीर हर्षित्
भागे डराइ कति वीर भएर मूर्च्छित् ॥७७०॥
जो जो थिए समरमा बलवान वीर
शक्ती हटाउन गए र बने अधीर ।
जैकार भो शिवजिको अनि नन्दिजीको
आकाशबाट सुरको फुल वृष्टि भैगो ॥७७१॥

नन्दीमाथि बसे तुरुन्त शिवजी ❀ आनन्द मानीकन
हानेथे हनुमानले लिइ शिला ❀ गर्दै ठुलो गर्जन ।
हान्नूभो शिवले त्रिशूल रिसले ❀ तिन्लाइ ताकी जब
पक्री शूल तुरुन्त वीर कपिले ❀ दुक्रा बनाए सब ॥७७२॥
ठूलो शक्ति लिएर फेरि शिवले ❀ हाने रिसाई अनि
लाग्यो शक्ति गिरे त्यहीं कपिपती ❀ हा राम ! स्वामी भनी ।
आयो चेत र वृक्ष एक कपिले ❀ हाने रिसाईकन
भागे सर्प त्यजेर देह शिवको ❀ पातालमा त्यै क्षण ॥७७३॥
बोले शम्भु लिई ठुलो मुसल नै ❀ पर्खी तँ हे वानर !
तेरो जीवन लिन्छु दुष्ट, मनमा ❀ लाग्दैन मेरो डर ।
यस्ता बात भनेर छाडिदिनुभो ❀ गर्जेर श्री शम्भुले
बाँचेथे हनुमान त्यो बखतमा ❀ रक्षा गरे रामले ॥७७४॥
छाडेको शिवले ठुलो मुसल त्यो ❀ छेडेर पृथ्वीकन
उड्दै पुग्न गयो रसातल विषे ❀ हेर्थे अनेकौं जन ।
नन्दीलाइ गरेर लक्ष्य कपिले ❀ छाडे ठुलो पर्वत
त्यस्ले गर्न सकेन हानि कपिको ❀ वा नन्दिको क्यै हित ॥७७५॥

हाने वृक्ष उखेलि एक बलियो ❀ योद्धा हनूमानले
टुक्रा पारिदिए अनेक बिचमै ❀ रोकेर श्री शम्भुले ।
हाने पुच्छरले तुरुन्त कपिले ❀ निक्कै ठुलो वेगले
रोकी झट्ट प्रहार त्यो शिवजिले ❀ भन्नूभयो हर्षले ॥७७६॥
साह्रै खूशि भएँ म यो समरमा ❀ केही नमानी डर
जस्तो आज गऱ्यौ पराक्रम छिटै ❀ मागेर लेऊ वर ।
यो आज्ञा शिवको सुनेर कपिले ❀ बिन्ती गरे सादर
केही छैन कमी मलाइ प्रभुको ❀ माया छ धेरै, तर ॥७७७॥
श्री शत्रुघ्न गिरेर मूर्छित भए ❀ औ मारिए पुष्कल
धेरै वीर अरू पनी मरिसके ❀ दुःखी म छू केवल ।
यिन्को जीवन राख्नुपर्दछ छिटै ❀ ल्याएर संजीवनी
भूत प्रेत पिशाच राक्षस तथा ❀ यिन्ले नखाऊन् भनी ॥७७८॥
रक्षा गर्नुहवस् हजूर यहिँ नै ❀ जान्छू म द्रोणाचल
जन्तू भक्षक स्याल वा कुकुरले ❀ जोगाउनोस् केवल ।
यस्ता बात सुनेर वीर कपिका ❀ राजी भए शंकर
जाऊ झट्ट तिमी म बस्तछु यहीँ ❀ पर्दैन मान्नू डर ॥७७९॥
त्याहाँबाट कुदेर वीर हनुमान् ❀ पौंचेर द्रोणाचल
बेरी पुच्छरले उखेल्छु गिरि नै ❀ भन्दै लगाए बल ।
लाग्यो हल्न द्रोण पर्वत त्यहाँ ❀ जो-जो थिए रक्षक
रोकेथे हनुमानलाइ सबले ❀ गर्दै ठुलो खल्बल ॥७८०॥
सारालाइ चुटे रिसाइ कपिले ❀ हा-हा गराईदिए
लागी चोट, गएर इन्द्रसित त्यो ❀ विस्तार गर्दा भए ।
राजन् ! वानर एक आइ गिरिमा ❀ लामो गरी पुच्छर
लैजाने गिरिलाइ नै सहजमा ❀ गर्दो भयो तर्खर ॥७८१॥

हाम्रो युद्ध भयो परस्पर निकै ❀ फ्याँकी ठुला पत्थर
भाँच्यो हात टुटाइ पाउ कतिको ❀ भाग्यौं डरी आखिर।
यस्ता बात सुनेर ती सकलको ❀ देवेन्द्र क्रोधित् भए
जाओ लड्न समस्त देवगण लौ ❀ भन्दै निकै गर्जिए ॥७८२॥
यो आज्ञा सुनि इन्द्रको सुरहरू ❀ तत्काल जम्मा भए
त्यो द्रोणाचलमा पुगेर बहुतै ❀ उत्साहले गर्जिए।
सारा देवहरू मिलेर शरको ❀ वर्षा गरे बेसरी
भाँची ती शरलाइ झट्ट कपिले ❀ गर्जेर आँखा तरी ॥७८३॥
भाँची बाहु र पाउ देवगणको ❀ पारीदिए आकुल
लागे भाग्न कती डराइ मनमा ❀ साह्रै भई व्याकुल।
फर्के स्वर्गपुरी सबै सुरहरू ❀ हारी डरी आखिर
लागे भन्न सुरेन्द्रलाइ सब ती ❀ गर्दै ठुलो आदर ॥७८४॥
राजन् ! वानर एक आइ अहिले ❀ हा-हा गराईदियो
छैनौं लड्न समर्थ हामि उहिँ त्यो ❀ पर्खीरहेकै थियो।
यस्तो युक्ति कुनै उपाय सजिलो ❀ तत्काल गर्नूहवस्
यस्ले नत्र कुनै उपद्रव ठुलो ❀ गर्नेछ जान्नूहवस् ॥७८५॥
यस्तो बिन्ति सुनेर इन्द्र मनमा ❀ क्यै बेर चिन्तित् भए
सोध्नू पर्छ गई गुरूसित भनी ❀ तत्काल ती पौंचिए।
खोज्दै आश्रममा पुगेर गुरुको ❀ अत्यन्त हर्षित् भए
पाऊ पक्रि गुरूजिको विनयले ❀ न्यूरेर सोधीलिए ॥७८६॥
आई वानर एक द्रोणगिरिमा ❀ पारेछ हा-हा अनि
मारी रक्षकलाइ त्यो अझ त्यहीं ❀ पर्खन्छु ऐल्हे भनी।
यो संचार सुनेर पक्रन भनी ❀ द्यौता गएका थिए
आए ती सब चोट खाइ कपिको ❀ अत्यन्त दुःखी भए ॥७८७॥

को हो वानर त्यो र द्रोण गिरिमा ❀ आएछ के कामले
आज्ञा गर्नुहवस् गुरो ! हजुरले ❀ एकेक विस्तारले ।
भन्नूभो गुरुले सुनी यति कुरा ❀ देवेन्द्रलाई अनि
सारा बात बताउँछू सुन तिमी ❀ विस्तार ऐल्हे भनी ॥७८८॥
शत्रू रावण कुम्भकर्ण बलिया ❀ हुन् रामका दुर्जन
उन्कै सेवक श्रेष्ठ वीर हनुमान् ❀ आए दबाई लिन ।
आगो पुच्छमा लिएर सुनकी ❀ लंका जलाईदिने
फ्याँक्ने वृक्ष उखेलि, अक्षयकनै ❀ पक्रेर मारीदिने ॥७८९॥
राजन् ! उत्तम राम-राज्य छ जहाँ ❀ ठूलो अयोध्यापुरी
गर्दै छन् हयमेध राम प्रभुले ❀ अत्यन्त श्रद्धा गरी ।
छोडेको हय श्यामकर्ण अहिले ❀ डुल्दै पुगेथ्यो जब
पक्रेथे शिव-भक्त वीरमणिले ❀ त्यो अश्वलाई तब ॥७९०॥
हारेथे रणमा र झट्ट शिवको ❀ तिन्ले गरे प्रार्थना
आई मार्नुभयो अनेक बलिया ❀ योद्धा, दिई यातना ।
तिन्को प्राण बचाउनाकन स्वयं ❀ आए हनूमान् जब
लागे भन्न सुनेर बात गुरुका ❀ सानन्द ती वासव ॥७९१॥
के गर्ने गुरुजी ! बताउनुहवस् ❀ युक्ती कुनै सुन्दर
तिन्का बात सुनी बृहस्पति गुरू ❀ बोल्दा भए सादर ।
जाऔं हामि सबै परौं शरणमा ❀ दिन्छन् क्षमा निश्चय
पौंचेथे तब देव द्रोणगिरिमा ❀ जम्मा भई निर्भय ॥७९२॥
गर्दै छू म प्रणाम हे कपिपते ! ❀ माफी दिनूहोस् अब
द्यौताले नचिनी अनादर गरे ❀ विश्वास मान्नोस् सब ।
व्यर्थै कष्ट दिए कुरा नबुझि क्यै ❀ त्यस्को क्षमा माग्दछौं
भन्नूहुन्छ यहाँ जती हजुरले ❀ एकेक त्यो मान्दछौं ॥७९३॥

त्यागी क्रोध स्वरूप शान्त हुनुहोस् ❀ हे अञ्जनीका सुत
आएका सब देवता शरण छन् ❀ गर्नूहवस् क्यै हित ।
यस्तो उग्र स्वरूप धारण गरी ❀ के काम आयो परी
ऐल्हे पाल्नुभयो यहाँ हजुर लौ ❀ आज्ञा हवस् यो घरि ॥७९४॥
यस्तो प्रश्न सुनीसकेर गरुको ❀ बोले हनूमान् त्यहाँ
पाल्नूभो शिवजी ति वीरमणिको ❀ रक्षार्थ संग्राम्महाँ ।
मारे वीरहरू अनेक बलिया ❀ जीवित् म पार्छू भनी
आएँ पर्वतमा म चिन्दिनँ पनी ❀ बूटी उ संजीवनी ॥७९५॥
तिन्को बात सुनेर औषधि दिए ❀ ती देवताले जब
फर्के स्वर्गपुरी प्रसन्न मनले ❀ आए जतीका सब ।
पौंचेथे रणभूमिमा कपि छिटै ❀ बोकेर संजीवनी
स्याबासी सबले दिए पृथिविमा ❀ ठूला यिनै हुन् भनी ॥७९६॥
साक्षात् शम्भु जहाँ उपस्थित रही ❀ रक्षित् थिए पुष्कल
उन्लाई पहिले दिए लगि बुटी ❀ सञ्जीवनी उज्वल ।
जो-जो वीर मरे सबैकन स्वयं ❀ दिन्छू भनी जीवन
पारे जीवित एक-एक गरि ती ❀ सारा उठे सज्जन ॥७९७॥
उठ्नासाथ लिएर अस्त्र करमा ❀ गर्जे निकै पुष्कल
मूर्च्छा पारि ति वीरभद्र अहिले ❀ काहाँ छ, वैरी खल ।
मागे पुष्कलले धनू र कपिले ❀ बिन्ती गरे सादर
मारेथे तिमिलाइ, रक्षक बने ❀ श्रीराम नै आखिर ॥७९८॥
यो बूटी लिइ जाउँ झट्ट अहिले ❀ शत्रुघ्नजी छन् जहाँ
यो सल्लाह गरी पुगे सब जना ❀ संग्राम-भूमीमहाँ ।
बूटी राखिदिएर झट्ट मुटुमा ❀ भन्छन् प्रतिज्ञा गरी
मैले पालन ब्रह्मचर्यव्रतको ❀ गर्दा पनी राम्ररी ॥७९९॥

मूर्च्छा पर्न गए यि वीर कसरी ❀ पाऊन् छिटै जीवन
भन्नासाथ उठे सुते-सरि गरी ❀ शत्रुघ्न सोही क्षण ।
काहाँ छन् शिवजी म लड्दछु भनी ❀ चर्को गरी गर्जिए
लागे भन्न हजूरलाइ शिवले ❀ मूर्च्छित् गरेका थिए ॥८००॥
ल्याए झट्ट बुटी गएर कपिले ❀ त्यस्ले बचाईदिए
स्याबासी कपिलाइ देवहरुले ❀ धेरै दिएका थिए ।
यस्ता बात सुनी चढेर रथमा ❀ शस्त्रास्त्रका साथमा
पौंचे क्रोध गरेर लड्दछु भनी ❀ शत्रुघ्न संग्राममा ॥८०१॥
आफाफ्ना रथमा चढ़ेर करमा ❀ शस्त्रास्त्र सारा लिए
योद्धा पुष्कल वीरभद्र शिवथ्यैं ❀ शत्रुघ्न पुग्दा भए ।
योद्धा चण्डतिरै कपिध्वज गए ❀ नन्दीतरफ् मारुति
लागे गर्जन ती परस्पर धनू ❀ टंकार गर्दै अति ॥८०२॥
योद्धा वीरमणी पुगे शिव-सहित् ❀ शत्रुघ्नका सामुमा
धेरै वीर र सारथी रथ सयौं ❀ टुक्रा गरे युद्धमा ।
आग्नेयास्त्र गरे प्रहार सहसा ❀ शत्रुघ्नजीले जब
ठूलो अग्नि उठेर वीरमणिका ❀ सेना जलेथे सब ॥८०३॥
छाडे वारुण अस्त्र वीरमणिले ❀ तत्काल पानी पऱ्यो
जाडो धेर भई मरे कति त्यसै ❀ हा-हा गराईदियो ।
वायव्यास्त्र गरे प्रहार रिसले ❀ शत्रुघ्नजीले जब
सारा मेघ भए विलीन नभका ❀ आँधी चलेथ्यो तब ॥८०४॥
छाडे पर्वत-अस्त्र वीरमणिले ❀ गर्दै ठुलो गर्जन
आए पर्वत वायु नै थुनिदिए ❀ हिड्नै सकेनन् जन ।
त्यस्को मार्जन गर्न, त्यै बखतमा ❀ वज्रास्त्र छाडीदिए
भूमी कम्प भयो, दिशाहरु सबै ❀ चौतर्फमा हल्लिए ॥८०५॥

जुन् ब्रह्मास्त्र थियो ति वीरमणिले ❀ मन्त्रेर छाडीदिए
त्यस्ले नाश गऱ्यो चतुर्दिक निकै ❀ सेनाहरू मारिए ।
पाएको अघि योगिनीसित उही ❀ जुन् मोहिनी अस्त्र हो
श्री शत्रुघ्नजिले त छोडिदिनुभो ❀ ब्रह्मास्त्र नै टुक्रियो ॥८०६॥
छाडी बाण अनेक घोर रणमा ❀ शत्रुघ्नजी गर्जिए
मूर्च्छा पर्न गए ति रुद्रगण जो ❀ साम्ने डटेका थिए ।
त्यो देखी शिवजी चढेर रथमा ❀ संग्राममा तम्सिए
छोपेथे अनि अस्त्र-शस्त्रहरुले ❀ शत्रुघ्न क्यै आत्तिए ॥८०७॥
सल्लाहा हुनगो तुरुन्त कपिको ❀ शत्रुघ्नजीको पनि
सक्तैनौं यसरी लडेर शिवजी ❀ कैह्ल्यै जितिन्नन् भनी ।
आउन्नन् जबसम्म यो समरमा ❀ श्रीराम आफै अब
हड्तैनन् तबसम्म घोर रणमै ❀ लागीरहन्छन् शिव ॥८०८॥
सम्झे श्रीहनुमानले रघुपती ❀ हे राम ! हे ईश्वर
आँटे मर्न लडेर शम्भुसित यी ❀ शत्रुघ्नजी आखिर ।
रक्षा गर्नुपऱ्यो स्वयं हजुरले ❀ आएर संग्राममा
अर्को छैन समर्थ यो बखतमा ❀ योद्धा कुनै साथमा ॥८०९॥
भक्तीले हनुमानको खुशि भई ❀ श्रीराम पाल्नूभयो
देखेथे कति भक्तले प्रभुजिको ❀ त्यो रूप जस्तो थियो ।
जस्को अंग छ नील-पद्म सरिको ❀ दीक्षा लिएका अनि
पाएँ दर्शन यज्ञरूप प्रभुको ❀ हे नाथ! जै-जै भनी ॥८१०॥
बीचैमा उभिनूभयो समरको ❀ ढोगे सबै वीरले
हाम्रो कष्ट भयो निवारण भनी ❀ ढोगे हनूमानले ।
आज्ञा भो अनि शेषले सुन तिमी ❀ हे विज्ञ वात्स्यायन
देखेथे जब रामलाइ शिवले ❀ ढोगे खुशी भैकन ॥८११॥

थाले गर्न स्तुती प्रसन्न मनले ❀ हे राम ! हे ईश्वर
मायादेखि छ भिन्न रूप प्रभुको ❀ भन्छन् तपस्वी नर ।
अफै चक्र चलाउँछन् पृथिविको ❀ गर्छन् सुरक्षा पनि
गर्छन् जो सहसा महाप्रलय नै ❀ कर्तव्य हो यो भनी ॥८१२॥

ब्रह्मा बनेर सब सृष्टि तयार गर्ने
विष्णू बनेर सब पालन कार्य गर्ने ।
रुद्र-स्वरूप गरि धारण सृष्टि नाश्ने
रक्षार्थ अद्वितियलाइ सदैव मान्ने ॥८१३॥

तत्काल गर्छु हयमेध भनी प्रभूले
जो अश्व छाडिदिनुभो अहिले खुशीले ।
गंगा बगिन् हजुरकै पदबाट नाथ
तिन्लाइ धारण गरें निहुराइ माथ ॥८१४॥

मारेर ब्रह्मकुल पाप गरें भनेर
हो व्यर्थ गर्नु मख भन्दछु छक् परेर ।
जो धर्म-मूर्ति प्रभु छन् करुणावतार
तिन्लाइ भन्नु कसरी सब पाप टार ॥८१५॥

यो जान्दछू सब कुरा म तथापि भन्छु
लाग्दैन पाप प्रभुलाइ कबै कहन्छु ।
ज्ञानी मुनी ऋषि तपी जति छन् जगत्मा
ती जान्दछन् हजुरको महिमा बखत्मा ॥८१६॥

लाचारी छ प्रभो ! परी सकसमा ❀ रक्षा गरें भूपको
जानेको छु अवश्य भित्रि मनले ❀ यै तत्त्व हो रामको ।
डाकी यो रणमा वृथा दुख दिएँ ❀ त्यस्को क्षमा गर्नुहोस्
आएँ कारण जुन् परेर म यहाँ ❀ त्यो भन्दछू सुन्नुहोस् ॥८१७॥

त्यो उज्जैनविषे सही दुख महा- ❀ कालेश्वरैमा गई
क्षिप्राको तटमा गरे तप ठुलो ❀ सन्तापले आत्तिई ।
मैले तुष्ट भई भनें-नरपते ! ❀ मागेर लेऊ वर
मागे राज्य दिएँ यि देवपुरको ❀ कल्याणका खातिर॥८१८॥
हे राजन् ! रघुनाथले मख ठुलो ❀ गर्नन् र आयोजन
छोड्नेछन् हय आउनेछ सहसा ❀ दुल्दै यहाँ क्वै दिन ।
त्यै वेला तिमिलाइ मद्दत दिई ❀ उद्धार गर्नेछु म
आएँ पूर्ण कबोल गर्न त्यहि नै ❀ संग्राममा आज म ॥८१९॥
आई अश्व लिएर वीरमणिले ❀ अर्पी ठुलो वैभव
माग्नेछन् प्रभुका परी चरणमा ❀ माफी दिनोस् राघव ।
आज्ञा भो शिवका कुरा सुनिसकी ❀ श्रीरामले सादर
रक्षा गर्नु स्वधर्म हो हजुरको ❀ सद्भक्तका खातिर ॥८२०॥
तिम्रो चित्तविषे म छू र तिमि छौ ❀ मेरो सदा चित्तमा
यौटै हौं यदि भेद गर्दछ भने ❀ पर्नेछ त्यो नर्कमा ।
अज्ञानी जन भेद मान्छन सदा ❀ श्रीराममा शम्भुमा
यौटै मान्दछ जो उही सुख ठुलो ❀ भोग्नेछ वैकुण्ठमा ॥८२१॥
जस्ले गर्दछ भेद राम-शिवमा ❀ हुन् भिन्न-भिन्नै भनी
त्यो पर्नेछ मेरु रौरवविषे ❀ कल्पान्त दुःखी बनी ।
तिम्रा छन् जति भक्त यो पृथिविमा ❀ हुन् भक्त मेरा पनि
मेरा छन् जति भक्त ती सकल हुन् ❀ मान्छू म तिम्रा भनी ॥८२२॥
यस्ता वाक्य सुनेर राम प्रभुका ❀ तत्काल श्री शम्भुले
जीवित् पारिदिए मरे-जति सबै ❀ आफ्नू ठुलो शक्तिले ।
ढोगे वीरमणी उठेर पहिले ❀ श्रीरामका पाउमा
राखेथे शिर पाउमा सुत सबै ❀ ब्यूँतेर त्यै ठाउँमा ॥८२३॥

श्री शत्रुघ्न तथा सबै नृपतिले ❀ गर्दा भएथे स्तुति
अर्पे राज्य र अश्व वीरमणिले ❀ आनन्द मान्दै अति ।
अन्तर्धान भए उसै बखतमा ❀ श्रीराम औ श्रीशिव
राजा वीरमणी गए पछि-पछी ❀ शत्रुघ्नजीको तब ॥८२४॥

जो गर्दछन् स्मरण राम-चरित्र नित्य
तिन्लाइ हुन्न दुख क्यै बुझ बात सत्य ।
कम्ती हुँदैन, धन मान कुनै कुराको
भोग्नेछ सौख्य भवका सब सम्पतीको ॥८२५॥

शेषद्वारा कर्मको फलवर्णन

हे वात्स्यायन ! अश्वका पछि हिडे ❀ योद्धा तथा सैनिक
घोडा उत्तम हेमपर्वत पुग्यो ❀ साथै पुगे रक्षक ।
अग्लो पर्वत त्यो हजार दश नै ❀ योजन् थियो विस्तृत
जो उद्यान थियो त्यहाँ मन खिँची ❀ पारीलिने मोहित ॥८२६॥
त्यस्मा छन् लटरम्म फूल-फलका ❀ वृक्षादि नाना थरी
बोल्छन् हंस चकोर सारस चरा ❀ अत्यन्त मीठो गरी ।
देखिन्थ्यो सबतर्फ उत्तम सफा ❀ उद्यान चारैतिर
स्वेच्छाले हय रामको घुमि-फिरी ❀ पौँच्यो त्यहीं आखिर ॥८२७॥
घोडा थ्याच्च बस्यो उठेन कतिले ❀ मारे पिटे तापनि
आँटे पुष्कलले उठाउँछु स्वयं ❀ यस्लाइ मैले भनी ।
केही जोर चलेन पुष्कल बसे ❀ दिक्दार मानी जब
यस्तो के हुनगो भनी मनमनै ❀ शंका निकाल्थे सब ॥८२८॥

लागेथे कपिले उठाउन जसै ❀ शक्ती लगाईकन
बेहे पुच्छरले तथापि नहिली ❀ फर्के दुखाई मन ।
जस्ले द्रोणगिरी खिँची पुछरले ❀ सोझै उखेलीदिए
तिन्ले त्यो हयलाई बोक्न नसकी ❀ हारेर छाड्दा भए ॥८२९॥
देखी दुःस्थिति यो सबै नृपहरू ❀ चिन्तित् भएका थिए
श्री शत्रुघ्नजिले सुमन्त्र-सित यो ❀ तत्काल सोधीलिए ।
कस्तो कारण के परेर यसरी ❀ घोडा बस्यो लौ भन
देख्दा यो स्थिति अश्वको घरि-घरी ❀ आत्तिन्छ मेरो मन ॥८३०॥
लागे भन्न सुमन्त्रले सब कुरा ❀ हे नाथ ! ठान्छू म त
छन् धेरै ऋषि विज्ञ यी कुटिविषे ❀ सोधौं तपस्वीसित ।
गंगाका तटमा पुगे तिनिहरू ❀ सल्लाह गर्दै जब
भेटे विज्ञ मुनी ऋषीश्वर जती ❀ तिन्लाइ सोधे तब ॥८३१॥
सोध्दै आश्रममा पुगे तिनिहरू ❀ बस्थे जहाँ शौनक
जानेथे मुनिले यि राम प्रभुका ❀ हुन् अश्वका रक्षक ।
श्री शत्रुघ्न-समेत भूप सबको ❀ तिन्ले गरे स्वागत
पाद्यार्घ्यादि गरेर आसन दिए ❀ तिन्लाइ राम्रोसित ॥८३२॥
सोधे-पाल्नुभयो यहाँ किन सबै ❀ जान्दै थिए तापनि
वार्ता शौनकको सुनी सब भने ❀ घोडा अड्यो लौ भनी ।
काबेरी नदिको अगाध वनमा ❀ जुन् गौड देशीय हो
त्यस्को वर्णन के गरूँ म अहिले, ❀ अत्यन्त राम्रो छ त्यो ॥८३३॥
बस्थे 'सात्त्विक' नामका मुनि त्यहीं ❀ गर्थे तपस्या तिनी
धेरै वर्ष बित्यो र सिद्धि बलियो ❀ पाएर हर्षे मुनि ।
तिन्को मृत्यु भयो तपस्थिति-विषे ❀ आयो विमान् स्वर्गको
त्यस्मा साधन जो थिए सुख दिने ❀ सम्पूर्ण भोगादिको ॥८३४॥

क्रीडा गर्न ति अप्सरासित बसी ❀ आकाशमा उड्दथे
मेरू पर्वतको ठुलो शिखरमा ❀ धेरै मुनी बस्तथे ।
तिन्कै सामु लिएर उर्वशि तिनी ❀ दुष्कर्ममा गाडिए
पाए श्राप तुरुन्त राक्षस हुने ❀ साह्रै मुनी आत्तिए ॥८३५॥
ओलें सात्त्विक झट्ट विज्ञ मुनिको ❀ पाऊ समाईकन
लागे माग्न क्षमा, परी चरणमा, ❀ रोए दुखाई मन ।
उन्लाई खुशि भै भने ति मुनिले ❀ श्रीरामको अश्व जो
रोक्नेछस् अनि मुक्ति मिल्दछ उहीं ❀ वाणी सुनी रामको ॥८३६॥
जाओ गर्नु त्यहीं बसेर सबले ❀ श्रीरामको कीर्तन
त्यस्को म्याद पुग्यो र मुक्त हय त्यो ❀ होला बिना-कारण ।
श्री शत्रुघ्नजिले सुने यति कुरा ❀ ज्ञानी मुनीको जब
कस्तो कर्मगती विचित्र छ मुने ! ❀ जानी नसक्नू सब ॥८३७॥
ज्ञानी सात्त्विकले कुकर्म त्यसरी ❀ जानी नजानी गरे
पाई राक्षस-योनि राम प्रभुकै ❀ इच्छा हुनाले तरे ।
गर्छन् कष्ट सही कती तप ठुलो ❀ सिद्धी मिले तापनि
भोगेच्छा तर नाश हुन्न सहसा ❀ सन्ताप भोग्छन् तिनी ॥८३८॥
यस्तै छन् फल कर्मका कति गरूँ ❀ मैले यहाँ वर्णन
हे शत्रुघ्न ! ति कर्म-चिह्न जति छन् ❀ जानिन्छ देखीकन ।
जानूहोस् अब रामको सब मिली ❀ गर्नूहवस् कीर्तन
घोडा मुक्त हनेछ निश्चय छ यो ❀ सन्तुष्ट होला मन ॥८३९॥
त्याहाँबाट हिडे गए-जति सबै ❀ राजाहरू जो थिए
घोडाका नगिचै पुगेर कपिले ❀ यस्तो प्रतिज्ञा लिए ।
सारा पाप र ताप नाश्तछ उही ❀ श्रीरामको नामले
जाओ शीघ्र विमानमा तिमिहरू ❀ अत्यन्त आनन्दले ॥८४०॥

यो सुन्दा हुँदि श्रापमोचन भई ❀ ठूलो विमान्मा बसी
बीदा सात्त्विकजी भए मनमनै ❀ मानी रहेथे खुशी ।
केही बेर बसी गरे सकलले ❀ श्रीरामको कीर्तन
जै-जैकार गरे समस्त सुरले ❀ आकाशमा गैकन ॥८४१॥

राजा सुरथको आख्यान

हे वात्स्यायन ! सात मास बितिगो ❀ घोड़ा छुटेको जब
सारा भारतमा डुल्यो अनि पुजे ❀ सारा प्रजाले सब ।
त्यो घोडा जहिले हिमालयतिरै ❀ देशादि डुल्दै गयो
शक्तीले रघुनाथको कहिँ कतै ❀ छूनै नसक्ने भयो ॥८४२॥
अंगै बंग कलिंग देशहरुमा ❀ पूजा गरे भूपले
पौंच्यो कुंडिनपूरमा सुरथजी ❀ विख्यात भूपालले ।
गर्थे शासन रामको स्मरणले ❀ सानै बनी बस्तथे
पूजा श्रीरघुनाथको तुलसिको ❀ ती गाइको गर्दथे ॥८४३॥
पापी कोहि थिएन धर्म-पथको ❀ गर्थे सबै पालन
तिन्को राज्यभरी थिएन झगडा ❀ चोरी हुने कारण ।
त्यस्ता धार्मिक भूपती सुरथका ❀ घुम्थे अनेकौं चर
साह्रै उत्तम श्यामकर्ण हय त्यो ❀ देख्दा भए आखिर ॥८४४॥
आयो अश्व भनी तुरुन्त चरले ❀ सम्चार ल्याए जब
ल्याओ अश्व भनेर श्रीसुरथले ❀ आज्ञा दिएथे तब ।
ल्याए अश्व तुरुन्त दूतहरुले ❀ आज्ञा सुनी भूपको
इच्छा पूर्ण हुनेछ दर्शन मिली ❀ मेरा प्रभू रामको ॥८४५॥

घोडा बाँधिदिए त अस्तबलमा ❀ तत्काल ती दूतले
गर्नूपर्छ लडाइँ तर्खर गरून् ❀ जम्मा भई सैन्यले ।
ज्ञानी शेष ! सुनीरहू सुरथको ❀ साम्राज्यमा क्वै पनि
अर्काको धन दारमा मन दिने ❀ पापी र द्रोही खुनी ॥८४६॥
कोही व्यक्ति थिएन; हाजिर सबै ❀ हुन्थे खुशी छौं भनी
गर्थे कीर्तन रामको घरघरै ❀ सद्भक्त राम्रा बनी ।
लागे भन्न नरेश राज्यभरिमा ❀ जो छैन लोभी जन
जो छन् पत्नि-व्रती, कुनै सुजनको ❀ निन्दा नगर्ने सुन ॥८४७॥
उल्टो मार्ग त्यजीदिने सुख हुने, ❀ छन् वेद पढ्ने जति
गर्ने राम-भजन् प्रसन्न मनले ❀ बस्छन् अनेकौं यति ।
बोल्ने सत्य कुरा गुणी जनहरू ❀ यो राज्यमा बस्तछन्
सेवा श्रीरघुनाथको नगरने ❀ तत्काल नै भाग्दछन् ॥८४८॥
गर्ने धर्म-विरुद्ध कार्य अथवा ❀ पापी छ जो दुर्जन
त्यस्लाई म त बस्न दिन्नँ पुरमा ❀ यस्तै छ मेरो प्रण ।
राजाको यहि नीतिले यमपुरी ❀ रित्तीसके-झैं भयो
पाईला यमदूतको, सुरथको ❀ काहीं नपर्ने थियो ॥८४९॥
धारेका मुनि-भेष श्रीयम पुगे ❀ सानन्द कोही दिन
वाणी नम्र हुने र राम मुखले ❀ बोल्ने खुशी भैकन ।
देख्दा ती मुनिलाइ श्रीसुरथले ❀ आनन्द माने अनि
पाद्यार्घ्यादि गरेर आसन दिए ❀ बस्नूहवस् हे मुनि ! ॥८५०॥
बोले भूपति हे मुने ! शुभ कथा ❀ क्यै भन्नुहोस् रामको
सुन्नाले पनि पाप ताप सहजै ❀ जाला दुखी चित्तको ।
हाँसेथे मुनि बात केहि नभनी ❀ ताली पिटे बेसरी
सोधे कारण भूपले अनि भने ❀ तिन्ले कुरा राम्ररी ॥८५१॥

राजन् ! भन्दछु हाँस्नको सुन तिमी ❀ जुन् मुख्य हो कारण
गर्छौं कीर्तन रामको तिमि ठुलो ❀ कुन् राम हुन् ती भन ।
छन् प्राणी सब कर्मका वशमहाँ ❀ त्योदेखि भिन्नै छ को
कस्को कीर्ति छ स्वर्ग वा नरकमा ❀ सक्नेछ लैजान को ॥८५२॥
जान्नू कर्म प्रधान सन्तति पनी ❀ हुन्छन् ठुला यज्ञले
बस्छन् इन्द्र बनेर स्वर्गपुरिमा ❀ आफ्नू ठुलो कर्मले ।
आफ्नै उत्तम कर्मले विधि भए ❀ ती सृष्टिकर्ता पनि
बस्छन् स्वर्ग गएर कर्म-फलले ❀ राजा तपस्वी मुनि ॥८५३॥
गर्नोस् यज्ञहरू र पूजन पनी ❀ द्यौता सबैको गरी
राख्नोस् कीर्ति ठुलो यही पृथिविमा ❀ हो कार्य त्यै आखिरी ।
तिन्का बात सुनेर क्रोधित भए ❀ तत्काल ती भूपति
यस्ता मानिस राख्नु हुन्न पुरमा ❀ गर्छन् यिनैले खति ॥८५४॥
गिर्छन् ती पदबाट कर्म सकिई ❀ देवेन्द्र ब्रह्मा पनि
को बस्छन् भन स्वर्गमा स्थिर भई ❀ विस्तारले हे मुनि ।
गिर्दैनन् तल रामभक्त हनुमान् ❀ प्रह्लाद ज्ञानी ध्रुव
यस्ता छन् बुझ रामभक्त ऋषिजी ! ❀ अन्यायि को टिक्तछ? ॥८५५॥
जस्ले गर्दछ द्रोह राम प्रभुको ❀ कोही भए तापनि
त्यस्तालाइ धपाउँछू नगरको ❀ बाहीर लौ जा भनी ।
राजाको सुनि बात दूतहरुले ❀ लागे र घोक्च्याउन
आफ्नू रूप लिएर झट्ट यमले ❀ भन्छन् बुझाईकन ॥८५६॥
हे राजन् ! अहिले सबै तरहले ❀ तिम्रो परीक्षा गरैं
देखी वृत्ति प्रगाढ राम-पदमा ❀ आश्चर्यमा नै परैं ।
जे इच्छा मनमा छ माग नृपते ! ❀ तत्काल दिन्छू वर
मेरो निम्ति अदेय छैन भवमा ❀ पर्दैन मान्नू डर ॥८५७॥

मैले जो तिमिलाइ बेसरि गरें ❀ यत्नादि झुक्क्याउने
यस्मा मिल्न सकेन क्यै सफलता ❀ मौका छ खूशी हुने ।
माग्दै छू वर राम-दर्शन-विना ❀ मैले नमर्नूपरोस्
मेरो यो तनमा कदापि भयको ❀ संचार कैह्ले नहोस् ॥८५८॥
बोलेथे यम-रामले हजुरको ❀ इच्छा पुऱ्याईदिनन्
अन्तर्धान भए त्यती भनिसकी ❀ राजा भए खूशि झन्।
त्याहाँबाट गए सभा-भवनमा ❀ सारा डटेका थिए
गनैंपर्छ लडाइँ अश्व नदिने ❀ यस्तो निधो गर्दिए ॥८५९॥
जेठा पुत्र थिए गुणी सुरथका ❀ योद्धा ठुला चम्पक
अर्का पुत्र थिए रिपुञ्जय अनी ❀ दुर्वीर औ मोहक।
ती हर्यक्ष र भूरिदेव, सहदेव् ❀ पर्तापि सूतायन
तिन्का यी बल मोदक प्रभृति हुन् ❀ छोराहरू सज्जन ॥८६०॥
सारा सैन्य र अस्त्र-शस्त्रहरुले ❀ पूरा तयारी गरे
ठूला वीर पराक्रमी जति सबै ❀ योद्धा अगाडी सरे ।
लागे भन्न कथा प्रसन्न मनले ❀ श्रीशेषजीले उता
सारा खल्बलमा परे, हय गयो ❀ ऐह्ले कता हो कता ॥८६१॥
यौटा सेवकले दियो खबर यो ❀ यै राज्यका रक्षक
आई अश्व लगे समाइ बलले ❀ धेरै थिए सैनिक ।
त्यस्को बात सुनेर क्रोधित भई ❀ शत्रुघ्नजी गर्जिए
पार्छू ध्वस्त सबै म यो नगर नै ❀ सुन्दा सबै तर्सिए ॥८६२॥
को हो भूप ? सुमन्त्रजी ! भन छिट्टै ❀ को गर्दछन् शासन
तिन्को गर्दछु सुन्नुहोस् हजुर लौ ❀ विस्तारले वर्णन ।
ज्ञानी धार्मिक भूप छन् सुरथजी ❀ सम्पूर्ण संसारमा
जोडी छैन अरू कुनै पनि कहीं ❀ चल्ने यि झैं धर्ममा ॥८६३॥

धूलो झैं रघुनाथका चरणको ❀ मान्छन् ति आफूकन
भक्तीमा हनुमान झैं छ नृपको ❀ साह्रै रमेको मन ।
तिन्ले नै रघुनाथको हय लगी ❀ बाँधीलिएका भए
दिन्छन् वा यदि लड्दछन् पनि भने ❀ क्वै दूत आफ्नू गए ॥८६४॥
तिन्को के छ विचार हामि सबले ❀ जानीलिनेछौं जब
गर्ने त्यै अनुसारले अनि पछी ❀ होला निधो त्यो सब ।
यो सल्लाह सुमन्त्रको सुनिसकी ❀ शत्रुघ्न बोल्नूभयो
ल्याऊ अंगदलाइ डाकि नगिचै ❀ भन्छू बुझाई म यो ॥८६५॥
लंकामा दशकंठलाइ तिमिले ❀ पैह्ले भनेझैं गरी
भन्नू भूपतिको सभा-भवनमा ❀ निर्भीक भै राम्ररी ।
पैह्ले भन्नु बुझाइ अश्व तिमिले ❀ पक्रेर ल्यायौ किन ?
जाऊ झट्ट उठेर यै बखतमा ❀ घोडा बुझाईदिन ॥८६६॥
श्रीशत्रुघ्नजिका परी चरणमा ❀ माग्नू क्षमा सादर
भन्नू येति कुरा बुझाइ तिमिले ❀ पर्दैन मान्नू डर ।
पौंचे अंगद भूपको महलमा ❀ तत्काल सोद्धा भए
आएका किन वीर अंगद तिमी ? ❀ भन्दै निकै गर्जिए ॥८६७॥
बोले अंगद भूपका सुनि कुरा ❀ शंका नमानी रति
बाली-पुत्र मलाइ अंगद सबै ❀ भन्छन् चिनेका जति ।
आएँ दूत भएर श्रीरघुपती- ❀ का भाइ शत्रुघ्नको
देऊ उत्तर हे नरेश ! तिमिले ❀ मेरा सबै प्रश्नको ॥८६८॥
ऐह्ले श्रीरघुनाथको हय हरी ❀ ल्याएर बाँध्यौ किन ?
भक्तै हौ तिमि रामका त किन यो ❀ उल्टो गरेका भन ।
जाऊ अश्व र सम्पती सुत लिई ❀ शत्रुघ्नका पाउमा
राखी गर्नु प्रणाम, भन्नु नृपते ! ❀ गर्नूहवस् लौ क्षमा ॥८६९॥

मान्दैनौ तिमि यो कुरा यदि भने ❀ शत्रुघ्न भै क्रोधित
गर्नेछन् सब नाश शस्त्रबलले ❀ साह्रै नराम्रो-सित ।
जस्ले रावण-वंशको गरिदिए ❀ संहार संग्राममा
तिन्को अश्व हेर्र यो बखतमा ❀ खोज्यौ निहूँ व्यर्थमा ॥८७०॥
यस्ता बात सुनी भने सुरथले ❀ जे जे भन्यौ वानर
हुन् ती सत्य कुरा म बुझ्दछु सबै ❀ मान्दीनँ मैले डर ।
ती शत्रुघ्नजिको परेर वशमा ❀ सुम्पन्नँ घोडा सुन
मिल्ला दर्शन रामको अनि स्वयं ❀ सक्रेछु सुम्पीदिन ॥८७१॥
मेरो राज्य र सम्पती सुत सबै ❀ गर्छू स्वयं अर्पण
लड्छू क्षत्रिय-धर्मले समरमा ❀ आए कुनै कारण ।
श्रीशत्रुघ्न, कपीपती र नृपती ❀ छन् जो ठुला पुष्कल
राख्नेछू सबलाइ बन्धन कसी ❀ देखाइ आफ्नू बल ॥८७२॥
तिन्का बात सुनेर अंगद निकै ❀ गर्जेर बोले अनि
गर्दै छौ बकवाद व्यर्थ नबुझी ❀ आफै मपाईं बनी ।
मारेथे लवणासुर प्रभृति जो ❀ शत्रुघ्नले युद्धमा
विद्युत्माली-समेत राक्षस ठुला ❀ मार्ने ति संग्राममा ॥८७३॥
ती शत्रुघ्न प्रधान वीरकन नै ❀ बाँध्छू भन्यौ जो यहाँ
शोभायुक्त भएन यो नरपते ! ❀ सोची लिए मन्महाँ ।
योद्धा पुष्कलले जिते समरमा ❀ ती वीरभद्रैकन
स्याबासी सबले दिए खुशि भई ❀ हे वीर ! हे सज्जन ! ॥८७४॥
स्वामी श्रीरघुनाथका चरणमा ❀ भक्ती छ जस्को अनि
याहीं छन् हनुमान वीर नगिचै ❀ हेर्नोस् तपाईं पनि ।
चिन्दैनन् तिनिलाइ अज्ञ जनले ❀ हुन् रामका सेवक
कोही छैन अरू तिनै भुवनमा ❀ यिन्का सरी लायक ॥८७५॥

छन् सुग्रीव पनी यि वानरपती ❀ बुद्धी छ यिन्को ठुलो
यिन्ले क्रोध गरी लडे समरमा ❀ सम्पूर्ण पार्छन् धुलो ।
राजा वीरमणी, प्रताप र सुमद् ❀ योद्धा कुशध्वज् भए
योद्धा श्रेष्ठ सुबाहु छन् विमलजी ❀ उस्तै ठुला भैगए ॥८७६॥
यस्ता वीर अनेक छन् समरमा ❀ सत्शौर्य ठूलो हुने
तिन्का साथ लडाइँ गर्नु कसरी ❀ कल्याण भेट्टाउने ।
छन् साना भुसुना सरी नरपते ! ❀ सेना यताका सब
गर्नन् रक्षण अश्वका सँग गए ❀ शत्रुघ्नले नै तब ॥८७७॥
तिन्का बात सुनी भने सुरथले ❀ मैले भनेको सुन
जत्ती शक्ति ममा छ उत्ति अरुमा ❀ पाइन्न भन्ने गुन ।
आएका कपि श्यामकर्ण हयको ❀ साथै बनी रक्षक
वाणीले मन कर्मले र तनले ❀ श्रीरामकै सेवक ॥८७८॥
मैले गर्दछु ध्यान नित्य विधिले ❀ श्रीरामकै चिन्तन
तिन्को खूब ठुलो दया छ मनमा ❀ देलान् छिटै दर्शन ।
ऐह्ले छन् जति वीर श्रेष्ठ प्रभुका ❀ हुन् भक्त प्यारा भने
लैजाऊन् हयलाइ बाँधि मकनै, ❀ सक्तैन कोही भने ॥८७९॥
ती शत्रुघ्नकहाँ गई सब कुरा ❀ पैह्ले सुनाओ अनि
जाओ तर्खर युद्धको गर, त्यहीं ❀ नै आउँला मै पनि ।
फर्के अंगद भूपको सुनि कुरा ❀ आए सभामा जब
जो जो बात भयो उतातिर सबै ❀ तिन्ले सुनाए सब ॥८८०॥
पाए सुन्न जसै विचार नृपका ❀ हे विज्ञ वात्स्यायन !
योद्धा वीर ठुला थिए नृप जती ❀ थाले त्यहीं गर्जन ।
हाम्रो अश्व हेर ती सुरथले ❀ जुन् धाक लाए यहाँ
साटो फेर्नु अवश्य पर्दछ छिटै ❀ त्यै घोर संग्राम्महाँ ॥८८१॥

हात्ती र अश्व रथ पैदल सैन्य वीर
शस्त्रास्त्र-सज्जित भए सब उत्लिखेर ।
बाजा बजे थरि थरी अति गर्जनाले
पृथ्वी प्रकम्पित भइन् गिरि हल्लनाले ॥८८२॥
कोकोहलो अति भयो ध्वनि स्वर्गमा गो
आश्चर्य देवगणमा सहसा हुने भो ।
बाजा विपक्षतिरका पनि बज्न लागे
सेना समुद्र सरि उर्लन लागिहाले ॥८८३॥
शत्रुघ्नले सुमतिलाइ भने बुझाई
देखिन्छ सैन्य नृपको बहुतै सजाई ।
आईपुग्यो समरमा अब युद्ध गर्न
जोडी मिलाउनुपऱ्यो बुझि शक्ति मर्म ॥८८४॥
बोले सुमन्त्र अनि केहि गरी विचार
जोडी मिलाउनुपऱ्यो अब वीर धीर ।
हाम्रा यि पुष्कल र चम्पक वीर लड्छन्
योद्धा रिपुञ्जय कपीपति-साथ भिड्छन् ॥८८५॥
योद्धा कुशध्वज र लक्ष्मिनिधी मिलेर
दुर्वारको, विमलको र सुबाहु धीर ।
अंगद् र धीर सहदेव समान वीर
हर्यक्ष वीर असुताप मिलुन् भिडेर ॥८८६॥
यी भूरिदेव निलरत्न समान जो छन्
योद्धा ति वीरमणिका सँगमा रहन्छन् ।
जोडी मिलाइ यसरी रणभूमिमाहाँ
पर्नेछ लड्नु अब हामि डटेर ताहाँ ॥८८७॥

हे बाबु चम्पक ! भनीकन पुष्कलैले
सोधे-बताउ शुभ नाम स्वयं पहीले ।
को हुन् पिता र जननी भन नाम पैह्ले
इच्छा भयो मकन जान्न समस्त ऐह्ले ॥८८८॥
तारा सरी समर-भूमिविषे म देख्छु
शस्त्रास्त्र सज्जित तिमी अति धन्य मान्छु ।
बोले ति चम्पक सुनीकन प्रश्न त्यस्तो
सोध्यौ कुरा समरमा किन आज यस्तो ॥८८९॥
के काम नाम कुलको रणभूमिमाहाँ
शक्ती प्रदर्शन ठुलो बल हुन्छ याहाँ ।
यस्तो भए पनि सुध्याइलियौ तिमीले
भन्छू म नाम सुनिल्यौ क्रमले अहीले ॥८९०॥
माता उनै रघुपती र पिताजि राम
हूँ राम-भक्त अनि बान्धव श्रेष्ठ राम ।
हूँ राम-भक्त उनकै भरमा म लड्छु
तार्छन् मलाइ रणमा भनि आश गर्छु ॥८९१॥
भन्छन् जसोरी सब लोकले त्यो
भन्छू म नाम सुन वीर प्रधान जो हो ।
मेरा पिता सुरथ हुन् नृपती यहाँका
मेरी ति वीरमति हुन् बुझ जन्मदाता ॥८९२॥
अर्को छ नाम ऋतुराजविषे फुलेको
लुट्ने सुगन्ध भ्रमरागणले खुलेको ।
चर्को छ गन्ध फुलको बुझ टाकुरामा
झुल्छन् त्यहीं भ्रमर-वर्ग वरीपरीमा ॥८९३॥

त्यस्तो छ पुष्प जुन हो त्यहि नाम जान
गर्छू सदैव रणमा म प्रसिद्ध काम ।
यस्तो कुरा जब ति पुष्कलले सुनेथे
स्याबास वीर भनि चित्तविषे गुनेथे ॥८९४॥

त्यागी व्यर्थ विवाद वीर ति दुवै ❀ संग्राममा तम्सिए
वर्षाई शर बेसरी ति पिँजरा ❀ जस्तै तुल्याईदिए ।
तीखा वाण चलाइ वीर दुइले ❀ काटीदिएथे शर
हेराहेर गरे परस्पर दुवै ❀ तीखा नयन्ले, तर ॥८९५॥
तीखा वाण चलाइ चम्पकजिले ❀ हाँसी निकै गर्जिए
टुक्रा पुष्कलले समस्त शरको ❀ तत्काल पारीदिए ।
फेरी चम्पकले झिकी शर तिखा ❀ मन्त्रेर छाडीदिए
त्यो काटीकन वीर पुष्कल निकै ❀ संग्राममा गर्जिए ॥८९६॥
छाडे पाँच तिखा-तिखा शरहरू ❀ ताकेर तिन्ले जब
काटे लाग्न नपाइ चम्पकजिले ❀ टुक्रा गराई सब ।
हानेथे सय बाणले समरमा ❀ मार्ने इरादा धरी
व्यर्थै पारिदिए ति पुष्कलजिले ❀ हजार टुक्रा गरी ॥८९७॥
छाडे चम्पकले लिई शरहरू ❀ प्रत्यक्ष अग्नी सरी
काटे पुष्कलले समस्त नभमै ❀ टुक्रा हजारौँ गरी ।
देखी त्यो शरको लडाइँ दुइको ❀ आश्चर्य मानीकन
हेर्थे देवहरू बसेर नभमा ❀ हर्षित् भएथ्यो मन ॥८९८॥
योद्धा पुष्कलले तुरुन्त रिसले ❀ ब्रह्मास्त्र छाडीदिए
त्यस्को तेज बढी दिशा दश सबै ❀ रातो तुल्याईदिए ।
पल्ट्यो सिन्धु कि यो महाप्रलय हो ❀ भन्ने तुल्याई-दियो
केही बेर रह्यो त्यही स्थिति अनी ❀ बिस्तार शान्ती भयो ॥८९९॥

हाने पुष्कलले रिसाइ बलले ❀ आगो सरीको शर
टुक्रा पारिदिए ति चम्पकजिले ❀ केही नमानी डर ।
छाडे मन्त्र पढेर राम प्रभुको ❀ रामास्त्र तिन्ले जब
रोक्ने शक्ति पुगेन पुष्कलजिको ❀ क्यै आत्तिएथे तब ॥९००॥
मौका पाइ तुरुन्त बाँधि रथमा ❀ तिन्लाइ राखीलिए
मेरो जीत भयो भनेर रणमा ❀ ती बेसरी गर्जिए ।
हाहाकार परी गए चरहरू ❀ शत्रुघ्नका पासमा
बाँधे पुष्कललाइ चम्पकजिले ❀ भन्ने सुने युद्धमा ॥९०१॥
सेनालाइ धपाउने दश दिशा ❀ कुन् वीर होला भनी
श्रीशत्रुघ्न असाध्य चिन्तित भए ❀ जान्दै थिए तापनि ।
लागे भन्न तुरुन्त गर्जि हनुमान् ❀ हे नाथ ! सुन्नूहवस्
योद्धा चम्पकले ति पुष्कलकनै ❀ बाँधे भनी जानुहोस् ॥९०२॥
छन् लैजान तयार यो बखतमा ❀ आज्ञा म पाऊँ अनि
जानेछू रणमा मिली सफलता ❀ फिर्छू अवश्यै पनि ।
जाऊ हे हनुमान वायु-गतिले ❀ छन् ती जहाँ पुष्कल
ल्याऊ मुक्त गराइ झट्ट तिमिले ❀ देखाइ आफ्नू बल ॥९०३॥
श्रीशत्रुघ्नजिको कुरा सुनिसकी ❀ दौडे ति वायूसुत
गर्जे चम्पकलाइ पर्खि तँ भनी ❀ अत्यन्त चर्कोसित ।
हाने चम्पकले अनेक शरले ❀ तिन्लाइ ताकी जब
टुक्रा त्यो हनुमानले गरिदिए ❀ बाँकी नराखी सब ॥९०४॥
छाडे चम्पकले अरू पनि तिखा ❀ मन्त्रेर धेरै शर
भाँचे ती हनुमानले सहजमा ❀ मान्दै नमानी डर ।
यौटा वृक्ष उखेलि वीर कपिले ❀ हाने रिसाई अनि
काटे चम्पकले अनेक टुकुरा ❀ पारेर लौखा भनी ॥९०५॥

हात्तीलाइ घुमाइ झट्ट कपिले ❀ ताकेर हाने जब
रोके चम्पकले तुरुन्त शरले ❀ त्यो हात्तिलाई तब ।
ढुंगाले कपिले प्रहार सहसा ❀ गर्दै रहे तापनि
काटे चम्पकले नलागि तनमा ❀ हाँसीरहेथे तिनी ॥९०६॥
पक्री चम्पकलाइ वीर हनुमान् ❀ आकाशमा उफ्रिए
माथी नै दुइ वीर घोर रवले ❀ गर्जेर लड्दै थिए ।
पाऊ पक्रि घुमाइ वीर कपिले ❀ फालीदिएथे जब
योद्धा चम्पकले धरी पुछरमा ❀ त्यो वेग रोके तब ॥९०७॥
घुम्दै फन्फनि भूमिमा कपि-पती ❀ पच्छारिए बेसरी
त्याहाँबाट उठेर चम्पककनै ❀ पक्री नराम्रो गरी ।
पच्छारे गजमाथि झट्ट कपिले ❀ मर्लाकि चाँडै भनी
मूर्च्छा पर्न गए ति चम्पक ठुला ❀ योद्धा थिए तापनि ॥९०८॥
बोकी पुष्कललाइ वीर हनुमान् ❀ तत्काल फर्की गए
हाहाकार पऱ्यो विपक्ष-रणमा ❀ सेनासहित् आत्तिए ।
छोरो मूर्च्छित युद्धमा हुन गयो ❀ भन्ने सुनी भूपति
आएथे दगुरेर त्यो समरमा ❀ चिन्तित् थिए ती अति ॥९०९॥
चिच्याए-पख वीर हे कपिपती ! ❀ आएँ म संग्राममा
गर्दै छौ तिमिले पराक्रम ठुलो ❀ देख्छू म यो युद्धमा ।
भन्छू धन्य तिमी गएर सुनकी ❀ लंका जलाईदियौ
मूर्च्छित् लक्ष्मणलाइ औषधि दिई ❀ जागा गराईलियौ ॥९१०॥
ठूला वीर तिमी प्रधान सबमा ❀ छौ रामका सेवक
तिम्रो घोर प्रहारले समरमा ❀ मूर्च्छा पऱ्यो चम्पक ।
मैले नै तिमिलाइ पारि शरको ❀ व्यामोहमा, वानर !
लैजान्छू दरबारमा म अहिल्यै ❀ मान्दीनँ केही डर ॥९११॥

मेरो यो प्रण हो भनेर तिमिले ❀ एकेक जानीलिए
राजाको सुनि बात वीर हनुमान् ❀ हाँसेर बोल्दा भए ।
हे राजन् ! तिमि गर्दछौ स्मरण जो ❀ श्रीरामका पाउको
उन्कै सेवक हूँ म बन्धन परे ❀ चिन्ता छ के बातको ॥९१२॥
दिन्छन् मुक्ति मलाइ राम प्रभुले ❀ तिम्रो छ जस्तो प्रण
त्यो पूरा सहजै गर्‍यौ यदि भने ❀ सन्तुष्ट होला मन ।
राजाले हनुमानका थरि-थरी ❀ वार्ता सुनेथे जब
झर्को मानि गरे प्रहार शरले ❀ सम्झी उनै राघव ॥९१३॥
भाँचेथे हनुमानले शर जती ❀ तिन्ले चलाए सब
हेर्थे छक्क परी त्यहीं सुरथजी ❀ के गर्नुपर्ला अब ।
अर्को श्रेष्ठ धनू लिएर नृपले ❀ हाने अनेकौं शर
भाँचेथे हनुमानले अनि लिए ❀ अर्को धनू सुन्दर ॥९१४॥
लिन्थे दिव्य धनू जती सुरथले ❀ हान्नै नपाईकन
पार्थे त्यो टुकुरा छिटै कपि-पती ❀ थाल्थे अनी गर्जन ।
भाँचे यै रितले सयौं धनुहरू ❀ टुक्रा गराई जब
हाने झट्ट त्रिशूल ती सुरथले ❀ सम्झी उनै राघव ॥९१५॥
लागी घोर त्रिशूल वीर हनुमान् ❀ क्यै बेर मूर्छित् भए
आयो चेत तुरुन्त त्यो समरमा ❀ चर्को गरी गर्जिए ।
पक्रेथे रथ झट्ट श्रीसुरथको ❀ आकाशमा पौंचिए
हाने भूपतिले ठुलो परिघले ❀ लाग्यो भनी हर्षिए ॥९१६॥
फ्याँके त्यो रथ झट्ट वीर कपिले ❀ तत्काल धूलो भयो
अर्को नै रथमा चढी कपितरफ् ❀ जाँदा भए भूप जो ।
तिन्को त्यो रथ सारथी पुछरले ❀ बेरेर फ्याँकीदिए
अर्को भूपतिले लिए रथ ठुलो ❀ मार्छू भनी गर्जिए ॥९१७॥

टुक्रा त्यो रथको पनी गरिदिए ❀ योद्धा हनूमानले
धैर नै रथ टुक्रिए अनि भने ❀ 'स्याबास' ती भूपले ।
ऐल्हे वीर ! गऱ्यौ पराक्रम ठुलो ❀ हे वायुका नन्दन
छैनन् वीर, तिमी समान, न पछी ❀ होलान् कुनै सज्जन ॥९१८॥
डुब्नेछौ तिमि रामको रसमहाँ ❀ हौ रामकै सेवक
गर्नेछन् गुण-गान राम-प्रभुको ❀ छौ भक्तका लायक ।
जैल्हे सम्म धनू तयार नगरूँ ❀ पर्खी रहू वांनर !
गर्नेछू म प्रहार यो समरमा ❀ सम्झी उनै ईश्वर ॥९१९॥
यस्तो बात भनी तयार धनु त्यो ❀ पारीलिए भूपले
हाने पाशुपतास्त्र श्रीसुरथले ❀ अत्यन्त उत्साहले ।
भाँचे पाशुपतास्त्र झट्ट कपिले ❀ हा-हा पऱ्यो युद्धमा
हेर्थे छक्क परेर दर्शक तथा ❀ सेना ति संग्राममा ॥९२०॥
सम्झी राम-पदारविन्द मनले ❀ गर्जे हनूमान् जब
हाने झट्ट रिसाउँदै सुरथले ❀ ब्रह्मास्त्र मन्त्री तब ।
त्यो ब्रह्मास्त्र निलीदिए सहजमै ❀ योद्धा हनूमानले
देखी छक्क परे निकै सुरथजी ❀ अत्यन्त उत्साहले ॥९२१॥
सम्झी श्रीरघुनाथलाइ मनले ❀ रामास्त्र पक्रीलिए
राखी त्यो धनुमा खिँचेर बलले ❀ सन्धान गर्दा भए ।
बाँधीयौ अब हेर वीर हनुमान् ❀ भन्दै निकै वेगले
बाँधीए कपि राम-सेवक भई ❀ तत्काल रामास्त्रले ॥९२२॥
बोले बन्धनमा म छू रघुपते ! ❀ हे सृष्टिका पालक !
लैजाऊ पुरमा छिटै सुरथजी ! ❀ हेरी रहुन् सैनिक ।
आँटे गर्न त्यसै र पुष्कल पुगे ❀ तत्काल संग्राममा
हाने बाण तिखा-तिखा सुरथले ❀ तिन्को ठुलो छातिमा ॥९२३॥

काटी त्यो शरजाल पुष्कलजिले ❀ छाडे अनेकौं शर
काटे ती शरलाइ एक शरले ❀ भूपाललले आखिर ।
योद्धा पुष्कलको तथा सुरथको ❀ संग्राम त्यो मच्चियो
सारा बाण भएर व्याप्त नभमा ❀ हा-हा गराईदियो ॥९२४॥
थाले मर्न सबै चराचरहरू ❀ पूरा अँध्यारो भयो
पर्दा घोर लडाइँ वीरहरुमा ❀ उत्साह बढ्दै गयो ।
यौटा बाण झिकी तिखो सुरथले ❀ ताकेर छाडीदिए
लाग्यो पुष्कलको गई हृदयमा ❀ तत्काल मूर्च्छित् भए ॥९२५॥
देखेथे जब त्यो स्थिती समरको ❀ शत्रुघ्न क्रोधित् भए
पाऱ्यौ पुष्कललाइ मूर्च्छित यहीं ❀ बन्धन् हनूमान् भए ।
यस्तो अद्भुत कर्म जो गरिलियौ ❀ आऊ अगाडी अब
बाँच्दैनौ तिमि यो ठुलो समरमा ❀ रक्षा गरून् राघव ॥९२६॥
यो देखी प्रभु रामको स्मरण ती ❀ गर्दै थिए चित्तमा
ऐल्हे जो हनुमान पुष्कलहरू ❀ योद्धा गिरे युद्धमा ।
हे शत्रुघ्न ! तिमी पनी समरमा ❀ गिर्छौं नराम्रो-सित
सम्झी श्रीरघुनाथलाइ मनले ❀ आफ्नू चिताऊ हित ॥९२७॥
यस्ता बात भनी हजार शरले ❀ हाने जसै भूपले
थाले भाग्न बचाइ जीवन कती ❀ सेनाहरू भीतिले ।
श्रीशत्रुघ्न अनेक बाण-पिँजरा ❀ जस्सै परे बन्धन
काटूँ यो शरजाल के गरि भनी ❀ गर्दै रहे चिन्तन ॥९२८॥
मन्त्री उत्तम अग्निदैवत ठुलो ❀ दिव्यास्त्र छाडीदिए
त्यस्को नाश गराइ उज्ज्वल सफा ❀ सारा गराईलिए ।
छाडी वारुण अस्त्र ती सुरथले ❀ हा-हा गराए जब
सम्झे योगिनिबाट प्राप्त अघिको ❀ त्यो अस्त्रलाई तब ॥९२९॥

छाड्छू मोहिनि अस्त्र यै अब भनी ❀ आँटे ति शत्रुघ्नले
त्यो देखीकन भन्दछन् सुरथजी ❀ निर्भीक आनन्दले ।
पारेको छ मलाइ मोहित स्वयं ❀ श्रीरामको नामले
मेरो सक्तछ गर्न के समरमा ❀ यो मोहिनी अस्त्रले ॥९३०॥
छाडे यै बिचमा रिसाइ बहुतै ❀ त्यो अस्त्र शत्रुघ्नले
काटे मोहन अस्त्र एक शरले ❀ हाँसेर भूपालले ।
केही गर्न सकेन यस् बखतमा ❀ त्यो तेजिलो अस्त्रले
के गर्दा हित हुन्छ हामि सबको ❀ भन्थे दुखी चित्तले ॥९३१॥
मारेथे लवणासुर प्रभृति ती ❀ पापिष्ठ जुन् बाणले
ताके लक्ष्य गराइ बाण त्यहि नै ❀ मन्त्रेर शत्रुघ्नले ।
लागे भन्न तुरुन्त नै सुरथले ❀ देखेर उत्साह त्यो
पापीको अनि दुष्टको हृदयमा ❀ लाग्ने यही बाण हो ॥९३२॥
यो लाग्दैन कदापि भक्तगण वा ❀ श्रीरामका दासमा
व्यर्थै हुन्छ भनेर जान तिमिले ❀ आफ्नू दुखी चित्तमा ।
यस्ता बात सुने पनी हृदयमा ❀ ताकेर छाडीदिए
त्यस्को अग्नि-शिखा छुटी नरपती ❀ क्यै बेर मूर्च्छित् भए ॥९३३॥
आयो चेत छिटै र झट्ट नृपले ❀ ताँदो खिँची बेसरी
हानेथे सहसा अमोघ शरले ❀ मन्त्रेर सोही घरि ।
काटेथे बिचमै तथापि टुकुरा ❀ यौटा उछिट्टी गयो
श्रीशत्रुघ्नजिको गई हृदयमा ❀ त्यो वेगले बज्रियो ॥९३४॥
के आश्चर्य भयो भनी समरमा ❀ चर्चा त्यसैको चल्यो
मूर्च्छा पर्न गई ढले ति रथमै ❀ चौतर्फ हा-हा भयो ।
लागे भाग्न अनेक सैनिकहरू ❀ आफ्नू लिई जीवन
छोरा साथ लिई दशै सुरथजी ❀ थाल्दा भए गर्जन ॥९३५॥

आए लड्न जती सबैकन त्यहीं ❀ चुट्तै भगाईदिए
स्यावासी सबले दिए र सुरले ❀ जै-जै भनेका थिए ।
लागे भन्न कथा ति शेष प्रभुले ❀ हे विज्ञ वात्स्यायन
देखी दुःस्थिति युद्धको गरिदिए ❀ सुग्रीवले गर्जन ॥९३६॥
योद्धा वीर समस्त राम प्रभुका ❀ मूच्छित् गराईदियौ
लम्की-झम्कि गरेर शेष सबको ❀ शेखी उतारीलियौ ।
आऊ लड्न छिटै भनी रुख ठुलो ❀ तिन्ले उखेलीलिए
ताकी भूपतिको विशाल शिरमा ❀ तत्काल हानीदिए ॥९३७॥
तिन्को त्यो रुखलाइ श्रीसुरथले ❀ लाग्नै नपाईकन
टुक्रा पारिदिए र एक शरले ❀ हानी गरे गर्जन ।
तिन्को चोट खपेर झट्ट कपिले ❀ ढुंगा चलाए जब
हात्ती अश्व तथा ठुलो गिरिसमेत् ❀ फाल्दै गएथे तब ॥९३८॥
काटी ती सबलाइ श्रीसुरथले ❀ रामास्त्र छाडीदिए
योद्धा वानरलाइ घोर रणमा ❀ तत्काल बाँधीलिए ।
हुन् यी उत्तम राम-भक्त सबमा ❀ जाने ति सुग्रीवले
स्याबासी नृपलाइ बेसरि दियो ❀ तिन्को दुःखी चित्तले ॥९३९॥
पारें बन्धनमा भनी सुरथले ❀ चर्को गरी गर्जिए
तिन्का पुत्र सबै र सैनिकहरू ❀ अत्यन्त हर्षित् थिए ।
त्यो संग्रामभरी बज्यो विजयको ❀ डंका तिनै भूपको
हेर्थे छक्क परी सबै सुरहरू ❀ आकाशमा युद्ध त्यो ॥९४०॥

हाम्रो भयो विजय यो रणमा अहीले
बाजा बजाउ सबले खुशिले पहीले ।
छोराहरू सब लिई रथमा बसेर
राजा हिडे महलतर्फ निकै डटेर ॥९४१॥

राखेर बन्धनविषे हनुमानलाई
हाँसी भने नृपतिले मनमा रमाई।
हौ राम-भक्त तिमि हे हनुमान वीर
बन्धन् छुटाउन निकै बन वीर धीर ॥९४२॥
सम्झेर राम-पदको गर ध्यान ऐह्रे
आएर दर्शन दिनन् प्रभुले खुशीले।
मुक्ती दिनेछु अनि मात्र भनेर जान
दर्शन् नपाइकन छाड्दिनँ बात मान ॥९४३॥
छन् ती दयालु रघुनाथ त्यसै हुनाले
चाँडै लगाउ तिमि ध्यान प्रसन्नताले।
सल्लाह श्रीसुरथको जब सुन्न पाए
चिम्ली दुवै नयन ती हनुमान् रमाए ॥९४४॥
हे राम! हे रघुपते! करुणावतार!
सन्ताप भक्तजनको सहजै उतार।
हामीहरू सकल बन्धनमा परेर
गर्छौं पुकार भगवन्! पदमा नुहेर ॥९४५॥
संकष्ट पर्दछ जती-जति देवतामा
गर्ने निवारण प्रभो! छ दया हजुर्मा।
हे रामचन्द्र! रघुनन्दन! शक्तिसिन्धो
हे भक्तवत्सल! दयामय! दीनबन्धो ॥९४६॥
हे शक्ति-भूषण विभो! रघुवंश नाथ!
गर्छू प्रणाम प्रभुलाइ म भक्तिसाथ।
हामीहरू सुरथका वशमा परेर
बिन्ती छ दर्शन दिनोस् नगरी अबेर ॥९४७॥

यस्तै गरे स्तुति जसै हनुमानजीले
पाल्नूभयो रघुपती सहसा खुशीले ।
भाई ति लक्ष्मण भरत् ऋषिवृन्दलाई
राखेर पुष्पकविषे करुणा जनाई ॥९४८॥
पाल्नूभयो रघुपती जब सामुमाहाँ
हर्षित् भए सकल दर्शन पाइ ताहाँ ।
देखे जसै सुरथले रघुनाथलाई
ढोगे झुकेर पदमा बहुतै रमाई ॥९४९॥
आज्ञा भयो प्रभुजिको नृपते ! तिमीले
जुन् कर्म यो गरिदियौ रणमा अहीले ।
मेरा यि भक्त हनुमान्कन बाँधिलियौ
यै बातले नृपति भक्त ठुला कहीयौ ॥९५०॥
यस्ता बात भनेर राम प्रभुले ❀ आफ्नू ठुलो शक्तिले
बन्धन्-मुक्त गराइ बक्सनुभयो ❀ तत्काल आनन्दले ।
मूर्च्छामा जति वीर सैनिक थिए ❀ सारा भए जागृत
तिन्ले सादर रामको स्तुति गरे ❀ अत्यन्त श्रद्धा-सित ॥९५१॥
राजाका दश पुत्रले र नृपले ❀ श्रीरामको सादर
पाद्यार्घ्यादि समेत पूजन गरे ❀ मान्दै ठुला ईश्वर ।
घण्टा-वादन पुष्प-वर्षण गरे ❀ चौतर्फ शंख-ध्वनि
ज्ञानी विप्र तथा मुनीश्वर यती ❀ गर्थे ति वेद-ध्वनि ॥९५२॥
पाऊमा प्रभुका परी सुरथले ❀ बिन्ती गरे हे प्रभो !
मेरो जो छ सबै समर्पण गरें ❀ स्वीकार होस् हे विभो ।
मैले जन्म लिनू पनी सफल भो ❀ पाएँ यहीं दर्शन
स्वामीको अब श्यामकर्ण हय यो ❀ ल्याएँ बुझाईदिन ॥९५३॥

मैले जुन् अपराध यो समरको ❀ निम्ती गरें यो घरि
त्यस्को निम्ति क्षमा म माग्दछु दिनोस् ❀ राखी दया हे हरि !
यस्तो बिन्ति सुनेर ती सुरथको ❀ हाँसेर श्री रामले
आज्ञा गर्नुभयो प्रसन्न म भएँ ❀ तिम्रो सबै कामले ॥९५४॥
मेरो अश्व भनी गऱ्यौ जतनले ❀ त्यस्को सुरक्षा पनि
लड्नू क्षत्रिय-धर्मले समरमा ❀ कर्तव्य ठूलो भनी ।
यस्मा छैन मलाइ क्रोध अथवा ❀ क्यै खिन्नता चित्तमा
स्याबासी बरु दिन्छु हे नरपते ! ❀ तिम्रो यही कार्यमा ॥९५५॥
मेरा भक्त तिमी प्रधान सबमा ❀ जानेर आएँ यहाँ
जान्छू देउ बिदा प्रसन्न मनले ❀ त्यो यज्ञभूमीमहाँ ।
बस्नूभो रघुनाथजी सुरथको ❀ आतिथ्यमा तीन् दिन
त्यो चौथो दिन फेरि पुष्पक चढी ❀ फिर्नूभएथ्यो, सुन ॥९५६॥
घोडा छाडिदिए उसै बखतमा ❀ बाजा बजाईकन
छोरालाइ दिएर राज्य नृपती ❀ साथै गए, सज्जन ।
सारा वीर तथा अनेक नृपती ❀ योद्धा तथा नायक
पूरा लश्कर नै चल्यो उदधि झैं ❀ भै अश्वका रक्षक ॥९५७॥

सीताजीका कुमार लव-कुशको वर्णन

लागे भन्न बुझाइ शेष प्रभुले ❀ हे विज्ञ वात्स्यायन !
लाग्यो उत्तम श्यामकर्ण हय त्यो ❀ नाच्दै घुमी दौडन ।
गंगाको तटमा पुग्यो त्यहिँ थियो ❀ श्रीवाल्मिकी-आश्रम
धेरै नै ऋषिका कुटीहरु थिए ❀ साना ठुला उत्तम ॥९५८॥

चारैतर्फ अनेक पुष्प फलका ❀ उद्यान छन् सुन्दर
बोल्दै छन् पशु-पंछि वृक्षहरुमा ❀ मीठो निकाली स्वर।
पत्नी श्री रघुनाथकी त्यहिँ थिइन् ❀ सीता बनी दुःखिनी
काट्तै थिन् दिन कष्टका थरि-थरी ❀ हो भोग मैं भनी ॥९५९॥
जम्ल्याहा दुइ पुत्र जन्मन गए ❀ सीताजिका, यो कुरा
पैह्ले नै तिमिले सबै सुनिसक्यौ ❀ मैले बताएँ पुरा।
कान्छा जो लव नामका सुत थिए ❀ सीताजिका सुन्दर
डुल्दै ती ऋषिपुत्रका सँगमहाँ ❀ सानन्द केही पर ॥९६०॥
केही दूर गए बटुल्न समिधा ❀ ती साथिका साथमा
देखेथे त्यहिँ श्यामकर्ण हय त्यो ❀ त्यै झाडिको माझमा।
लागे भन्न तुरुन्त साथिहरु हो ! ❀ देखिन्छ जुन् अश्व यो
यस्को श्रेष्ठ निधारमा छ सुनको ❀ यो टल्किने पत्र जो ॥९६१॥
पक्री यस्कन पढ्नुपर्दछ सबै ❀ एकेक यी अक्षर
देख्छू अश्व पनी विचित्र छ म यो ❀ अत्यन्त नै सुन्दर।
कस्ले छाडिदियो सुरम्य वनमा ❀ आयो यहाँ के गरी !
यस्ता बात गरी गए नगिचमा ❀ केही अगाडी सरी ॥९६२॥
पक्री त्यो हयको लगाम सुनको ❀ हेर्दै रहे पत्रक
लागे पढ्न अनी ति अक्षरहरू ❀ हेर्थे अरू रक्षक।
टल्कन्थे रविका सफा किरण झैं ❀ त्यो अश्वका भूषण
हेर्थे छक्क परी कुमार ऋषिका ❀ आश्चर्य मानीकन ॥९६३॥

श्री सूर्य वंश-बिचमा मणि झैं भएको
जस्को सुकीर्ति छ सबैतिर फैलिएको।
जो श्रेष्ठ छन् धनुषधारिहरू सबैमा
जो जित्तछन् सकल शत्रुहरू क्षणैमा ॥९६४॥

सम्पूर्ण देवगणले निहुराइ माथ
गर्छन् प्रणाम पदमा झुकि भक्तिसाथ ।
गर्छन् सदा चरण-स्पर्श ति वीर जस्को
तोड्छन् घमण्ड रणमा डटि शत्रुको जो ॥९६५॥
जस्का पिता दशरथ प्रभुता भएका
उन्कै सुपुत्र बनि राघव जन्मिएका ।
हो ब्रह्म-बीज भनि जान्न नपाउनाले
मारेर रावण धड्यो जब खिन्नताले ॥९६६॥
हत्या मलाइ यहि लाग्न गयो भनेर
त्यै नाश्न-खातिर समस्त निधो गरेर ।
यो श्यामकर्ण हय छाडिदिए र ऐल्हे
रक्षार्थ सैनिकहरू सब छन् अहीले ॥९६७॥
हात्ती र अश्व रथ पैदल सैन्य धेर
छन् साथमा बुझिलिनू मनमा गुनेर ।
शत्रुघ्न छन् ति सबमा रणमा प्रधान
हुन् भाइ ती प्रभुजिका अति भक्त जान ॥९६८॥
मारे लडेर लवणासुरलाइ जस्ले
सक्छन् यि जित्न यमलाइ पनी त्यसैले ।
क्वै वीर क्षत्रिकुलमा छ भने प्रधान
यो अश्वलाइ ति बढून् बलले समात्न ॥९६९॥
शक्ती र शौर्य नभए रणको विचार
शत्रुघ्नको शरणमा परि न्यूरिएर ।
आफ्नू समस्त धन-मान र राज्य सुम्पून्
श्री रामको मखविषे ति अवश्य जाऊन् ॥९७०॥

त्यस्तो पढेर सुन-पत्र रिसाइ धेर
लागे ति सोध्न लव वीर त्यहीं डटेर ।
कुन् वीर हो सबल क्षत्रिय राम भन्ने
शत्रुघ्न भाइ उसको छ कहाँ र भेट्ने ॥९७१॥
गर्दै छ शेखि यसरी किन त्यो बढेर
त्यस्को घमण्ड सब चूर हुनेछ हेर ।
क्यै शक्ति शौर्य छ भने हय यो फिराऊन्
नाहीं त पाउ कुशका खुशिले समाऊन् ॥९७२॥
घोडा म दिन्न सबको अभिमान् नतोडी
गिर्नन् अवश्य रणमा बुझ क्वै नछोडी ।
फूर्ती जनाइ यसरी लिइ अश्वलाई
बाँधीदिए पर लगी मनमा रमाई ॥९७३॥
तिन्का सखाहरु थिए ऋषि-पुत्र जो जो
तिन्ले भने हित कुरा अनि सत्य जो हो ।
हो अश्व राम प्रभुको किन यो समायौ
आपत्तिलाइ तिमिले किन व्यर्थ डाक्यौ ॥९७४॥
हो श्यामकर्ण हय यो रघुनाथजीको
देऊ बुझाइ मख-खातिर छोडिएको ।
तिन्ले भने हित कुरा जब यो बुझाई
लागे ति भन्न लवजी-सुनिलेउ भाइ ॥९७५॥
हूँ वीर क्षत्रिय-कुमार भनेर जान
संग्रामको भय म मान्दिनँ केहि मान ।
थाहै नपाइकन क्षत्रिय-धर्म के हो !
बोल्छौ अनाहक कुरा नबुझेर जो हो ॥९७६॥

हो भात नै प्रिय ति ब्राह्मणको त्यसैले
जाऊ र खाउ घरमा बसि भात पैह्ले ।
इच्छा भए यहिँ बसेर लडाइँ हेर
नाहीं त जाउ कुटिमा नगरी अबेर ॥९७७॥
यस्ता कुरा लवजिको जब सुन्न पाए
केही नबोलि ऋषि-पुत्र सबै डराए ।
जो अश्व-रक्षक थिए सब वीर धीर
लागे ति खोज्न हयलाइ बनी अधीर ॥९७८॥
देखेर अश्व-नगिचै लव वीरलाई
सोधीलिए शिशु भनी बहुतै रमाई ।
हे बाबु ! अश्व किन पक्रिलिएछ कस्ले
बाँधीलिएछ किन थाह नपाइ उस्ले ॥९७९॥
यस्ता कुरा जब सुने लव झोक्किएर
मैले पढें सब कुरा हय पक्रिएर ।
हेलाँ नगर्नु सहसा शिशु जानि ऐह्ले
हेरे पराक्रम ठुलो छ भनी सबैले ॥९८०॥
छन् दाजु श्रेष्ठ कुश वीर सहाय गर्ने
छन् वीर को मकन जित्न अगाडि सर्ने ।
आए भने यम पनी नडराइ लड्छु
विश्वास राख्छु मनमा म अवश्य जित्छु ॥९८१॥
यस्ता कुरा जब ति बालकको सुनेथे
तत्काल सैनिक मिली सबले भनेथे ।
गर्दै छ शेखि किन बालक यो बढेर
हे भाइ हो ! हय फुकाइलिऊँ गएर ॥९८२॥

यस्तो मतो गरि छुटाउन अश्वलाई
सेनाहरू हिडिगए बहुतै रमाई ।
देखे जसै दगुरि सैनिक ती गएको
देखेर साहस ठुलो सबले गरेको ॥९८३॥

वर्षाए शर बेसरी वरि-परी ❀ पानी परे-झैं गरी
लागी चोट गिरे कती, कति त्यसै ❀ भागे पछाडी सरी ।
त्यो सम्चार लग्यो तुरुन्त चरले ❀ शत्रुघ्नका पासमा
सानो बालकले लग्यो हय स्वयं ❀ आएर यो झाडिमा ॥९८४॥

घोडा ल्याउँ भनी ससैनिक गयौं ❀ हामी अगाडी जब
सानो बालकले डटेर पथमा ❀ हा-हा गरायो तब ।
यो संवाद सुनेर क्रोधित भए ❀ शत्रुघ्नजी बेसरी
लागे भन्न कराइ उच्च स्वरले ❀ सातो सबैको हरी ॥९८५॥

सेना छन् कति ? वीर छन् नरपती ❀ त्यो अश्वका साथमा
त्यस्को ख्याल नराखि निद्रित अही ❀ पक्रीलियो हातमा ।
आए बालक-रूप धारण गरी ❀ ब्रह्मा कि विष्णू, शिव
जो हुन्, युद्ध हुनेछ घोर रणमा ❀ छाड्दीनँ मैले अब ॥९८६॥

को हो वीर ठुलो ? कि बालक कुनै ❀ थाहै नपाईकन
पक्च्यो श्रीरघुनाथको हय यहाँ ❀ हो विज्ञ वा दुर्जन ।
हे सेनापति वीर हो ! तिमिहरू ❀ जाओ लिई सैनिक
ल्याओ झट्ट फिराइ अश्व बलले ❀ लैजाउ संरक्षक ॥९८७॥

श्री शत्रुघ्नजिको सुनी हुकुम यो ❀ सेना भए तत्पर
धेरै वीर लिएर सैन्य सँगमा ❀ हिड्दा भएथे, तर ।
पौंचे लड्न र अश्व ल्याउन भनी ❀ जंगल्विषे ती जब
देखे बालक एक सुन्दर त्यहाँ ❀ हाँसीरहेको तब ॥९८८॥

योद्धा उत्तम कालजित् अघि सरी ❀ बोल्यो बुझाईकन
माया लाग्छ मलाइ बालक तिमी ❀ को हौ म क्यै जान्दिनँ ।
पक्रेका रघुनाथको हय यहाँ ❀ जान्दै नजानी किन ?
तिम्रो रूप छ रामचन्द्र सरिको ❀ शंकित् छ मेरो मन ॥९८९॥
देखी बालकरूप सूचन दिएँ ❀ तिम्रो चिताई हित
नाहीं ता म लडाइँ गर्न अहिल्यै ❀ सक्थें नराम्रोसित ।
घोडा देउ छिटै घमण्ड नगरी ❀ शत्रुघ्नका पाउमा
माफी पाउँ भनेर ढोग, उनले ❀ गर्नन् अवश्यै क्षमा ॥९९०॥
यस्ता बात सुनेर कालजितका ❀ बोले रिसाई लव
बर्ता बोल्नु वृथा छ यो समरमा ❀ देखाउ शक्ती अब ।
देख्दै छू तिमिले लडेर यहिँ नै ❀ त्याग्ने भयौ जीवन
आऊ अश्व लिने भए समरमै ❀ श्रीरामलाई भन ॥९९१॥
हेलाँ गर्नु वृथा छ, बालक भनी ❀ मान्दीनँ मैले डर
आफ्नू काल बुझी मबाट रणमा ❀ बस्नू तिमीले पर ।
माताले तिमिलाइ कालजित हो ❀ भन्नू पनी व्यर्थ हो
आफूलाइ हुँ कालजित् बुझिलिनू ❀ हो धूर्तता मात्र यो ॥९९२॥
जित्लेछौ जब कालरूप मकनै ❀ हे वीर ! संग्राममा
तिम्रो नाम हुनेछ सार्थक अनी ❀ विख्यात संसारमा ।
माताको गुरुको प्रताप बलले ❀ प्रत्यक्ष अग्नी म छु
मैले मान्छु कपास-रूप तिमि हौ ❀ तैयार पोल्ने म छु ॥९९३॥
यस्ता बात सुनेर कालजितले ❀ हाँस्तै दिए उत्तर
तिम्रो नाम र वंशको विषयमा ❀ जान्दीनँ केही, तर ।
आफू छू रथमा, तिमी पृथिविमा ❀ अन्याय हो युद्धमा
सानो बालक-साथ लड्नु कसरी ❀ दुःखी छु यो बातमा ॥९९४॥

यस्ता बात सुनेर कालजितको ❀ गर्जेर बोले लव
तिम्रो यो रथको घमण्ड अहिल्यै ❀ तोड्नेछु मैले तब ।
यस्ता बात भनेर वीर लवले ❀ शेखी उतारीलिए
तीखा बाण लिएर पाँच सहसा ❀ ताकेर छाडीदिए ॥९९५॥
टुक्रा पारिदियो तुरुन्त शरको ❀ त्यो कालजित् वीरले
पारेथे लवले धुलो रथ छिटै ❀ तत्काल नौ बाणले ।
हाम्फाली रथबाट झट्ट गजमा ❀ आयो अगाडी सरी
मारे त्यो गजलाइ शीघ्र शरले ❀ गिर्दो भयो त्यो मरी ॥९९६॥
आयो एक गदा लिएर करमा ❀ त्यो कालजित् गर्जिई
हान्यो श्रेष्ठ गदा घुमाइ रिसले ❀ आगो सरीको भई ।
त्यस्को काटिदिए गदा ति लवले ❀ छाड्नै नपाई जब
हान्यो एक लिई ठुलो परिघले ❀ त्यो कालजित्ले तब ॥९९७॥
पैह्ले झैं लवले छिटै परिघको ❀ टुक्रा गराए अनि
मुड्की हात्न भयो तयार, शिशु यो ❀ मार्छू अहील्यै भनी ।
हान्यो वज्र सरी कठोर मुठिले ❀ त्यो कालजित्ले जब
त्यस्को चोट खपेर वीर लवले ❀ गर्जे तँ पर्खी अब ॥९९८॥
यस्ता बात भनी अनेक शरले ❀ पारे जसै घायल
हा-हाकार पऱ्यो र कालजितले ❀ देखाइ आफ्नू बल ।
पक्रेथ्यो तरबार झट्ट करमा ❀ त्यो कालजित् वीरले
काटेथे तरबारले सहितको ❀ बाहू तिखा बाणले ॥९९९॥
अर्को हातमहाँ लिईकन गदा ❀ झम्ट्यो निकै वेगले
काटे हात गदा समेत लवले ❀ मन्त्रित् तिखो वाणले ।
काटीए दुइ हात, घोर मुखले ❀ आयो म खान्छू भनी
काटे गर्दन झट्ट वीर लवले ❀ लौ पार हो जा भनी ॥१०००॥

हा-हा पऱ्यो समरमा कति भाग्न लागे
मूर्च्छा परी कति ढले, कति वीर जागे ।
खोलो बग्यो रगतको नदि झैं भएर
मुर्दा बगे गरि सरी कति उत्रिएर ॥१९॥
हात्ती र अश्व नरका शिर उत्रिनाले
माछा र कच्छप सरी सब देखिनाले ।
आभूषणादि सबले शिर शोभिएको
बाहू र पाउ जलजन्तु सरी भएको ॥१२॥
देखी दुःस्थिति युद्धको थरि-थरी ❀ योद्धा प्रतापी पनि
थाले भाग्न डराइ काँतरहरू ❀ भागे म बाचूँ भनी ।
बाँचेका चर जो थिए सब पुगे ❀ शत्रुघ्नका पासमा
मारे बालक एक ती लवजिले ❀ सेना सबै युद्धमा ॥१३॥
धैरै रक्त बगेर घोर नदि झैं ❀ तर्नै नसक्ने भयो
त्यो सेनापति कालजित् समरमा ❀ लड्दै थियो मारियो ।
क्यै विश्वास भएन बात चरको ❀ सुन्दा ति शत्रुघ्नले
साँचै हो कि झुठो भनेर सहसा ❀ सोधीलिए कष्टले ॥१४॥
हो यो सत्य कुरा भनेर चरले ❀ बिन्ती चढायो जब
चिन्ता-ग्रस्त भए निकै मनमनै ❀ शत्रुघ्न योद्धा तब ।
सोधे झट्ट सुमन्त्रलाइ रणमा ❀ ती बालको साथमा
को जानेछ बताउ वीर अहिले ❀ त्यो घोर संग्राममा ॥१५॥
यस्ता बात सुनी सुमन्त्र मनमा ❀ सोचेर क्यै घोरिए
लागे भन्न बुझाइ बात सब ती ❀ जानीरहेकै थिए ।
याहाँ वाल्मिकिको छ आश्रम ठुलो ❀ धैरै कुटी उत्तम
छैनन् क्षत्रिय क्वै वरी-परि अरू ❀ जानी रहेको छु म ॥१६॥

साक्षात् इन्द्र कि रुद्र वा यम हुनन् ❀ भन्छू म यी बालक
हाम्रो अश्व हरी लिने अरु छ को ❀ योद्धा यहाँ लायक ।
त्यो सेनापतिलाइ मार्न रणमा ❀ सक्नेछ कुन् वीरले
तिन्का साथ गएर पुष्कल लड्न् ❀ भन्छू म यो नीतिले ॥१७॥
सारा भूपहरू र सैनिक लिई ❀ जानोस् तापाईं पनि
यस्ता बात सुनेर मञ्जुर गरे ❀ शत्रुघ्नले लौ भनी ।
सेनाका पति वीर पुष्कल भए ❀ सेना लिई साथमा
श्रीशत्रुघ्न पनी गए पछि-पछी ❀ रक्षा गरी युद्धमा ॥१८॥
देखी सैन्य असंख्य वीर लवले ❀ केही नमानी डर
पैह्रेपल्ट गरे सहर्ष धनुको ❀ टंकारले आदर ।
देखिन्थे मृगको बथान-भरिमा ❀ ती सिंह जस्तै लव
हज्जारौं शर छाडि घोर रणमा ❀ ढाकीदिएथे सब ॥१९॥
त्यो देखेर रहेछ वीर शिशु यो ❀ भन्ने विचारीलिए
घेरा हाल्न भनेर सैनिकहरू ❀ चौतर्फमा राखिए ।
पैह्लो एक सहस्र सैनिक बसे ❀ हज्जार दोस्रो दश
तेस्रो पाँच सहस्र सैन्य-दलको ❀ लाखौं बसेको रछ ॥११०॥
घेरा सात बनाइ येहि क्रमले ❀ तैयार पारे जब
ती घेरा-बिचमा शशी सरि सफा ❀ देखा परेथे लव ।
धेरै बाण र अस्त्र-शस्त्र बलिया ❀ मन्त्रेर छाडीकन
घेरा सात विदीर्ण पारि लवले ❀ गर्दा भए गर्जन ॥१११॥
हे बाबू ! रणमा उपस्थित रहू ❀ भागेर जान्छौ कहाँ ?
भन्दै पुष्कल वीर दिव्य रथमा ❀ पुग्दा भएथे त्यहाँ ।
आफू पैदल छौ, म छू रथमहाँ ❀ लड्ने यहाँ के गरी
हो यो युद्ध-विरुद्ध काम, रथ यो ❀ दिन्छू म लौ यै घरि ॥११२॥

आऊ लड्न मिलाइ जोडि यसरी ❀ यो धर्म हो नीति हो
मान्ने भिक्षुक हैन, क्षत्रिय म हूँ ❀ शक्ती छ सत्शौर्यको ।
जस्ले थाप्दछ दान क्षत्रिय भई ❀ पापी त्यही व्यक्ति हो
लिन्छौ दान अवश्य क्षत्रिय भई ❀ के बात यो सत्य हो ? ॥११३॥
यस्ता बात भनेर तीक्ष्ण शरको ❀ वर्षा गराए जब
मारे अश्व र सारथी रथ पनी ❀ धूलो तुल्याए सब ।
योद्धा ती दुइ वीर पैदल भई ❀ लड्दै गए बेसरी
देखीए ति पलाश-पुष्प सरिका ❀ राता दुवै त्यो घरि ॥११४॥
हुन् ती एक जयन्त इन्द्र-सुत वा ❀ हुन् वीर ती कार्तिक
की हुन् रुद्र कि इन्द्र वीर यम हुन् ❀ भन्थे सबै दर्शक ।
दोटै वीर थिए समान बलका ❀ योद्धा त्यसै कारण
गर्थे शस्त्र प्रहार मन्त्र-बलले ❀ निक्कै रिसाईकन ॥११५॥
देखी श्रेष्ठ प्रहार वीर लवको ❀ बोल्दा भए पुष्कल
काट्नेछू अब बाणले शिर छिटै ❀ देखाइ आफ्नू बल ।
रक्षा गर्न भनी सतर्क नरहे ❀ जाला वृथा जीवन
यस्ता बात भनेर बाणहरुको ❀ वर्षा गराईकन ॥११६॥
थूनेथे शरजालमा र लवले ❀ भन्दा भए वीर जो
बाधा जुन् अहिले दियौ बुझ यही ❀ तिम्रो ठुलो शौर्य हो ।
यस्ता बात भनेर जाल शरको ❀ काटेर बोले तिनी
रक्षा जीवनको गरेर रहनू ❀ कर्तव्य आफ्नू भनी ॥११७॥
तिन्को बात सुनी प्रचण्ड रिसले ❀ आईपुगे पुष्कल
हानी तीक्ष्ण अनेक बाण लवले ❀ पारीदिए खल्बल ।
काटे पुष्कलले सबै शरहरू ❀ आफ्ना तिखा बाणले
हाने एक अमोघ अस्त्र लवले ❀ मन्त्री निकै वेगले ॥११८॥

लाग्यो पुष्कलको गई हृदयमा ❀ मूर्च्छा परे युद्धमा
पौंचे पुष्कललाइ बोकि हनुमान् ❀ शत्रुघ्नका पासमा ।
देखी पुष्कलको स्थिती रिस गरी ❀ शत्रुघ्नजी गर्जिए
मारी त्यो शिशुलाइ आउ हनुमान् ❀ भन्दा उनी दौडिए ॥११९॥

हाने उखेलिकन वृक्ष ठुलो कपीले
पारे अनेक टुकुरा लवले खुशीले ।
ढुंगा उचालि गिरि झैं हनुमानजीले
हाने रिसाइ अब मार्छु भनी बलैले ॥१२०॥
धूलो गराइ गिरिको लव गर्जिएथे
त्यो शब्दले सकल सैनिक तर्सिएथे ।
बेरे अनी पुछरले कपिले रिसाई
त्यो देखि झट्ट लवले करले समाई ॥१२१॥
पर्‍याँके घुमाइ अनि पत्थरमा पछारे
देखेर शक्ति शिशुको हनुमान हारे ।
शक्ती हराउन गई म भएँ मलीन
शक्तीनँ गर्न अब केहि म दीन-हीन ॥१२२॥

मेरो मृत्यु हुँदैन ब्रह्म-वरले ❀ वा बाणले मूर्च्छित
यस्को खप्न सकीनँ चोट शरको ❀ यो बाल हो अद्‌भुत ।
भागूँ यो रणबाट क्यै गरि भने ❀ स्वामी हुनन् लज्जित
श्री शत्रुघ्न स्वयं उपस्थित भए ❀ होला अवश्यै जित ॥१२३॥
यस्तो निश्चयले तुरुन्त हनुमान् ❀ मूर्च्छा परे युद्धमा
भागे सैन्य अनेक भूपतिहरू ❀ हारेर संग्राममा ।
भन्नूभो अनि शेषले शुभ कथा ❀ हे विज्ञ वात्स्यायन !
श्री शत्रुघ्नकहाँ पुगी चरहरू ❀ सारा गरे वर्णन ॥१२४॥

त्यो सम्चार सुनी सुवर्ण रथमा ❀ शस्त्रास्त्र राखीकन
ठोक्रो वाण मुकूट औ कवच त्यो ❀ गर्दा भए धारण ।
सारा सैन्य र भूपतीहरु लिई ❀ पौंचे ति संग्राममा
देखे बालक सूर्य झैं चहकिलो ❀ एक्लै थियो युद्धमा ।।१२५।।
को हो यो रघुनाथकै स्वरुपको ❀ की जानकी-पुत्र हो ?
एक्लैले सब वीरलाइ रणमा ❀ जित्ने शिशू कौन हो ?
यस्का साथ लडी म हुन्न विजयी ❀ यस्तो विचारीकन
लागे सोध्न तिनी प्रसन्न मनले ❀ हे बाबु ! को हौ भन ।।१२६।।
माताको र पिताजिको भन तिमी ❀ के नाम, कुन् वंश हो ?
तिम्रो बालक रूप देखि मनमा ❀ शंका अनेकौं भयो ।
जान्दैनौ तिमिले प्रभाव रघुका ❀ वंशस्थ श्रीरामको
माफी माग दिएर अश्व मखको ❀ दिन्छू सबै माफ त्यो।।१२७।।
देख्नेछन् तिमिलाइ राम प्रभुले ❀ धेरै दिनन् खिल्लत
जाऔं लौ हय-मेधमा हिड तिमी ❀ सानन्द हामीसित ।
देखी बालक रूप यो बखतमा ❀ साह्रै भएँ मोहित
लागी भित्र दया भनें यति कुरा ❀ तिम्रो चिताई हित ।।१२८।।
यस्ता बात सुनेर वीर लवले ❀ केही नमानी डर
श्रीशत्रुघ्नजिलाइ सादर दिए ❀ त्यो बातको उत्तर ।
सोध्यौ नीति-विरुद्ध नाम तिमिले ❀ माता पिता वंशको
लड्छन् वीर डटेर घोर रणमा ❀ यो नीति हो युद्धको ।।१२९।।
सक्तैनौ यदि लड्न क्यै गरि भने ❀ न्यूराइ आफ्नू शिर
दाजू छन् कुश जो प्रधान सबमा ❀ पाऊ उनैका पर ।
हामीलाइ जितेर अश्व खुशिले ❀ लैजाउ त्यो यज्ञमा
सक्तैनौ त फिरेर जाउ घरमा ❀ आयौ वृथा युद्धमा ।।१३०।।

यस्ता बात भनेर तीक्ष्ण शरको ❀ वर्षा गरे बेसरी
लाग्यो चोट अनेक अंगहरुमा ❀ निक्कै नराम्रो गरी ।
त्यस्को उत्तरमा तिखा शरहरू ❀ छाडे ति शत्रुघ्नले
फेरी बाणहरू थपे लवजिले ❀ गर्जेर उत्साहले ॥१३१॥
ढाक्यो ती दुइका अनेक शरले ❀ सारा अँध्यारो भयो
हेर्दा मास्तिर बाण ती सलहले ❀ ढाके सरी देखियो ।
दिन्छन् दान अखण्ड हुन्छ भनि जो ❀ दानी, व्यतीपातमा
त्यस्तै त्यो शरजाल देखिन गयो ❀ सम्पूर्ण आकाशमा ॥१३२॥
ढाकीए शर-जालमा परि छिटै ❀ शत्रुघ्न योद्धा जब
थाले गर्न विचार यो बखतमा ❀ के गर्नु पर्ला अब ।
हा-हाकार परेर सैन्य, नृपती ❀ भागे लिई जीवन
थाले गर्न प्रहार बाणहरु ती ❀ शत्रुघ्न आत्तीकन ॥१३३॥
काटे त्यो शर-जाल वीर लवले ❀ पारे दिशा उज्वल
काटी श्रेष्ठ धनू ध्वजा रथ सबै ❀ पारीदिए खल्बल ।
अर्को दिव्य धनू लिए र उ घनी ❀ काटीदिएथे जब
रक्ताम्ब्ये ति दुवै पलाश-फुल झैं ❀ देखा परेथे तब ॥१३४॥
काटी श्रेष्ठ मुकूट औ कवच नै ❀ हा-हा गराईदिए
हर्ने प्राण लिएर बाण दश त्यो ❀ मन्त्रेर छाड्दा भए ।
काटे ती दश बाण वीर लवले ❀ लाग्नै नपाईकन
श्री शत्रुघ्नजिलाइ आठ शरले ❀ हानी गरे गर्जन ॥१३५॥
लाग्यो बाण गएर त्यो शरिरमा ❀ शत्रुघ्नजीको जब
मूर्च्छा पर्न गई ढले रथविषे ❀ हा-हा परेथ्यो तब ।
जो-जो भूपहरू थिए समरमा ❀ अन्याय ठूलो गरी
एक्लो ती लवलाइ शस्त्रहरुको ❀ वर्षा गरे बेसरी ॥१३६॥

काटे ती सब शस्त्र-अस्त्र सहजै ❀ लाग्नै नपाईकन
हानेथे सबलाइ तीक्ष्ण शरले ❀ भागे लिई जीवन ।
ठूलो शब्द भयो दिशा र विदिशा ❀ थर्केर चारैतिर
श्रीशत्रुघ्न सचेत भैकन उठे ❀ सेना भए तत्पर ॥१३७॥
सारा साथ लिई डटेर लवका ❀ बोले अगाडी गई
हैनौ बालक, वीर हौ तिमि कुनै ❀ भन्छू म शंका भई ।
मूर्च्छा पार्न सकेन कोहि विरले ❀ संग्राम-भूमीमहाँ
तिम्रो देखिलिएँ पराक्रम ठुलो ❀ मूर्च्छित् गरायौ यहाँ ॥१३८॥
मैले मूर्च्छित पार्दछू अब तिमी ❀ आफ्नू सुरक्षा गर
यस्ता बात भनी छिटै हृदयमा ❀ ताकेर छाडे शर ।
मूर्च्छा पर्न गए तुरुन्त लवजी ❀ त्यै बाणको चोटले
स्याबासी सबले दिए विजय भो ❀ हाम्रो भनी हर्षले ॥१३९॥
साक्षात् राम-समानका लव थिए ❀ राम्रा त्यसै कारण
बोकी राखिलिए लगेर रथमा ❀ आनन्द मानीकन ।
देखेथे ऋषिपुत्र मित्रगणले ❀ बोकी लगेको जब
सीताका नगिचै पुगीकन भने ❀ देखे-सुनेको सब ॥१४०॥
हे माता ! लवले नमानि बलले ❀ घोडा समातीलिए
तिन्का साथ लडाइँमा ति हयका ❀ मालीक मूर्च्छित् भए ।
आयो चेत अनी उठेर रिसले ❀ पर्खी तँलाई भनी
मूर्च्छा पारिदिए गिरे लव त्यहीं ❀ निर्जीव जस्ता बनी ॥१४१॥
घोडा पक्रनु हुन्न हामि सबले ❀ बिन्ती गरे तापनि
मानेनन्, सब भात खाउ भतुवा ❀ भन्दै लघारे अनि ।
यस्ता ती ऋषिपुत्रका सुनि कुरा ❀ सीता भइन् मूर्च्छित
आयो चेत अनी विलाप गरि ती ❀ रोइन् नराम्रो-सित ॥१४२॥

बाबू ! कहाँ छौ लव वीर आऊ
मेरो दुखी चित्त स्वयं बुझाऊ ।
कस्तो दया-हीन रहेछ भूप
जानेर सानो शिशु त्यो अनूप ॥१४३॥
अन्याय-पूर्वक गरेर लडाइँ यस्तो
मानिन्न जीत कहिल्यै पनि बुद्धि कस्तो ।
नीती-विरुद्ध नृपले कहिल्यै नचल्नू
दुर्नाम हुन्छ भवमा किन यो नबुझ्नू ॥१४४॥

धैरै यै रितका विलाप कुटिमा ❀ सीता रुँदै गर्दथिन्
सम्झीदै कुश पुत्रलाइ मनले ❀ सन्तापमा पर्दथिन् ।
सीता-पुत्र पुगेर उज्जयिनिमा ❀ सेवा महाकालको
पूजा सादर गर्दथे दिन-दिनै ❀ त्रैलोक्यका नाथको ॥१४५॥
पाएथे वरदान घोर तपले ❀ सन्तोष मानीकन
आएथे कुटिमा उसै बखतमा ❀ थालिन् सिताजी रुन ।
देखेथे महतारिको विकलता ❀ आँसू बगेको पनि
माता ! कारण के परेर रुनुभो ❀ साह्रै बनी दुःखिनी ॥१४६॥
भाई छन् लवजी कहाँ ? किन गए ❀ के काम आई परी !
साथीका सँग खेल्दछन् कि अहिले ❀ देख्दीनँ लौ यो घरि ।
माता ! भन्नुहवस् यथार्थ मनमा ❀ शंका मलाई भयो
सीताले सब भन्दिइन् त्यति सुनी ❀ संग्राममा जै भयो ॥१४७॥
हे बाबू ! लवजी थिए यहिँ, पछी ❀ खोजौं समीधा भनी
निस्केछन् ऋषि-पुत्रका सँग त्यहीं ❀ क्यै बेर खेले अनि ।
यौटा उत्तम श्यामकर्ण हय क्वै ❀ आएछ राम्रो तहाँ
देखेछन् सुनपत्र श्रेष्ठ शिरमा ❀ पढ्दै गए छिन्महाँ ॥१४८॥

बाँधेछन् हय त्यो समाइ रुखमा ❀ राजा घमण्डी भनी
आए भूप लिएर सैन्य, लवले ❀ मूर्च्छित् गराए अनि ।
आयो चेत उठेर झट्ट नृपले ❀ ठूलो लडाईँ गरी
मूर्च्छा पारि लगे तुरुन्त लवजी- ❀ लाई रथैमा धरी ॥१४९॥
आएथे ऋषि-पुत्र भन्न दगुरी ❀ मैले सुनेँ त्यो जब
थालेँ रून यहीँ बसी धुरु-धुरू ❀ के गर्नु मैले अब ।
जाऊ झट्ट तिमी लडी समरमा ❀ सम्पूर्ण वैरी जिती
भाईलाइ लिएर आउ कुटिमा ❀ शंका नमानी रति ॥१५०॥
आमालाइ भने तुरुन्त कुशले ❀ क्रोधित् भई बेसरी
भाईलाइ म ल्याउँछू, हजुरले ❀ क्यै हुन्न चिन्ता गरी ।
हे माता ! रणमा समर्थ विरले ❀ हो शौर्य देखाउनु
यै हो क्षत्रिय-धर्म माथ अरिको ❀ गर्जेर न्यूराउनु ॥१५१॥
जो भाग्छन् रणबाट जीवन लिई ❀ त्यस्ता सबै काँतर
हुन्छन् भारस्वरूप यो पृथिविमा ❀ मान्छन् ति मर्ने डर ।
त्यस्ता व्यक्ति मरी ठुलो नरकमा ❀ पर्छन् गई आखिर
भोग्छन् कष्टहरू अनेक थरिका ❀ ती पापका दुस्तर ॥१५२॥
हे माता ! म हजूर-सम्मुख यहाँ ❀ भन्छू प्रतिज्ञा गरी
जित्नेछू रणमा उपस्थित रहे ❀ देवेन्द्र शम्भू हरि ।
भाई मूर्च्छित छन् वृथा हजुरले ❀ पर्दैन माता ! रुन
पाऊँ शस्त्र छिटै दिनोस् म रणमा ❀ जान्छू खुशी भैकन ॥१५३॥
उन्का जो कवचादि हुन् सब दिई ❀ धेरै दिइन् आशिष
भाईलाइ फिराइ ल्याउ कुटिमा ❀ फैलिन्छ तिम्रो यश ।
आमाका पदमा झुकेर रणमा ❀ प्रस्थान गर्दा भए
देखी छक्क परे समस्त रणमा ❀ मुर्दाहरू देखिए ॥१५४॥

साह्रै छक्क परे तथापि लवको ❀ हो वीरता यो भनी
निक्कै हर्ष भयो र गर्जन गरे ❀ कालाग्नि जस्तै बनी ।
त्यै बेला कुशलाइ देखि लवजी ❀ अत्यन्त हर्षित् भए
हाम्फाली रथबाट बन्धन सबै ❀ तोडी नगीचै गए ॥१५५॥
दोटै भाइ मिलेर पूर्वतिर वा ❀ अर्को भई पश्चिम
वर्षाए शर बेसरी अनि भने ❀ आईपुगें हेर म ।
तिन्को बाण-प्रहारले समरमा ❀ धैरै मरे सैनिक
भागे प्राण बचाइ काँतर डरे ❀ त्यो अश्वका रक्षक ॥१५६॥
धैरै भूपहरू लिएर रणमा ❀ शत्रुघ्न आए जब
देखी एक-समान रूप दुइको ❀ आश्चर्य माने तब ।
देखेथे कुशको प्रभाव रणको ❀ सोधे खुशी भैकन
माताको, कुलको तथा जनकको ❀ के नाम हो लौ भन ॥१५७॥
भ्राता एकसमान रूप गुणका ❀ देख्छू म यस्को पनि
हे बाबू ! तिमिले बताउ खुशिले ❀ हो हेतु यस्तो भनी ।
लागे भन्न बुझाइ वीर कुशले ❀ संग्राममा यो कुरा
सोध्ने योग्य थिएन तापनि सबै ❀ भन्छू म हेतू पुरा ॥१५८॥
जम्ल्याहा दुइ भाइ एक रुपका ❀ हौं जानकीका सुत
हामी क्षत्रिय वीर, दीन जनको ❀ गर्ने सदा छौं हित ।
सेवा वाल्मिकिको गरेर कुटिमा ❀ बस्छौं छ जो आश्रम
विद्या प्राप्त भयो उनै गुरुजिको ❀ पाई कृपा उत्तम ॥१५९॥
भाई हुन् लव यी, म हूँ कुश अनी ❀ को हुन् पिता जान्दिनँ
मैले आफ्नु कहें, तिमी पनि सबै ❀ को हौ बताऊ, किन ?
आयौ यो कुटिमा र अश्व यसरी ❀ छाडीदिएको भन
सोधें जो अहिले सबै गर तिमी ❀ विस्तारले वर्णन ॥१६०॥

एक्लो यो लवलाइ वीरहरुले ❀ जीती अनीती गरी
पारी मूर्च्छित बाँधि राखि रथमा ❀ जान्थ्यौ कहाँ यो घरि ?
राजन् ! फर्कन दिन्नँ युद्ध नगरी ❀ भन्ने विचारीकन
तिम्रो जीत भयो भने हय लिई ❀ सक्छौ तिमी फर्कन ॥१६१॥
यस्ता वाक्य सुनेर वीर शिशुको ❀ शत्रुघ्न चिन्तित् भए
सीताका सुत हुन् भनीकन चिह्नी ❀ झन् शोचमा गाडिए।
कान्छो बाबु भई परौं म कसरी ❀ यिन्को गई पाउमा
दिन्नन् अश्व अवश्य वीर दुइले ❀ जित्नै पऱ्यो युद्धमा ॥१६२॥
हाम्रो जीत हुँदैन यो पनि सफा ❀ जानीरहेकै म छु
लड्नू क्षत्रिय-धर्म हो समरमा ❀ यै निम्तिमा लड्दछु।
यस्तो तर्क गरी स्वयं मनमनै ❀ तत्काल शत्रुघ्नले
पक्रेथे धनु बाण श्रेष्ठ करमा ❀ लड्छू भनी क्रोधले ॥१६३॥
त्यो देखी दुइले गरे धनुषको ❀ टंकार शंख-ध्वनि
वर्षाए शर बेसरी समरमा ❀ शत्रुघ्नले लौ भनी।
काटेथे शर ती समस्त कुशले ❀ लाग्नै नपाई जब
श्रीशत्रुघ्न रिसाइ फेरि शरको ❀ वर्षा गरेथे तब ॥१६४॥
छाड्यो देखिन अन्धकार हुनगो ❀ सम्पूर्ण युद्धस्थल
थाले भाग्न अनेक वीर डरले ❀ बढ्दै गयो खल्बल।
छाडेथे जब अग्नि-अस्त्र कुशले ❀ सारा उज्यालो भयो
सारा बाणहरू भएर टुकुरा ❀ संग्राममा फैलियो ॥१६५॥
पर्जन्यास्त्र चलाइ घोर जलको ❀ धारा चलाईदिए
वायव्यास्त्र गरे प्रहार कुशले ❀ सेनाहरू तर्सिए।
छाडेथे जब पर्वतास्त्र रिसले ❀ शत्रुघ्नजीले त्यहाँ
ठूलो पर्वत आइ वायु थुनियो ❀ हा-हा पऱ्यो छिन्महाँ ॥१६६॥

छाडे पर्वत ढाल्न वीर कुशले ❀ वज्रास्त्र मन्त्रीकन
धूलो पर्वतको भयो अनि सफा ❀ थाल्यो त्यहाँ देखिन ।
श्रीनारायण अस्त्र वीर कुशले ❀ छाडे रिसाई जब
त्यस्ले स्पर्श गरेन कत्ति तनमा ❀ शत्रुघ्नजीको तब ॥१६७॥
बोलेथे कुश वीर-धन्य तिमिले ❀ ठूलो कमायौ जय
यो नारायण अस्त्रको विफलता ❀ देखेर मान्छू भय ।
हान्दै छू अब तीन बाण क्रमले ❀ मेरो प्रतिज्ञा सुन
मूर्च्छा पार्न सकीनँ क्यै गरि भने ❀ जो छन् ठुला सज्जन ॥१६८॥
गर्दैनन् नर-देह पाइ खुशिले ❀ सद्धर्मको आदर
तिन्लाई जति पाप लाग्दछ सबै ❀ लागोस् मलाई, तर ।
यस्ता बात भनी गरे प्रण जसै ❀ केही नमानी डर
छाड्दै छू अब बाण वीर ! तिमिले ❀ आफ्नू सुरक्षा गर ॥१६९॥
यस्ता बात भनी अमोघ शरले ❀ ताकेर हाने जब
सम्झे श्रीरघुनाथलाइ मनले ❀ शत्रुघ्नजीले तब ।
काटी त्यो शरजाल आफ्नु बलले ❀ टुक्रा गराईदिए
त्यो देखी कुशले रिसाइ शर त्यो ❀ तत्काल अर्को लिए ॥१७०॥
छोडे त्यो शरलाइ क्रोधित भई ❀ मन्त्रेर तिन्ले तर
टुक्रा पारिदिए तुरुन्त बिचमै ❀ शत्रुघ्नले आखिर ।
दोटा बाण भए जसै विफल ती ❀ यौटा रह्यो हातमा
माताको अनि सम्झना हुन गयो ❀ ती वीरको चित्तमा ॥१७१॥
त्यो तेस्रो शरलाइ मन्त्र-बलले ❀ ताकेर छाडीदिए
श्री शत्रुघ्नजिले प्रयत्न त निकै ❀ रोक्ने गरेका थिए ।
लाग्यो तैपनि त्यो गई हृदयमा ❀ शत्रुघ्न मूर्च्छा परे
भागे वीर कती र भूपगणले ❀ अत्यन्त हा-हा गरे ॥१७२॥

भन्थे दिव्य कथा ति शेष प्रभुले ❀ हे विज्ञ वात्स्यायन !
श्रीशत्रुघ्न गिरे भनी समरमा ❀ चर्चा चल्यो त्यै क्षण ।
आएथे रथमा चढी सुरथजी ❀ गर्दै ठुलो गर्जन
तिन्लाई दश बाणले कुशजिले ❀ हाने रिसाईकन ॥१७३॥
त्यस्ले काटिदियो ध्वजा रथ धनू ❀ थाले तिनी आत्तिन
हेराहेर गरे तिखा नयनले ❀ दोटै ति योद्धा जन ।
लड्थे श्रेष्ठ गदा तथा मुसलले ❀ योद्धा दुवै पैदल
आए लड्न धुरा उठी नृप जती ❀ सारा भए कत्तल ॥१७४॥
त्यै वेला कुशले रिसाइ धनुको ❀ टंकार पैह्ले गरी
हाने अग्नि-समान एक शरले ❀ लाग्यो गई बेसरी ।
मूर्च्छा पर्न गई ढले सुरथजी ❀ शस्त्रास्त्र त्यागीकन
हाम्रो जीत भयो भनेर कुशले ❀ गर्दा भए गर्जन ॥१७५॥
राख्यो सारथिले लगेर रथमा ❀ तिन्को सुरक्षा गरी
हा-हाकार पऱ्यो पुगे अनि कपी ❀ उफ्रेर सोही घरि ।
देखी ती हनुमानलाइ कुशले ❀ चर्को गरी गर्जिए
पुग्नेछौ यमराजको नगरमा ❀ तत्काल जानीलिए ॥१७६॥
आएथे हनुमान सम्मुख जसै ❀ पारीदिए घायल
यौटा वृक्ष उखेलि झट्ट कपिले ❀ हाने लगाई बल ।
त्यस्ले केहि भएन, वीर कुशले ❀ किंचित् नमानीकन
संहारास्त्र गरे प्रहार कपिको ❀ शेखी उतारीलिन ॥१७७॥
लाग्यो शस्त्र गई जसै हृदयमा ❀ तत्काल मूर्च्छा परे
त्यो देखेर रिसाइ सम्मुख छिटै ❀ सुग्रीव योद्धा सरे ।
धेरै वृक्षहरू उखेलि रिसले ❀ छाड्दै गएथे तर
काटे वृक्षहरू अनी ति कपिले ❀ लामो गरे पुच्छर ॥१७८॥

बाँधे वारुण अस्त्रले समरमा ❀ सुग्रीवलाई अनि
भागे सैन्यहरू चतुर्दिक सबै ❀ लौ मार्न आँटे भनी ।
हाम्रो जीत भयो भनी दुइ जना ❀ अत्यन्त हर्षित् भए
त्यै वेला लवले विनम्र स्वरमा ❀ यो बात भन्दै गए ॥१७९॥
हाम्रो जीत भयो स्वयं हजुरको ❀ सद्बुद्धि वा शक्तिले
यस्ता बात भनी तुरुन्त लवले ❀ हाँसी ठुलो हर्षले ।
बाजू-बन्द किरीट वीर कुशले ❀ शत्रुघ्नको पैह्रिए
योद्धा पुष्कलको सहर्ष लवले ❀ एकेक पैह्रीलिए ॥१८०॥
बाँधे सुग्रिव औ कपीकन दुवै- ❀ लाई डुऱ्याईकन
सीताका नगिचै पुगे ति कुटिमा ❀ गर्छौं भनी दर्शन ।
बाटोमा हनुमान सुग्रिव दुवै ❀ गर्दै गए गन्थन
लंकामा पहिले गरें जति कुरा ❀ हो व्यर्थ त्यो वर्णन ॥१८१॥
लंका पोलिसकी गएँ म जसरी ❀ सीताजिका पासमा
त्यस्ले कीर्ति जती भयो अब सबै ❀ जाने भयो व्यर्थमा ।
पारी बन्धनमा लगे ति शिशुले ❀ यो लाजमर्नू भयो
पैह्रेको बल तेज इज्जत सबै ❀ पानी हुने भैगयो ॥१८२॥
सीतालाइ कसोरि आज मुख यो ❀ देखाउने हो भन
के भन्नन् पछि रामले सब सुनी ❀ दुःखी छ साह्रै मन ।
यस्ता बात सुनेर वीर कपिको ❀ सुग्रीवजीले पनि
आफ्ना कष्टहरू स्वयं भनिसके ❀ अत्यन्त दुःखी बनी ॥१८३॥
सीताले दुइ पुत्रलाइ कुटिमा ❀ देखेर माया गरिन्
स्याबासी दुइ पुत्रलाइ दिइझन् ❀ आशीष धेरै दिइन् ।
पक्रेका कुशले थिए ति हनुमान्- ❀ लाई खुशी भैकन
ती सुग्रीव परेर बन्धन थिए ❀ लाचार सोही क्षण ॥१८४॥

देखी ती दुइ वीरलाइ नगिचै ❀ आश्चर्य सीता भइन्
मेरा पुत्र दुवै भए अब ठुला ❀ भन्दै ति हर्षित् थिइन् ।
हे माता ! लवलाइ डुल्न वनमा ❀ घोडा मिल्यो उत्तम
खेल्छन् भाइ भनेर वानर पनी ❀ ल्याएँ गरी संयम ॥१८५॥
सीताले जब वीर वानर दुवै ❀ देखिन् नगीचै अनि
लागिन् भन्न बुझाइ पुत्र दुइमा ❀ यो के गरेका भनी ?
लंका पोलिदिने यि वीर हनुमान् ❀ यिन्लाइ बाबू ! चिन
राजा वानरका यि वीर बलवान् ❀ सुग्रीव हुन् लौ सुन ॥१८६॥
छाडीदेउ छिटै मलाइ नगिचै ❀ देखे भने मर्दछन्
यिन्ले मद्दत जे जती अघि गरे ❀ को व्यक्तिले गर्दछन् ।
माताको सुनि बात वीर कुशले ❀ बिन्ती गरे सादर
माता ! सुन्नुहवस् कुरा हजुरले ❀ पर्दैन मान्नू डर ॥१८७॥
खेलेको सँगिका बसेर सँगमा ❀ आयो त्यहीं अश्व र
त्यस्को देखि निधारमा चहकिलो ❀ पद्दै गए पत्र र ।
त्यस्को बात घमण्ड-युक्त मनले ❀ जानेर पक्रीलिए
पारी सोहि निहूँ चल्यो समर यो ❀ संहार गर्दै गए ॥१८८॥
पारेथे लवलाइ वीर सबले ❀ अन्यायले मूर्च्छित
हामी भाइ दुवै मिलीकन लड्यौं ❀ निक्कै नराम्रो-सित ।
शत्रुघ्नादि अनेक मूर्छित भए ❀ आए हनूमान् अनि
ती सुग्रीव-समेत वीर दुइले ❀ संग्राम गर्दा पनि ॥१८९॥
बाँधी ती दुइ वीरको पुछरमा ❀ पक्रेर ल्यायौं यहाँ
राजाको बलवान अश्व-सहितै ❀ ल्याएर साम्नेमहाँ ।
सारा बात यथार्थ वर्णन गरी ❀ तिन्ले सुनाए जब
सीताले अति दुःख मानि मनमा ❀ भन्दी भइन् यो सब ॥१९०॥

तिम्रा हुन् रघुनाथजी बुझ पिता ❀ राजा अयोध्या-पति
दाजू पुष्कल, पुत्र हुन् भरतका ❀ धेरै बताऊँ कति ।
तिम्रा हुन् ति कनिष्ठ पितृ बुझिल्यौ ❀ शत्रुघ्न योद्धाकन
रक्षा गर्न भनेर अश्व-सित ती ❀ आए त्यसै कारण ॥१९१॥
घोडा हो यहि अश्वमेध मखको ❀ छाडे त्यसै निन्तिमा
बाबाको किन अश्व यो नबुझि क्यै ❀ पक्रीलियौ व्यर्थमा ।
जिम्मा देउ लगेर अश्व पहिले ❀ शंका नमानी, अनि
श्री शत्रुघ्नजिका परी चरणमा ❀ माफी म पाऊँ भनी ॥१९२॥
माग्नू माफ अनी क्षमा गरिदिनन् ❀ छन् ती दयालू पनि
मातालाइ भने तुरुन्त कुशले ❀ सुन्नूहवस् लौ भनी ।
हो यो क्षत्रिय-धर्म पालन गर्यौं ❀ त्यै धर्मको हामिले
यस्मा दोष म केहि देख्दिनँ, कहीं ❀ हाम्रो त्यसै हेतुले ॥१९३॥
यो विस्तार सबै सुनाइ जननी- ❀ लाई दुवै भाइले
छाडे ती दुइ वीर वानरहरू- ❀ लाई निकै हर्षले ।
घोडा पक्रि हिडे दुवै लुरु-लुरू ❀ न्यूराइ आफ्नू शिर
सीता ती दुइ पुत्रका सँग पुगिन् ❀ संग्रममा आखिर ॥१९४॥
साक्षी सूर्य गरी भनिन् कर दुवै ❀ जोरेर हे ईश्वर !
शुद्धात्मा र पतिव्रता यदि भए ❀ भन्छू नमानी डर ।
छन् जो मूर्च्छित वीर सैनिक तथा ❀ मेरा गुणी देवर
हे श्री राम उठून् तुरुन्त सब यी ❀ बिन्ती छ यो सादर ॥१९५॥
सीताका यति वाक्यले सब उठे ❀ मूर्च्छा परेका जति
जै-जैकार गरे समस्त सुरले ❀ आनन्द मान्दै अति ।
त्यो द्रोणाचलमा नगैकन, विना ❀ ल्याएर संजीवनी
साराला तुरुन्त जीवन दिइन् ❀ हुन् धन्य सीता भनी ॥१९६॥

लावा पुष्प अबीर वर्षण गरे ❀ आकाशमा देवले
सीताका दुइ पुत्रको जय भनी ❀ बोले ति शत्रुघ्नले ।
माताको बल औ सतीत्व धन त्यो ❀ देखेर हर्षे सुत
फर्केथे कुटिमा त्यहाँ हुन गयो ❀ आश्चर्य त्यो अद्भुत ।।१९७।।
भन्थे दिव्य कथा ति शेष प्रभुले ❀ हे विज्ञ वात्स्यायन
सोधेथे अनि त्यो सुमन्त्र-सित नै ❀ शत्रुघ्नले त्यै क्षण ।
देखेँ जो अहिले भयो थरि-थरी ❀ आश्चर्य लाग्ने कुरा
त्यस्को वर्णन गर्नुहोस सुमते ! ❀ सुन्छू म ऐह्ले पुरा ।।१९८।।
मन्त्रीले सुनि बात त्यो जति थियो ❀ एकेक भन्दै गए
हे राजन् ! दुइ वीर बालहरुले ❀ त्यो अश्व छाडीदिए ।
यात्रा पूर्ण भयो फिर्यौं अब छिटै ❀ हामी अयोध्यातिर
श्री शत्रुघ्नजिले भने अब हिडोस् ❀ हाम्रो छिटै लश्कर ।।१९९।।
गंगा-पारि तरे सबै नरपती ❀ योद्धा तथा सैनिक
पौंचेथे दरबार-बाहिर सबै ❀ त्यो अश्वका रक्षक ।
आए लक्ष्मण रामको हुकुमले ❀ भेटे दुवै भाइले
भेटेथे भरतादिले पनि त्यहीं ❀ अत्यन्त आनन्दले ।।१२०।।
सारा भूपति वीर आदि सबको ❀ गर्दै ठुलो आदर
पौंचे ती सरयू नदी-तटविषे ❀ क्यै बेरमा आखिर ।
कर्ता राम थिए, ति शृङ्गि ऋषिजी ❀ आचार्यको रूपमा
गर्थे यज्ञ सहर्ष वेद-विधिले ❀ उत्साहका साथमा ।।१२१।।
घोडा साथ लिएर ती सरयुको ❀ सेना पुगे तीरमा
बारम्बार गरे प्रणाम सबले ❀ श्री रामका पाउमा ।
तिन्को भोजनको निमित्त नगिचै ❀ जो पाकशाला थियो
त्यस्को वर्णन सुन्नुहोस् अलिकती ❀ आश्चर्य लाग्ने छ यो ।।१२२।।

रानी श्रीदमयन्ति भूप नल औ ❀ त्यस्तै अरू भूप ती
गर्थे हेर-विचार यी सकलले ❀ दृष्टी सबैतर्फ दी ।
पंक्ती ब्राह्मणको बस्यो वरिपरी ❀ घेरा बनाईकन
ल्याई अमृत झैं मिठा चिजहरू ❀ थाल्दा भए पस्कन ॥१३॥
आए बाँड्न भनेर खीर जब ती ❀ ठूलो कचौराभरि
बोले छक्क परेर ब्राह्मण कुनै ❀ के हो भनी त्यो घरि ।
अर्का ब्राह्मणले भने मुसु-मुसू ❀ हाँसेर हे विप्र हो !
राहूदेखि डराइ बिम्ब शशिको ❀ आयो कि भन्छू म यो ॥१४॥
अर्को भन्दछ कन्द-मूल फलको ❀ स्वादिष्ट हो यो रस
भान्से भन्दछ यो सुधा सरि मिठो ❀ हो खीर वा पायस ।
खानूहोस थपेर खूशि मनले ❀ ल्याएर दिन्छू अरू
खान्थे ब्राह्मण ती मुखामुख गरी ❀ हेरेर जान्नेहरू ॥१५॥
गर्दा श्राद्ध विशेष तर्पण हुँदा ❀ तस्मै स्वधा भन्दछन्
सोही कारण श्राद्धमा खिर यही ❀ तस्मै भनी बाँड्छन् ।
गर्दा होम दिनू छ आहुति भने ❀ चाहिन्छ यै पायस
जस्ले खान्छ सुधा-समान खिर यो ❀ त्यो बन्छ यस्कै वश ॥१६॥

श्री सूर्यको उदयमा रवि-बिम्ब जस्तो
देखिन्छ लाल र सुगन्ध विचित्र कस्तो ।
अर्का कुनै ति द्विजले सुनि बात त्यस्तो
लागे बुझाउन कुरा मन बुद्धि कस्तो ॥१७॥
यस्लाइ हेर अनि केशर भात जान
चाहिन्छ भाग्य अनि मिल्दछ भात खान ।
हेर्थे यता-उति कती द्विज फर्कि धेर
भान्से पुगे त्यहिँ लिई नगरी अबेर ॥१८॥

के हो चिनिन्न अति उत्तम वस्तु हेर
बाक्लो मिठो अनि सुधा-सरिको अघोर ।
हो औषधी कि यहि नै त अजम्मरीको
पारे तयार पहिले नल भूपले यो ॥११९॥
चाख्नूभयो प्रथम श्रीशिव-पुत्रले त्यो
खाओ थपी-थपि मिठो छ सिखर्नि हो यो ।
यस्का अनेक गुण छन् बुझ शास्त्रमा त्यो
यो खाइ जीवित यसै घरि स्वर्ग जाओ ॥११०॥

ज्ञानी विज्ञ मुनी ऋषीश्वर तपी ❀ योगी गुणी सज्जन
ती सारा क्रमले बसीकन गरे ❀ उत्साहले भोजन ।
दुःखी दीन दरिद्र हीन जनमा ❀ द्रव्यादि बाँडे अनि
पाई अन्न र वस्त्र हर्षित भए ❀ जै राम राजा भनी ॥१११॥
पूजा-कार्य सकेर यज्ञतिरको ❀ श्रीराम पाल्नूभयो
सारा व्यक्ति उठेर स्वागत गरे ❀ आनन्द झन् फैलियो ।
श्री शत्रुघ्न र वीर पुष्कल उठी ❀ तत्काल पाऊ परे
तिन्लाई प्रभुले सुआशिष दिई ❀ आलिंगनादी गरे ॥११२॥
राजा वीरमणी, सबाहु र सुमद् ❀ सुग्रीव औ अङ्गद
योद्धा लक्ष्मनिधी र वीर हनुमान् ❀ श्री नीलरत्नादिक ।
सत्यैवान, प्रताप भूपतिहरू ❀ सारा बसेका थिए
आई राम बसी सुमन्त्र-सित यो ❀ विस्तार सोधीलिए ॥११३॥
हे मन्त्री ! तिमिले बताउ क्रमले ❀ को हुन् सबै भूपति ?
आएका किन हुन् र कुन् मुलुकका ❀ स्वामी यि हुन् सद्मति ।
पक्रे कुन् नृपले कहाँ र कसरी ❀ घोडा छुटायौ कहाँ ?
यो आज्ञा रघुनाथको सुनि भने ❀ ती मन्त्रिजीले तहाँ ॥११४॥

हे सर्वज्ञ ! हजूरलाइ सब यो ❀ थाहा भए तापनि
सोध्नूभो प्रभुले म भन्दछु सबै ❀ संक्षेपमा लौ भनी ।
हे स्वामी ! हय त्यो हिड्यो खुरु-खुरू ❀ झन् वेगले पूर्वमा
टल्कन्थ्यो सुन-पत्र सूर्य सरिको ❀ जाज्वल्य नीधारमा ॥११५॥
त्यो पाञ्चाल डुलेर उत्तर कुरू ❀ पुग्दो भयो वेगले
त्याहाँबाट दशार्ण देश पुगिगो ❀ देखे जती भूपले ।
सारा भूपतिले समर्पण गरे ❀ साम्राज्य औ सम्पति
त्यो घोडा अहिछेत्रमा पुगिगयो ❀ दौडेर वायू-गति ॥११६॥
त्याहाँ जुन् जगदम्बिका जननिको ❀ गर्दा भए पूजन
पाई अशिष देविको सब हिडे ❀ आनन्द मानीकन ।
पौंचेथे जब राज्यमा सुमदको ❀ तिन्ले सुनेथे जब
श्री शत्रुघ्नजिको परे चरणमा ❀ सुप्पी ठुलो वैभव ॥११७॥
छोरोलाइ लिएर सैनिक सबै ❀ राज्यै गरे अर्पण
आएका यहिँ छन् तिनी चरणमा ❀ पर्छन् खुशी भैकन ।
यौटा आश्रममा पुगेर ऋषिको ❀ घोडा अगाडी गयो
छोरा एक सुबाहुका दमनजी- ❀ लाई त्यहाँ देखियो ॥११८॥
तिन्ले अश्व समाति आफ्नु घरमा ❀ बाँधेर राखीलिए
योद्धा पुष्कल-साथ ती दमनले ❀ संग्राम गर्दा भए ।
हाम्रा पुष्कलले जिते दमनजी ❀ मूर्च्छा परे युद्धमा
आए लड्न पिता सुबाहु, हनुमान् ❀ पौंचेर संग्राममा ॥११९॥
हाने लात र श्राप मोचन भयो ❀ ती भूपतीको अनि
छोरालाइ दिएर राज्य, सँगमा ❀ आए म जान्छू भनी ।
गर्दै छन् अहिले प्रणाम, यहिँ छन् ❀ हे नाथ ! ती भूपति
पाई दर्शन नाथका चरणको ❀ आनन्द मान्छन् अति ॥१२०॥

घोडा त्यो सहसा अदृश्य हुनगो ❀ रेवा नदीमा पसी
हेर्थे सैन्यहरू असक्त सरि भै ❀ त्यस्का किनार्मा बसी ।
पानीमा हनुमानका सँग पसे ❀ शत्रुघ्न योद्धा जब
पानी-भित्र कुनै ठुलो महलमा ❀ स्त्रीलाइ देखे तब ॥१२१॥
घोडा-साथ अनेक आशिष दिई ❀ अन्यान्य शिक्षा दिइन्
सुम्पी मोहन अस्त्रको सफलता ❀ तिन्ले सिकाईदिइन् ।
त्याहाँबाट हिडेर वीरमणिको ❀ दर्बार पौंच्यौ हय
ठूलो युद्ध भयो, त्यहाँ हुन गयो ❀ सेनाहरूको क्षय ॥१२२॥
साक्षात् स्वर्ग-समान देवपुरमा ❀ जुन् कार्य जस्तो भयो
जाहेरै छ हजूरलाइ शिवका ❀ प्यारा ति भूपालको ।
आयो विद्युतमालि पक्रि हय त्यो ❀ लड्छू भनी हर्षले
त्यस्लाई जब मार्नुभो समरमा ❀ खेदेर शत्रुघ्नले ॥१२३॥
त्याहाँबाट पनी हिड्यो हय जसै ❀ हावा सरी वेगले
कोही वीर अघी सरेन पथमा ❀ पक्रीलिने शक्तिले ।
त्याहाँबाट गयो र अश्व सहसा ❀ ती सत्यवान्ले धरे
तिन्को पूर्ण भयो मनोरथ अनी ❀ सानन्द पाऊ परे ॥१२४॥
पक्री अश्व अगाडि श्रीसुरथले ❀ बाँधीलिएथे जब
जाहेरै छ हजूरमा जसरि त्यो ❀ मुक्ति भएथ्यो सब ।
त्याहाँबाट हिडेर कुण्डनपुरी ❀ घोडा गएथ्यो, तर
पक्रेनन् पथमा कुनै अघि सरी ❀ बढ्दै गयो आखिर ॥१२५॥
डुल्दै जंगलमा पुग्यो हय त्यहाँ ❀ राम्रो थियो आश्रम
वाल्मीकी ऋषिको थियो कुटि त्यहीं ❀ त्यो झाडि झन् उत्तम ।
देख्दा रूप दुरुस्त नाथ-सरिकै ❀ राम्रा थिए बालक
अन्दाजी तिनि सोह्र वर्ष जतिका ❀ अत्यन्त नै लायक ॥१२६॥

सानै हुन् तपनि प्रताप शिशुको ❀ आश्चर्यलाग्दो थियो
देख्दा रूप, अनेकको मन खिँची ❀ मोहित् गराईलियो ।
घोडा पक्रिलियौ वृथा किन भनी ❀ सम्झाउँ भन्दै गए
सेनाका पति कालजित् समरमा ❀ तत्काल नै मारिए ॥१२७॥
मूर्च्छा पुष्कललाइ पारि रणमा ❀ शत्रुघ्नलाई पनि
मूर्च्छा पार्नुभयो शिशूकन उठी ❀ शत्रुघ्न क्रोधित् बनी ।
उस्तै बालक एक झट्ट रणमा ❀ आए अगाडी सरी
यौटै रूप हुने समान वयका ❀ तिन्ले लडाईँ गरी ॥१२८॥
पारी नष्ट अनेक सैनिक त्यहाँ ❀ हा-हा तुल्याईदिए
बाँधी सुग्रिवलाइ अस्त्र गहना ❀ धेरै लिई पैह्रिए ।
योद्धा ती हनुमानको पुछरमा ❀ बाँधी लगेथे जब
हेरे छक्क परेर देवगणले ❀ आकाशबाटै तब ॥१२९॥
केही बेर बित्यो र अश्व, हनुमान् ❀ सुग्रीव राजा पनि
आए एक थिइन् सती सँगसँगै ❀ केही नजान्ने बनी ।
तिन्ले त्यो रणभूमितर्फ सहसा ❀ क्यै बेर हेरीलिइन्
जोरी हात दुवै प्रणाम खुशिले ❀ श्रीसूर्यलाई गरिन् ॥१३०॥
त्यो वेला रणभूमिमा जति थिए ❀ मूर्च्छित् तथा घायल
सारा सैन्य मिल्यो र जीवन उठे ❀ के जानु द्रोणाचल !
यौटा शेष नराखि सैनिक उठे ❀ ती नारिको बिन्तिले
आयौं हामिहरू यहाँ हजुरको ❀ सत्कीर्तिले पुण्यले ॥१३१॥
आफ्नू अश्व लिएर यो बखतमा ❀ हामी भयौं हाजिर
मैले बिन्ति गरें सबै हजुरका ❀ प्रश्नादिको उत्तर ।
मेरा पुत्र दुवै भनेर प्रभुले ❀ जाने बुझे तापनि
सोध्नूभो मुनि वाल्मिकीकन सबै ❀ जान्दीनँ केही भनी ॥१३२॥

मन्त्रीले जति जे भने सब सुनी ❀ आश्चर्य मान्छू म त
तिम्रो आश्रमका ति बालक दुवै ❀ को हुन् र कस्का सुत ?
पारे ध्वस्त समस्त सैनिक तथा ❀ ती अश्वका रक्षक
तिन्को को छ सिकाउने थरि-थरी ❀ विद्या र संरक्षक ॥१३३॥
बाँधी सुग्रिव वीर, वायु-सुतको ❀ शेखी उतारीलिने
मेरो भाइ र वीर पुष्कल दुवै- ❀ लाई लताऱीदिने ।
मेरो झैं छ स्वरूप बाल दुइको ❀ भन्ने पनी सुन्दछु
जान्ने ती दुइ वीरको विषयमा ❀ इच्छा पनी गर्दछु ॥१३४॥
सारा अस्त्र र ज्ञानमा निपुण छन् ❀ षट्शास्त्र जान्ने पुरा
यो सानै वयमा हुनू निपुणता ❀ हो छक्क पर्ने कुरा ।
हे वाल्मीकि ऋषे ! बताउनुहवस् ❀ को हुन् दुवै बालक
सारा वर्णन गर्नुहोस् ति दुइका ❀ को छन् त्यहाँ रक्षक ॥१३५॥
यो आज्ञा प्रभुको सुनेर मुनिले ❀ हाँस्तै भने सादर
सोध्नूभो प्रभुले म भन्दछु सबै ❀ जाने-जती, ईश्वर !
मेरो आश्रममा कुमार दुइ छन् ❀ हो सत्य यो मान्दछु
तिन्को मिल्दछ रूप नाथसित यो ❀ भन्ने पनी जान्दछु ॥१३६॥
जस्को रूप लिएर जन्म हुनगो ❀ ती हुन् उनैका सुत
गर्दैनन् झगडा कदापि कहिले ❀ अन्यायमा क्वै-सित ।
त्यागनू गर्भवती सतीकन ठुलो ❀ कुन् न्याय हो नाथको
एक्ली छाडिदिनू लगेर वनमा ❀ यै भूपको न्याय हो ॥१३७॥
रोएको सहसा सुनेर कुटिमा ❀ डाकेर ल्याएँ अनि
भित्रै एक बनाइ आश्रम त्यहीं ❀ राखें खुशी थिन् तिनी ।
उन्को रक्षक रूपमा ति ऋषिका ❀ पत्नी र छोरी थिए
मैह्र पूर्ण भयो र मास दशमा ❀ जन्म्याह छोरा भए ॥१३८॥

जेठाको शुभ नाम हो कुश तथा ❀ हो पुत्र कान्छो लव
पूरा जान्न सकिन्न नाम गुणले ❀ तिन्लाइ हे राघव !
दोटै चन्द्रकला-समान दिनहुँ ❀ बढ्दै गए बालक
तिन्को जे जति कर्म हुन् गरिदिएँ ❀ मैले बनी रक्षक ॥१३९॥
विद्या चौध र शिल्पशास्त्र विकृती ❀ ती आठ षट्शास्त्र भो
विद्या मल्ल र इन्द्रजाल, धनुको ❀ शस्त्रास्त्र प्रत्येकको ।
ताल-ज्ञान र गानशास्त्र तबला ❀ बाजा मृदंगादिको
सत्रञ्जी र सितार जल्तरङ भो ❀ शिक्षा ति प्रत्येकको ॥१४०॥
तिन्लाई सब शास्त्रको दिइसकें ❀ शिक्षा त्यसै कारण
चुक्तैनन् तिनि तालमा र सुरमा ❀ पढ्छन् ति रामायण ।
थाल्छन् ती दुइ भाइ गाउन सँगै ❀ एकै मिलाई स्वर
हुन्छन् मोहित पक्षि जन्तु-सहितै ❀ प्रत्येक नारी नर ॥१४१॥
धेरै वर्ष सिके पनी नसिकिने ❀ मेरो थियो जो गुण
सारा खोसिसके भने पनि भयो ❀ व्यामोहको कारण ।
गंगाका तटमा बसेर ति दुवै ❀ भाई जसै गाउँछन्
सारा राग र रागिनी प्रकट भै ❀ आनन्दले नाच्दछन् ॥१४२॥
सूनें मध्यम षड्ज भेद स्वरको ❀ सन्तोष मान्दै गई
स्याबासी दुइ हात राखि शिरमा ❀ दीएँ म खूशी भई ।
सारा छत्तिस राग-रागिनि तथा ❀ सन्तान तिन्का सब
गर्दा गान-स्वरूप धारण गरी ❀ ती आउँछन् वास्तव ॥१४३॥
तिन्को उत्तम जो गला छ मधुरो ❀ तीखो र मीठो स्वर
सुन्नेको मन पग्लिइन्छ सहजै ❀ पक्रीलिँदामा घर ।
हे राजन् ! जब बस्तछन् दुइ जना ❀ छानेर राम्रो वन
गाऊँछन् अवरोहणादि सहितै ❀ प्रत्येक आरोहण ॥१४४॥

गाए गान मिलाइ तान दुइले ❀ चर्को निकाली स्वर
मीठो तान विभावरी नगरिमा ❀ पुग्दो भयो आखिर ।
तिन्को शब्द सुनी स्वयं गरुडले ❀ स्याबासि धेरै दिए
आफ्ना साथ लिई कुमार ति दुवै ❀ आनन्दले फर्किए ॥१४५॥
राखे आदरले ठुलो महलमा ❀ तिन्को गरी स्वागत
आए सुन्न भनी स्वयं वरुणजी ❀ द्यौता अनेकौं-सित ।
सारा सुन्न बसे वरी-परि त्यहाँ ❀ थाले दुवै गाउन
श्रीरामायण-गान वीर दुइले ❀ गाए खुशी भैकन ॥१४६॥
सारा मोह भए सुनेर स्वर त्यो ❀ पग्लेछ तिन्को मन
तिन्को चेत रहेन गान सुनि त्यो ❀ गन्धर्व, ज्ञानी जन ।
गानाको रस पाइ उत्तम सुधा ❀ नै तुच्छ ठाने त्यहाँ
तिन्को तृप्ति भएनथ्यो वरुणले ❀ रोकीलिए छिन्महाँ ॥१४७॥
आएनन् किन ती भनी जब पुगें ❀ देखे वरुण्ले अनि
सोधे आदरले सुपूजन गरी ❀ को हुन् दुवै यी भनी ।
सीताका सुत हुन् जसै भनिदिएँ ❀ आनन्द मानीकन
तिन्को स्वागत बेसरी गरिदिए ❀ सन्तुष्ट भैगो मन ॥१४८॥
धेरै द्रव्य अनेक वस्त्र गहना ❀ तिन्ले चढाईदिए
द्यौताबाट मिल्यो भनेर मतिरै ❀ हेरेर सारा लिए ।
सीता-खातिर ती गुणी वरुणले ❀ भन्थे प्रभू राममा
मेरो बिन्ति चढाउनू हजुरले ❀ उन्को परी पाउमा ॥१४९॥
जो छन् शुद्ध पवित्र शील गुणकी ❀ खानी सती उत्तम
ती छन् श्रेष्ठ पतिव्रता जनककी ❀ छोरी ति सीताकन ।
त्याग्नू योग्य कदापि छैन प्रभुले ❀ हानी छ भुल्नू पनि
सीता सिद्धि हजूरकी अचल छन् ❀ बस्ने ति दासी बनी ॥१५०॥

सीताको महिमा त नीच मतिको ❀ जान्दैन पापिष्ठले
त्यस्ताको सुनि बात हानि प्रभुको ❀ क्यै हुन्न त्यो दोषले ।
तिन्को दोष कुनै म देख्दिनँ बरू ❀ छन् ती सती निर्मल
साक्षात् अमृत रूप शील गुणकी ❀ खानी अती उज्वल ॥१५१॥
हुन् ती स्वर्ग र मोक्ष दान तपकी ❀ खानी र साध्वी पनि
सीता हुन् सब साक्षिरूप जनकी ❀ कल्याणदात्री भनी ।
ब्रह्मा शम्भु र लोकपाल रचना ❀ गर्ने सती जानकी
स्वीकार्नु प्रभुले उचित् छ अहिले ❀ खानी ति हुन् ज्ञानकी ॥१५२॥
स्वामी तीन त्रिलोकका हजुर भै ❀ रानी ति सीता भइन्
यस्मा भेद हुँदैन गर्न प्रभुले ❀ साध्वी ति निर्दोष छन् ।
भूमीकी तिनि छोरि हुन् हजुरले ❀ जान्नू भएकै छ यो
जानी-जानि यसोरि त्याग्नु वनमा ❀ साह्रै नराम्रो भयो ॥१५३॥
हे वाल्मीकि मुने ! सबै भुवनका ❀ मालीकलाई पनि
सारा बिन्ति चढाउनू, वरुणले ❀ यो बात भन्थे भनी ।
सीताजी दुइ वीर पुत्रहरुकी ❀ माता र साध्वीकन
त्याग्नू ती सब लोकपालहरुले ❀ अन्याय मान्छन् भन ॥१५४॥
द्यौता दानव दैत्य सिद्ध सबले ❀ गन्धर्व विद्याधर
निक्कै लट्ठ भए कुमार दुइको ❀ गाना सुनी सुन्दर ।
गर्थे तारिफ बेसरी यिनि सरी ❀ छैनन् कुनै गायक
यिन्को गान गला तथा स्वर पनी ❀ छन् यी सबै लायक ॥१५५॥
हे बाबू कुश वीर, धीर लव छौ ❀ सर्वज्ञ छौ, श्रेष्ठ छौ
आशीर्वाद तथा दिएँ वर पनी ❀ हे बाबु ! विख्यात हौ ।
यौटै राम भनी तिनै भुवनमा ❀ प्रत्येकले मान्दथे
ऐह्रे तीन प्रधान राम हुनुभो ❀ सारा जगत् मान्दथे ॥१५६॥

धरै छन् प्रभुका चरित्र भवमा ❀ सत्कीर्ति फैलाउने
यौटा निन्दित कर्म जो हुन गयो ❀ सीताजि त्यागीदिने ।
भन्दै छन् लवको र वीर कुशको ❀ प्राणीहरूले जय
जस्का छन् शुभ कर्म हुन्न कहिल्यै ❀ त्यो कर्मको क्यै क्षय ॥१५७॥
ती सर्वज्ञ स्वयं प्रभूकन भयो ❀ संकोच के कारण
बिर्सी ती अघिका कुराहरु सबै ❀ ल्याऊन् सिताजीकन ।
गर्नूपर्छ गृहस्थ-धर्म जनले ❀ आनन्दले पालन
स्वीकार्नोस् गुण शील-युक्त सुत ती ❀ तत्काल डाकीकन ॥१५८॥
आउन्नन् जननी त्यजेर सहसा ❀ डाके पनी ती यहाँ
ती तीनै जनलाइ डाकिलिनुहोस् ❀ खूशी भई मन्महाँ ।
सेना ध्वस्त गरी अघी समरमा ❀ भाई भतीजाकन
सीताले सहसा पुगीकन सबै- ❀ लाई दिइन् जीवन ॥१५९॥
यस्ले स्पष्ट भयो पवित्र रहिछन् ❀ सीता त्यसै कारण
पातिव्रत्य रहेछ श्रेष्ठ र मिल्यो ❀ ती सैन्यको जीवन ।
भन्दै छन् पुरका प्रजा सुजनले ❀ सीता सती झैं अरू
छैनन् कोहि पतिव्रता पृथिविमा ❀ ज्ञानी र जान्नेहरू ॥१६०॥
सीता शुद्ध भए अवश्य प्रभुले ❀ राख्थे खुशीले घर
शंका केहि रहेछ शेष अनि पो ❀ छाडे वनैमा पर ।
गर्नेछन् दुनियाँ अनेक थरिका ❀ चर्चा त्यसै कारण
गर्नूपर्छ सपत्नि भैकन ठुलो ❀ साम्राज्यको शासन ॥१६१॥
यस्तो अर्ति सुनी प्रणाम प्रभुले ❀ वाल्मीकिलाई गरे
जानूभो मुनिजी अनी थरि-थरी ❀ चिन्ता अगाडी सरे ।
डाकी लक्ष्मणलाइ त्यै बखतमा ❀ आज्ञा दिए रामले
बाबू ! जाउ तिमी सुमन्त्र सँगमा ❀ हावा सरी वेगले ॥१६२॥

सीतालाइ बुझाइ पुत्र-सहितै ❀ ल्याऊ यहाँ सादर
यस्मा हुन्न विलम्ब गर्नु अथवा ❀ मान्नू कसैको डर ।
बोले लक्ष्मण-जान्छु जान त छिटै ❀ भन्छू बुझाई, तर
मानीनन् जननी भने गरुँ कसो ❀ यस्को दिनोस् उत्तर ॥१६३॥
त्यस्को उत्तरमा नबोलिकन क्यै ❀ श्रीराम उठ्नूभयो
जाँदा लक्ष्मणजी तुरुन्त रथ त्यो ❀ हावा-गतीले गयो ।
बस्छू नित्य म रामका चरणमा ❀ भन्ने बुझी कारण
क्रोधित् छन् कि मदेखि भित्र जननी ❀ यस्तै गरी चिन्तन ॥१६४॥
यस्तै तर्कहरू गरेर मनमा ❀ पौंचे कुटीमा जब
ओर्ली त्यो रथबाट केहि पर नै ❀ ढोगीदिएथे तब ।
हे माता ! प्रभुकी सदा प्रियतमा ❀ गर्दै यि सम्बोधन
राखेथे शिर पाउमा जननिका ❀ संकोच मानीकन ॥१६५॥
सीताले सहसा भनिन् कर दुवै ❀ पक्री उठाईकन
मेरा देवर ! रामका प्रिय तिमी ❀ के गर्न आयौ भन ?
देख्दामा तिमिलाइ आज किन हो ❀ शंकित् छ मेरो मन
तिम्रो यो अनुहारमा पनि निकै ❀ देख्छू अशान्ती किन ॥१६६॥
कौसल्या अनि रामको कुशल के ❀ कस्तो छ दर्बारमा ?
ती शत्रुघ्न र भाइ ती भरतको ❀ सञ्झै छ की देहमा ?
मानी त्यो अपकीर्तिको डर अघी ❀ त्यागछू म सीता भनी
छाड्ने यो वनमा स्वयं तिमि थियौ ❀ बिर्सीसक्यौ त्यो पनि ॥१६७॥
उस्तै छन् कि मदेखि क्रोधित अझै ❀ माफी मलाई दिए
आफ्नू ठान्नु हुँदैन भूपकन यो ❀ नीती छ जानीलिए ।
फैलेको छ सुकीर्ति यो बखतमा ❀ श्रीरामको लोकमा
कीर्तीमा गुणमा त सिन्धु सरिका ❀ ठान्छन् सबै विश्वमा ॥१६८॥

सत्कीर्ती प्रभुकी प्रिया बुझिलिनू ❀ कल्याणको कारण
उन्कै कीर्तिविषे अलीकति कतै ❀ मेरो छ सम्मिश्रण ।
त्यस्ता दीन-दयालु नाथकन क्यै ❀ त्यागदैन मेरो मन
उन्कै पाउविषे रमाउँछु सदा ❀ रात्री र सारा दिन ॥१६९॥
सोही कारणले रहन्छु प्रभुकै ❀ पाऊ परी साथमा
प्रीति बढ्छ परै बसे पनि, उती ❀ देखिन्न सामान्यमा ।
कीर्ती बढ्न गयो मलाइ वनमा ❀ फालेर श्रीरामको
यो-भन्दा प्रिय छैन केहि प्रभुको ❀ यो नित्य हो, सत्य हो ॥१७०॥
होलान् सासुहरू सबै महलमा ❀ सञ्चै सुबिस्ता-सित
यस्ता बात सुनेर लक्ष्मण भए ❀ क्यै बेर मर्माहत ।
लागे भन्न बताउँछू महलको ❀ सञ्चो-बिसञ्चो अब
आरामै छ समस्त बन्धुजनमा ❀ आफ्नू पुरीमा सब ॥१७१॥
कौसल्या अनि कैकयी सब मिली ❀ भन्थिन् सुमित्रा पनि
सीता हुन् कुलकी वधू महलमा ❀ आऊन् खुशीले तिनी ।
आज्ञा भो प्रभुले मलाइ तिमिले ❀ निम्ता छ भन्नू अनि
ठूलो यज्ञ चलीरहेछ परमा ❀ सानन्द आऊन् तिनी ॥१७२॥
देहै मात्र उहाँ छ चित्त प्रभुको ❀ याहीं छ रातो-दिन
बस्नूहुन्छ हजूरको स्मरणमा ❀ साह्रै रुवाई मन ।
यो उद्यान र स्वच्छ आश्रम यहाँ ❀ श्री वाल्मिकीको छ जो
सीताजी त्यहिं बस्तछिन् सुत-सहित् ❀ यै हेतु त्यो धन्य हो ॥१७३॥
सम्झन्छन् दिन-रात राम प्रभुले ❀ माला फिराए सरि
प्रारब्धै बलियो भनी मनमनै ❀ सम्झाउँछन् राम्ररी ।
आँटैं हिड्न यता जसै प्रभुजिले ❀ आज्ञा भयो फेरि यो
सीतालाइ भनीदिनू जति कुरा ❀ भन्छू म एकेक त्यो ॥१७४॥

विश्वामित्रजिका गएर सँगमा ❀ त्यो ताडका राक्षसी
मार्नू मारिच फ्याक्नु सिन्धुतटमा ❀ माने सबैले खुशी ।
भाँच्नू त्यो शिवको धनू, पशुराम्- ❀ को शेखि झारीदिनु
कैकेयी विपरीत बन्नु, वनमा ❀ जानू पिताज्ञा हुनु ॥१७५॥
राजा मर्नु र भेटिनू ति हनुमान्, ❀ बाली त्यहीँ मारिनु
तर्नू क्षारसमुद्र, रावण लडी ❀ मार्नू र संग्राममा ।
भालू बाँदर नै सहायक हुनू ❀ फिर्नू जिती युद्धमा
लंकाबाट गई हुनू तिलक-औ ❀ बन्नू अयोध्यापति ॥१७६॥
तिम्रै पुण्य-प्रतापले सब भयो ❀ मैले गरें जो जति
तस्मात् आउ तिमी ठुलो महलमा ❀ त्यागी त्यहाँको वन ।
छौ प्यारी ! बहुतै पवित्र मनकी ❀ क्यै दोष लाग्यो भनी
हो यो दैवगती विचार गरिल्यौ ❀ जाने नजाने पनि ॥१७७॥
आएको सुख-दुःख भोग्नु जनको ❀ कर्तव्य हो मान्दछु
हाम्रो प्रीति बढाउने स्थिति सदा ❀ राम्रो भनी जान्दछु ।
आफ्ना पुत्र दुवै लिएर सँगमा ❀ आऊ ठुलो यज्ञमा
तिम्रो कीर्ति ठुलो हुनेछ यसरी ❀ फैलेर संसारमा ॥१७८॥
तिम्रो यो अनुपस्थिती हुन गई ❀ साह्रै अँध्यारो भयो
आए झट्ट तिमी र उज्वल सबै ❀ पारे विपत्ती छ जो ।
हे सीते ! तिमि हामि शुद्ध मनका ❀ निर्दोष छौँ तापनि
बढ्दा मोह तथा अहं हृदयमा ❀ नाशिन्छ चाँडै भनी ॥१७९॥
ठूलो कीर्ति छ लोकमा बुझ तिमी ❀ हामी दुवै व्यक्तिको
ठूलो वंश र कर्ममा रस बढी ❀ पाइन्छ यो सत्य हो ।
हे भौजू ! अघि, आउने बखतमा ❀ आज्ञा भयो रामले
भन्नू यो तिमिले पुगेर कुटिमा ❀ एकेक विस्तारले ॥१८०॥

आँखामा जल पूर्ण पारि प्रभुले ❀ आज्ञा भएको जति
मैले बिन्ति गरीसकें अब अरू ❀ मैले भनूँ के कति ।
ल्याएको छु अनेक वस्त्र गहना ❀ चाहिन्छ जे-जे सब
पैह्री चढ्नुहवस् तुरुन्त रथमा ❀ जाऊँ पुरीमा अब ॥१८१॥
सीताले यति प्रार्थना सुनिसकी ❀ बोलिन् ति हे लक्ष्मण !
फैलेको जति जे छ कीर्ति प्रभुको ❀ त्यस्मा विना-कारण ।
बाधा पार्न मलाइ छैन मनमा ❀ इच्छा कुनै बातको
आफ्नू कीर्ति बढाउने पनि कुरा ❀ भन्दीनँ यो सत्य हो ॥१८२॥
हुन्छन् भूपहरू निरंकुश निकै ❀ पत्यार यो मान्दिनँ
छैनौ आफु तिमी स्वतन्त्र कसरी ❀ जाऊँ त्यहाँ लौ भन ।
स्वामीको यदि दोष केहि छ भने ❀ त्यो छोप्नछन् पत्तिले
मैले भन्नु हुँदैन बात सहसा ❀ ऐह्ले त्यसै हेतुले ॥१८३॥
जस्तो रूप अघी जनक्पुरमहाँ ❀ देखीलिएँ रामको
सोही रूप छ यो दुखी हृदयमा ❀ फालेर फालिन्न त्यो ।
जन्मेका प्रभुको सुअंश लिइ जो ❀ मेरा दुवै छन् सुत
पूरा छन् सब अस्त्र-शस्त्रहरुमा ❀ एकेक पारंगत ॥१८४॥
लैजाऊ दुइ पुत्रलाइ प्रभुका ❀ राखीदिनू काखमा
बस्नेछू म यहीं रहुन् सुत दुवै ❀ श्रीरामका साथमा ।
ती सासूहरुको प्रणाम पदमा ❀ बिन्ती चढाईदिनू
जो-जो छन् घरमा सबैकन उता ❀ सञ्चै छ यो भन्दिनू ॥१८५॥
यस्ता बात भनेर पुत्र ति दुवै ❀ डाकी भनिन् प्रेमले
डाकेछन् तिमिलाइ वाल्मिकिजिले ❀ जाओ दुवै हर्षले ।
जानूपर्छ अवश्य लक्ष्मण-सितै ❀ आफ्नू अयोध्यापुरी
यस्ता बात सुनी हिडे खुशि हुँदै ❀ पूरा तयारी गरी ॥१८६॥

जाने आफ्नु निधो नगर्न सकि ती ❀ राम्रो कुटीमै रहिन्
सम्झीदै रघुनाथलाइ मनले ❀ चिन्ताविषे गाडिइन्।
दोटै पुत्र लिएर लक्ष्मण पुगे ❀ चाँडै अयोध्या अनि
जिम्मा वाल्मिकिको दिए सुत दुवै ❀ बस्नू यहीं नै भनी ॥१८७॥
पौंचे लक्ष्मण रामका हजुरमा ❀ जे-जे भयो त्यो कुरा
त्यो विस्तार गरे प्रभू-चरणमा ❀ यौटा नबिर्सी पुरा।
केही बेर गरी विचार मनमा ❀ बोले ति हे लक्ष्मण!
फेरी जाउ तिमी बुझाउनु सबै ❀ भन्छू म जे गन्थन ॥१८८॥
हे सीते! तिमि गर्दछ्यौ त्यहिँ बसी ❀ एक्लै तपस्या किन?
त्यस्को क्यै फल हुन्न प्राप्त खुशिले ❀ मैले भनेको सुन।
नारीको तप दान तीर्थ व्रत ती ❀ हुन्छन् उसैका पति
तस्मात् आउ छिटै, सँगै यहिँ बसौं ❀ आनन्द मानी अति ॥१८९॥
ठूलो यज्ञ छ अड्कियो तिमि-विना ❀ एक्लै नहूने भयो
मैले डाकिलिँदा नआउनु यहाँ ❀ बाधा ठुलो के पर्‍यो।
मैले जाउ भनी दिएपछि बिदा ❀ आनन्द मानी गयौ
भन्दै छू अब आउ झट्ट तपनी ❀ के कामले रोकियौ ॥१९०॥
पूजा ती ऋषि-पत्निको गरि छिटै ❀ फिर्ने प्रतिज्ञा थियो
आईनौ तर सोह्र वर्ष बितिगो ❀ आश्चर्य ठूलो भयो।
स्त्रीले जे जति गर्दछन् ति पतिको ❀ कल्याणको खातिर
खूशी छू म भने, त्यहाँ बसि तिमी ❀ के गर्न छौ तत्पर ॥१९१॥
आज्ञा दिन्छु तुरुन्त आउ घरमा ❀ शंका नमानीकन
मैले जो अहिले भनें सब कुरा ❀ भन्नू गई लक्ष्मण।
आज्ञाले रघुनाथको वन गए ❀ सीताजि फर्काउन
गर्थे तर्कहरू अनेक थरिका ❀ बाटोभरी लक्ष्मण ॥१९२॥

ज्ञानी वाल्मिकिले कुमार ति दुवै ❀ आफ्नू लिई साथमा
हुन्थ्यो यज्ञ जहाँ पुगे तिनिहरू ❀ श्री सर्युको तीरमा ।
यौटै राम थिए त्रिमूर्ति अहिले ❀ प्रत्यक्ष नै देखिए
यस्तो अद्भुत देखि लोकहरुले ❀ आश्चर्य मान्दा भए ॥१९३॥
वाल्मीकि मुनिले कुमार दुइमा ❀ संकेत केही दिए
भाई ती लवले मृदङ्ग करमा ❀ आनन्दले पक्रिए ।
वीणा लीकन त्यो सहर्ष कुशले ❀ सातै मिलाई स्वर
थालेथे जब त्यो बजाउन तिनी ❀ अत्यन्त नै सुन्दर ॥१९४॥
सारा मोह भए सुनेर ध्वनि त्यो ❀ जो-जो थिए दर्शक
आँखाबाट ति मोति झैं जल गिरे ❀ गाना सुनी मोहक ।
धेरै वाद्यहरू लिई अरु पनी ❀ नाचेर गाए जब
सारा जन्तु मनुष्य पक्षि वनमा ❀ झन् लट्टिएथे सब ॥१९५॥
श्रीवात्स्यायनले सुध्याउनुभयो ❀ श्री शेषलाई अनि
यो रामायणको भएछ रचना ❀ के हेतु कैह्ले भनी ।
लागे भन्न बुझाइ शेष प्रभुले ❀ हे विज्ञ वात्स्यायन !
श्रीरामायणको म भन्छु रचना ❀ संक्षेपमा लौ सुन ॥१९६॥
वाल्मीकि मुनिजी कुनै समयमा ❀ वन्मा गएका थिए
त्याहाँ वृक्ष लता अनेक थरिका ❀ जङ्गल्महाँ देखिए ।
जोडी एक त्यहीँ कन्याङ्कुरुङ्का ❀ खेल्दै थिए वृक्षमा
व्याधाले शर छाडि मारिन गयो ❀ भाले त्यही ठाउँमा ॥१९७॥
पोथी दीन मलीन हीन भइ जो ❀ रोई असाध्यै जब
वाल्मीकि मुनिले लिई जल त्यहीं ❀ बोले रिसाई तब ।
हे व्याधा ! तिमिले वृथा गरिदियौ ❀ हत्या, त्यसै कारण
कीर्ती नष्ट हुनेछ औ नरकमा ❀ बित्नेछ धेरै दिन ॥१९८॥

निस्केथ्यो मुखबाट वाल्मिकिजिको ❀ जुन् श्लोक त्यै स्थानमा
भारद्वाज मुनी उपस्थित भए ❀ ताहीँ कुनै काममा ।
बोले श्लोक सरस्वती खुशि हुने ❀ निस्क्यो अकस्मात् यहाँ
त्यो सुन्दा मुनि वाल्मिकी खुशि भए ❀ आफ्नू दुखी मन्महाँ ॥१९॥
ब्रह्मा आइ दिए त्यहीँ वर सबै ❀ होला सुसिद्धी भनी
तिम्रो कीर्ति हुनेछ कल्पतक यो ❀ नाशिन्न कैहल्यै पनि ।
बोल्यौ उत्तम 'मा निषाद' तिमिले ❀ रच्ने [illegible] सारदा
यस्ले कीर्ति तथा ठुलो सुख पनी ❀ [illegible] सदा-सर्वदा ॥१॥
श्रीरामायणको समस्त रचना ❀ शंका नमानी गर
कीर्ती फैलिइ शुद्ध निर्मल भई ❀ जानेछ चारैतिर ।
पापीले पनि यो सुने यदि पढे ❀ तर्छन् अवश्यै पनि
यस्तो अर्ति दिई अदृश्य हुनुभो ❀ ब्रह्मा दयालू बनी ॥११॥
त्यो रामायणको गरौँ म रचना ❀ ऐल्हे यहाँ के गरी
यो शंका हुनगो र राम प्रभुले ❀ दर्शन् दिए त्यै घरि ।
पाएथे रघुनाथको र विधिको ❀ सद्बुद्धि खुल्ने वर
श्रीरामायण सात काण्ड रचना ❀ तिन्ले गरे सादर ॥१२॥
पैह्लो उत्तम बालकाण्ड र अयो- ❀ ध्याकाण्ड, आरण्य र
किष्किन्धा अनि काण्ड सुन्दर पछी ❀ हो युद्ध औ उत्तर ।
वाल्मीकि ऋषिको सुरम्य रचना ❀ भन्ने र सुन्ने पनि
जान्छन् मुक्त भएर स्वर्गपुरिमा ❀ बस्छन् ति पार्षद् बनी ॥१३॥
भन्दै छू अब सात काण्डहरुको ❀ सारांश संक्षेपमा
विश्वामित्र पुगेर भाइ ति दुवै ❀ मागी लगे साथमा ।
सीताराम विवाह भो, परशुराम् ❀ हारे सबै बातमा
फर्केथे सब ती सहर्ष पुरिमा ❀ सानन्द उत्साहमा ॥१४॥

सीता राम बसे ठुलो महलमा ❀ आनन्दले क्यै दिन
कैकेयी विपरीत भै वन गए ❀ सीता लिई लक्ष्मण ।
राजा मर्नु तथा सुनी भरतले ❀ पौंचेर फर्काउन
नन्दीग्राम बसे खराउ लिइ ती ❀ गर्दा भए शासन ॥१५॥
भो आरम्भ अरण्यकाण्ड त्यहिं नै ❀ पूरा अयोध्या भयो
गर्दा चाकरि विज्ञको सुजनको ❀ क्यै काल त्यस्मा गयो ।
पौंचे पञ्चवटी डुले वनवनै ❀ तीनै जना तीं अनि
पारे शूर्पणखा बुची अनि बुची ❀ भागी बनी दुःखिनी ॥१६॥
मारेथे खर-दूषणादि वनमै ❀ मारीचलाई जब
सीतालाइ हरेर रावण गयो ❀ लंकापुरीमा तब ।
तारे भक्त कबन्धलाइ र पुगे ❀ श्रीराम पंपापुरी
भेटेथे हनुमानलाइ सकियो ❀ आरण्य राम्रो गरी ॥१७॥
मैत्री सुग्रिव साथमा हुनगयो ❀ साक्षी गरी अग्निको
बाली मारि रजाइँ मित्रकन त्यो ❀ आनन्दले बक्सियो ।
गर्नू पर्वतको अनेक ऋतुको ❀ विस्तारले भर्मण
सम्झाए पुरमा गएर क्रमले ❀ सुग्रीव योद्धाकन ॥१८॥
सीता खोज्न भनी सबैतिर छिटे ❀ सेना पठाईदिए
पौंचेथे जब सिन्धुको तट त्यहीं ❀ सम्पातिजी भेटिए ।
किष्किन्धा सकियो र काण्ड शुरु भो ❀ विस्तारले सुन्दर
कस्ले सक्तछ सिन्धु तर्न भनि यो ❀ चर्चा चलेथ्यो, तर ॥१९॥
पौंचे सिन्धु तरेर वीर हनुमान् ❀ लंकापुरीमा अनि
जाँदा भित्र लुकेर बीच पथमै ❀ देखा परी लंकिनी ।
भेटेथे पहिले विभीषण, भयो ❀ सीताजिको दर्शन
मारे अक्षकुमारलाइ र पर्‍यो ❀ ब्रह्मास्त्रको बन्धन ॥११०॥

लंका ध्वस्त गराइ वायु-गतिले ❀ फर्के ति वायू-सुत
बिन्ती श्रीरघुनाथमा गरिदिए ❀ एकेक राम्रो-सित ।
सेना सागरको पुगेर तटमा ❀ बाँधे बलीयो पुल
ज्ञाता त्यो पुल बाँध्न वानर थिए ❀ ती नील अर्को नल ॥११॥
पूरा 'सुन्दर' भो र युद्ध शुरु भो ❀ संग्राम त्यो मच्चियो
मर्‍यो रावण कुम्भकर्ण रणमा ❀ भो भेट सीताजिको ।
सातौं उत्तरकाण्डमा हुन गयो ❀ संवाद वाल्मीकिको
घोडा छाडनु यज्ञ गर्नु पथमा ❀ संग्राम भूपालको ॥१२॥
यो रामायण पाठ गर्छ जन जो ❀ श्रद्धा र भक्तीसित
त्यस्को पाप सखाप हुन्छ, अरुको ❀ गर्ला सबैको हित ।
भन्नूभो सब यो कथा सुख दिने ❀ संक्षेपमा शेषले
त्यो वात्स्यायनले यथाक्रम सुने ❀ श्रद्धा तथा भक्तिले ॥१३॥
हे वात्स्यायन ! फेरि वायु-गतिले ❀ पुग्दा भए लक्ष्मण
ढोगे पाउ परेर दण्डसरिको ❀ लामू तुल्याई तन ।
बोले हे जननी ! म फेरि पदमा ❀ आएँ हुकुम्ले गरी
आज्ञा भो प्रभुले विलम्ब नगरी ❀ जाऊँ छिटै यै घरि ॥१४॥
मैले बात जती भनें सब कुरा ❀ विस्तार पैह्ले गर
जाँदै जान्नँ भनी अडिन् यदि भने ❀ बिन्ती गरे सादर ।
यस्तै बात अरू पनी प्रभुजिका ❀ तिन्ले सुनाए जब
बोलिन् चित्त बुझी तिनी मनमनै ❀ हे राम ! हे राघव ! ॥१५॥
ल्याएका गहना र सारि खुशिले ❀ एकेक पैह्रीलिइन्
आफ्ना ती सँगिनीहरूसित बिदा ❀ तत्काल माग्दीभइन् ।
ल्याएको रथमा चढी जनकजा ❀ लागिन् अयोध्यातिर
पौंचिन् क्यै छिनमै उड़े सरि गरी ❀ ओर्लिन् भई सुस्थिर ॥१६॥

सीताले रघुनाथका चरणमा ❀ ढोगिन् झुकाई शिर
पक्री बाहुलिमा उठाउनुभयो ❀ श्रीराम भै तत्पर ।
तिम्रा साथ बसेर श्रेष्ठ मख यो ❀ गर्छु म पूरा अब
आज्ञा गर्नुभयो प्रसन्न मनले ❀ सीते ! भनी राघव ॥११७॥
कौसल्या जननी भनी चरणमा ❀ ढोगिन् सिताले जब
सींता आइपुगिन् भनी महलमा ❀ आनन्द मानिन् तब ।
सीताजी दुइ पुत्र लीकन गिरिन् ❀ कैकेयिका पाउमा
आशीर्वाद दिइन् प्रसन्न मनले ❀ हातै धरी माथमा ॥११८॥
सीताले दुइ पाउमा विनयले ❀ ढोगिन् सुमित्राकन
आशीर्वाद दिइन् बनून् सुतहरू ❀ धेरै अती सज्जन ।
सीताजी गुरु श्रीवसिष्ठ मुनिको ❀ पुग्दी भइन् सामुमा
मूर्ती जानकिको हटाइ सुनको ❀ राखे सितै लौ त्यहाँ ॥११९॥
पैह्ले यज्ञ गरे ठुलो मरुतले ❀ भाँडा सुनैका थिए
पाएको धन दान बोक्न नसकी ❀ विप्रादिले फाल्दिए ।
ल्याई त्यै धननै कती नृपतिले ❀ याग् राजसूयै गरे
त्यो-भन्दा हयमेधमा प्रभुजिले ❀ सम्पत्ति धेरै धरे ॥१२०॥
मुद्रा जो सुनका थिए ढुकुटिमा ❀ गन्नै नसक्ने गरी
बाँड्नूभो रघुनाथले खुशि भई ❀ पानी परेझैं छरी ।
पाए दीन दरिद्र हीन जनले ❀ इच्छा गरेझैं धन
नाना रत्न सुर्वण वस्त्र धन भो ❀ मिष्ठान्नको भोजन ॥१२१॥
पाए इच्छित वस्तु त्यो बखतमा ❀ हर्षित् भएथे जन
कम्ती केहि भएन श्रेष्ठ मखमा ❀ बढ्दै गयो झन् धन ।
जो-जो दान पुराण शास्त्रहरुले ❀ निश्चित् गरेका थिए
त्यस्को दोबर पारि राम प्रभुले ❀ सानन्द बाँड्दा भए ॥१२२॥

त्यै वेला गुरुले भने विनयले ❀ राजाहरू छन् जति
गाग्रोमा सुनका सपत्निक भई ❀ शंका नमानी रति ।
ल्याऊन् शुद्ध पवित्र स्वच्छ जल लौ ❀ स्नानादिका खातिर
सुन्नासाथ भए सबै नरपती ❀ त्यै काममा तत्पर ॥१२३॥
ल्याए भूपहरू गएर सरयू- ❀ को स्वच्छ पानी जब
घोडालाइ गराइ स्नान गुरुले ❀ तैयार पारे तब ।
घोडालाइ तुरुन्त धाप दिनुभो ❀ श्रीरामले पीठमा
सुम्पेथे तरबार शीघ्र गरुले ❀ श्रीरामको हातमा ॥१२४॥
घोडाको बलिदान दीकन झिकी ❀ बोसो दिने आहुति
यै हो अन्तिम कार्य शेष अब त्यै ❀ गर्नूहवस् सद्मति !
त्यै बेला हय-देह त्यागि सहसा ❀ त्यो देवता झैं भयो
पैह्री उत्तम वस्त्र रत्न गहना ❀ त्यो स्वर्गमा नै गयो ॥१२५॥
सेवामा खुद अप्सरा-गणहरू ❀ देखेर यो के भनी
सोध्नूभो रघुनाथले उसँग यो ❀ केही नजान्ने बनी ।
पैह्ले जन्म हुँदा थियौ तिमि कहाँ ❀ यो जन्म पायौ किन ?
जाँदै छौ अहिले कहाँ गर सबै ❀ यो बातको वर्णन ॥१२६॥
बोले ती-प्रभुलाइ ज्ञात छ सबै ❀ सर्वज्ञ हे राघव !
सोध्नूभो प्रभुले म भन्दछु प्रभो ❀ संक्षेपमा त्यो सब ।
पैह्ले जन्म हुँदा म ब्राह्मण थिएँ ❀ सद्धर्मको रक्षक
गंगाका तटमा बसेर दिनहूँ ❀ ठग्थें म द्रव्यादिक ॥१२७॥
ज्ञानी हूँ म भनेर घोर छलले ❀ आजीविका गर्दथें
गर्थें आर्जन पापको दिनदिनै ❀ आनन्द नै मान्दथें ।
दुर्वासा ऋषि क्रोधमूर्ति सहसा ❀ आए र कोही दिन
मैले गर्न सकीनँ स्वागत कुनै ❀ मन्मा अहं भैकन ॥१२८॥

मेरा कृत्य जती थिए दिनहुँका ❀ प्रत्येक देख्दै थिए
केही बेर नबोलि भित्र मनमा ❀ क्रोधित् निकै देखिए ।
तेरो जो छ चरित्र घोर कपटी ❀ देखेँ र जानेँ पनि
ऐल्हे जा पशु-जन्म धारण गरेस् ❀ हो श्राप मेरो भनी ॥१२९॥
मागेँ माफ डरी, परी चरणमा ❀ ब्रह्मन् ! बिराएँ भनी
दुर्वासा ऋषिले भने त्यति सुनी ❀ केही दयालू बनी ।
घोडा भैकन श्यामकर्ण तँ रहेस् ❀ ठूलो तबेलामहाँ
गर्नेछन् हय-मेध राम प्रभुले ❀ नै धाप मार्नन् त्यहाँ ॥१३०॥
तेरो मुक्ति हुनेछ, स्वर्गपुरिमा ❀ जालास् बुझीले अब
अर्को छैन उपाय यो विषयमा ❀ मैले बताएँ सब ।
जान्छू स्वर्गपुरी म मोचन गरी ❀ त्यो श्रापको हे प्रभो !
गर्दै छू म प्रदक्षिणा हजुरको ❀ माफी मिलोस् हे विभो ! ॥१३१॥
देखेथे सबले चरित्र प्रभुको ❀ अत्यन्त हर्षित् भए
पाऊमा रघुनाथको परि-परी ❀ जैकार गर्दै गए ।
सोध्नूभो गुरुलाइ राम प्रभुले ❀ घोडा गयो स्वर्गमा
के गर्ने हयमेध पूर्ण हुनको ❀ चिन्ता पऱ्यो चित्तमा ॥१३२॥
बोले-युक्ति छ अश्वको प्रतिनिधी ❀ कर्पूर हो भन्दछन्
ल्याई पूर्ण गरौँ त्यही मख, यही ❀ षट्शास्त्रले मान्दछन् ।
आज्ञाले गुरुको प्रभू खुशि भई ❀ कर्पूर जम्मा गरी
त्यस्कै आहुति देवताकन दिए ❀ वेदोक्तले राम्ररी ॥१३३॥
ब्रह्मा इन्द्र कुबेर औ वरुणजी ❀ श्रीशम्भु विष्णू अनि
पाए हव्य समस्त देवगणले ❀ हो भाग मेरो भनी ।
सारा ब्राह्मण देवता र अतिथी ❀ जो-जो बसेका थिए
भोको कोहि रहेन पंछि पशुमा ❀ सारा अघाईगए ॥१३४॥

पाए द्रव्य अनेक अश्व-मखका ❀ जो कार्यकर्ता थिए
धेरै सम्पति द्वारपाल-सहितै ❀ ऋत्विक्हरूमा दिए ।
लावा पुष्प अबीर वर्षण गरे ❀ आकाशमा देवले
जै-जैकार गरे कठोर स्वरमा ❀ नाचे कती हर्षले ॥१३५॥
आज्ञा भो रघुनाथलाइ गुरुले ❀ सेना र अन्यान्यको
यौटा कार्य छ शेष, स्नान अवभृथ् ❀ सीता तथा रामको ।
यो सुन्दा सबको खुशी मन भयो ❀ सेना-सहित् दौडिए
ठूलो भीड भयो म जान्छु पहिले ❀ भन्दै अगाडी गए ॥१३६॥
बाजा खूब बजाउँदै स्तुति पढी ❀ राजाहरू जो थिए
दौडे ती सरयूतिरै रथ चढी ❀ घोडा कुदाईलिए ।
गर्दा त्यो अभिषेक स्नान तनमा ❀ छीटा परे तापनि
त्यस्ले यज्ञ-समानको फल छिटै ❀ नै प्राप्त गर्ला भनी ॥१३७॥
गर्नूभो जब रामले त अवभृथ् ❀ त्यो स्नान जल्मा जब
जै-जै राम भनेर उच्च स्वरले ❀ भन्थे ति हे राघव !
यस्तो यो हयमेध राम प्रभुले ❀ गर्नूभएको थियो
सुन्नाले पनि पाप जान्छ तनको ❀ हो बात यो शास्त्रको ॥१३८॥
जस्तो त्यो हयमेघ राम प्रभुले ❀ सानन्द गर्नूभयो
त्यस्तो गर्न सकेन कोहि नृपले ❀ यो बात हो शास्त्रको ।
हे वात्स्यायन ! अश्वमेध मखको ❀ पूरा सुनाएँ कथा
यो-भन्दा अरु श्रेष्ठ छैन भवमा ❀ सम्पूर्ण हर्ने व्यथा ॥१३९॥

यो अश्वमेध मखको महिमा अपार
पाउन्न वर्णन गरे पनि कोहि पार ।
श्रीरामदेखि बढि शक्ति छ नाममा जो
सक्तैन बुझ्न सबले प्रभु-भक्ति जो हो ॥१४०॥

बुझ्नेछ जुन् पुरुषले बुझ सिद्ध त्यै हो
ज्ञानी तपी पृथिविमा पनि श्रेष्ठ त्यै हो ।
जो गर्दछन् तप बसीकन घोर वन्मा
तिन्को रहन्छ बलियो सित राम मन्मा ॥१४१॥
त्यो युद्धकाण्ड सकि वाल्मिकिजी बिसाए
सातौँ त काण्ड पछिका कविले मिसाए ।
यो आठवाँकन त शेषजिले बताए
भो आठकाण्ड सबले अनि पढ्न पाए ॥१४२॥
अध्यात्मरामायणको लेखियो सार भक्तिले ।
तनहूँ चुँदिबेसीको रम्याली भानुभक्तले ॥
उन्डाईस सये बीस साल विक्रमको हुँदा ।
आषाढ़मा लेखिसकेँ पढून् भक्तहरू सदा ॥

॥ इति आठकाण्ड रामायण समाप्त ॥

❀

सीताराम सीताराम सीताराम जय सीताराम :
सीताराम सीताराम सीताराम जय सीताराम :
रघुपति राघव राजाराम : पतित-पावन सीताराम :